## पूर्ण इजलास

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** पु.नि.नं. ०६७-NF-०००२, लेनदेन जालसाज, *मु.स. गर्ने दुर्गावती अग्रवाल खेरिया वि. गिरीराज कार्कीसमेत*

काशीरामले आफू र छोरा गोविन्दरामबीच २०३७ सालमा नै अंश वण्डा भै वेग्लावेग्लै बन्दव्यापार र व्यवहार गरी आएको र छोराले प्रतिवादीहरूसँग साझेदारी लकडीको कारोवार गरी आए तापनि त्यसमा आफ्नो कुनै सरोकार नरहेको भनी जिकीर लिएको पाइयो । वादीले उक्तबमोजिम दावी लिएको मिति २०३७।१२।९ को वण्डापत्रको लिखत राजिष्ट्रेशन पास हुन सकेको नदेखिँदा त्यसलाई कानूनअनुरूपको वण्डापत्रको मान्यता दिन नमिल्ने अवस्थामा काशीराम र गोविन्दराम एकासगोलमै बसी सगोलमै वन्द व्यापार र व्यवहार गरी आएका भनी मान्नुपर्ने हुन आउँछ । अंशवण्डाको १८ नं. ले मानो नछुट्टिई सगोलमै बसेको अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट बढेबढाएको सगोलको आर्जन सबै अंशियारलाई भाग लाग्ने ।

वादी काशीराम र निजको छोरा गोविन्दराम अग्रवाल एकासगोलका रही बन्दव्यापार गरिरहेका, प्रतिवादीहरू कृष्ण कार्की र गिरीराज कार्कीले वादी काशीरामसँग लिएको रकमसमेत लगानी गरी छोरा गोविन्दरामसँग पार्टनरसीपमा लकडीको कारोबार गरी आएका र वादीका छोरा गोविन्दरामसँग भएका पछिल्ला मितिका लिखतमा अघिको कारोवार र लेनदेनको सन्दर्भसमेत उल्लेख गरी पटकपटकको हिसाब किताब मिलान गरिएको भन्ने व्यहोरा उल्लेख भएको देखिएको अवस्थामा यस मुद्दामा विवादित रहेको मिति २०४७।५।१५ को लिखतलाई छुट्टै अस्तित्व रहेको लिखत भनी मान्न मिल्ने देखिएन । पछि भएका लिखतहरूमा अघिल्लो लिखतको व्यवहारलाई समेत खुलाई सम्पूर्ण हिसाब किताब मिलान गरिएको भन्ने व्यहोरा पारी कागज भएपछि अघिल्लो लिखतको अस्तित्व कायमै रही रहेको मान्न उचित र कानूनसंगत हुन नसक्ने ।

वादी प्रतिवादीहरूका बीचमा भएको मिति २०४७।५।१५ को लिखतको छुट्टै अस्तित्व कायम रहेको अवस्था देखिन नआएकाले यस अदालतबाट मिति २०६५।४।१४ मा दिइएको पुनरालोकनको निस्सासँग सहमत हुन नसकिने ।

इजलास अधिकृत : टीकाराम आचार्य
कम्प्युटर सेटिङ : विकेश गुरागाई
इति सवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

## विशेष इजलास

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६८-WS-००५२, उत्प्रेषणसमेत, *हुकुमसिंह थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ ले कुनै प्रकारको विदेशी मुद्रालाई नेपालभित्र ल्याउन, बाहिर लैजान वा बैंकिङ्ग कारोवारसमेत गर्न नपाउने गरी निषेध गर्ने गरी सूचना प्रकाशित गर्नसक्ने अधिकार नेपाल सरकारलाई दिएको छ भने दफा १२ ले नेपाल राष्ट्र बैंकलाई समेत सोही प्रकृतिको अधिकार प्रदान गरेको देखिएको छ। सोही अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले मिति २०५७।३।१२ मा सूचना प्रकाशित गरी भा.रू.५००।- दरका नोटको कारोवारमा लगाएको प्रतिवन्धलाई कानूनविपरीत भन्न मिलेन। साथै नेपाल राष्ट्र बैंकको मिति २०६३।१२।११ को परिपत्रबाट पनि भा.रू.५००।- र १०००।- दरका नोटहरू सटही वा कारोवार गर्न वा नेपालमा ल्याउन लैजानसमेत निषेधित गरेको अवस्थामा त्यस्ता निषेधित नोटहरू साथमा लिई हिँड्ने कार्य स्वयंमा कसूरजन्य कार्य भन्ने देखिन्छ। अतः सो कसूरमा अनुसन्धान र कारवाही गर्न अधिकारप्राप्त निकाय राजश्व अनुसन्धान विभागको महानिर्देशकले प्रचलित कानूनबमोजिम निवेदकसँग

धरौटी मागी मुद्दाको कारवाही गर्ने गरी भएको आदेशलाई कानूनविपरीत भन्न वा मान्न नसकिने ।
इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल मंसिर २८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा. न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६७-WS-००५६, उत्प्रेषण परमादेश, *तुयु डंगोल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सिद्धान्ततः संविधानप्रदत्त कुनै पनि मौलिक हक वा स्वतन्त्रता बन्देजरहित हुँदैनन् । निरपेक्ष हक वा स्वतन्त्रताको परिकल्पना गर्न पनि सकिँदैन । मौलिक हक वा स्वतन्त्रताकै रक्षाको लागि पनि त्यसको उपभोगमा केही सीमा वा बन्देजहरू निर्धारण गर्नु अपरिहार्य हुने कुरालाई स्वीकार गरिएको छ । संविधान स्वयं वा विधायिका निर्मित कानूनद्वारा त्यस्ता सीमा वा बन्देजहरू निर्धारण हुने ।

नागरिकले सम्पत्ति आर्जन गर्दा, भोग गर्दा, बेचबिखनलगायतका अन्य कारोबार गर्दा प्रचलित कानूनबमोजिम गर्नुपर्ने स्पष्ट संवैधानिक व्यवस्था भएकाले विधायिकी कानूनले यो हकको उपयोग र प्रचलनमा मुनासिब बन्देज लगाउन सक्ने वा नियमन गर्न सक्ने तथा कानूनको परिधिभित्र रहेर मात्र यो हकको उपभोग गर्न पाइने भन्ने देखिने ।

कुनै पनि कानूनी व्यवस्था असंवैधाानिक ठहर हुनका लागि त्यस्तो कानूनले संविधानप्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाएको वा अन्य कारणले संविधानसँग बाझिएको हुनुपर्छ । त्यस्तो कानून तर्कसङ्गत, विवेकपूर्ण र न्यायपूर्ण रहेको छैन भन्ने स्पष्ट देखिनु पर्छ । प्रस्तुत रिट निवेदनको सन्दर्भमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ१ तथा २६घ३ को कानूनी व्यवस्थाले मोही लागेको जग्गा बाँडफाँड गर्न निवेदन दिने तथा त्यस्ता निवेदनहरूको फछ्र्यौट गर्ने विषयमा समय सीमा निर्धारण गरी यस विषयलाई नियमित गरेको देखिन आउने ।

जमीनमा रहेको जग्गाधनी र मोहीको दोहोरो स्वामित्वको अन्त्य गरी मोही लगत कट्टा गर्ने र भूमिको उत्पादकत्वमा अभिवृद्धि गर्ने उद्देश्यले विधायिकाले गरेको व्यवस्थाले मोही हकको समाप्ति हुने वा कानूनबमोजिम मोहीलगत कट्टा नभएसम्म मोहीको हैसियतले जग्गा जोत्न नपाउने भन्ने किसिमले कुनै किसिमको वन्देज लगाएको देखिन नआउने ।

मोही नामसारी गर्नका लागि साधिकार निकाय भूमिसुधार कार्यालयमा निवेदन दिएकोमा त्यस्तो निवेदन दरपीठ गरिदिएको भए सोउपर प्रचलित कानूनवमोजिम पुनरावेदन अदालतमा पुनरावेदन दिनुपर्ने हुन्छ । सोबमोजिम वैकल्पिक उपचारको मार्ग हुँदाहुँदै त्यसको अबलम्बन नगरी यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर भएको प्रस्तुत रिट निवेदनबाट निर्णय हुन सक्ने अवस्था रहदैन । साथै प्रस्तुत रिटबाट तथ्य र प्रमाणको मूल्याङ्कन गरी मोही नामसारीका सम्वन्धमा निर्णय गर्ने स्थिति समेत नहुँने ।

जग्गा अधिग्रहण भई सकेपछि मोहीको हैसियतमा पाउने मुआव्जा दावी गरी यी निवेदक समेतले निवेदन दिएको कुरालाई लोप गरी जग्गा अधिग्रहण भएको कुरा आफूलाई जानकारी नै नभएको, जग्गाधनीले समेत जानकारी नदिएको भन्ने व्यहोरा रिट निवेदनमा उल्लेख गरी यस अदालतमा प्रवेश गरेको पाइँदा निवेदक सफा हात लिएर यस अदालतमा आएको भन्ने देखिन आएन । आफ्नो हक अधिकार हनन् भएको भनी उपचार माग्न अदालतमा निवेदन लिइ आउँदा भएको व्यहोरा स्पष्ट खुलाइ सफा हात लिएर प्रवेश गर्नु पर्नेमा सो मान्यताको विपरीत निवेदन दायर भएको देखिन आएको छ । साथै २०४२ सालमा जग्गा अधिग्रहण गर्ने निर्णय भएको र २०४७ सालमा मुआव्जा पाउनका लागि आफैले निवेदन दिएको स्थितिमा करिव २० वर्षको लामो अवधिपछि प्रस्तुत रिट निवेदन दायर गरेको पाइएकाले निवेदकले अनुचित विलम्व गरी निवेदन दिएको समेत देखिँदा भूमिसम्बन्धी छैठौ संशोधन अध्यादेश २०६२ ले

दफा २६घ१ मा संशोधन गरी जग्गा बाडफाँडका लागि नेपाल सरकारले सूचना प्रकाशन गरी तोकिएको म्यादभित्र निवेदन दिनुपर्ने कानूनी व्यवस्थाअनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद २०६३ चैत्र मसान्तसम्म तोकेको भनी मिति २०६३।२।२९ मा प्रकाशित सूचनाबमोजिमको अवधिभित्र जग्गा बाँडफाँड गरी पाउन निवेदन नदिई करिव चार वर्षपछि मिति २०६७।११।१२ मा यी निवेदकले भूमिसुधार कार्यालयमा निवेदन दिएको देखिँदा तोकिएको अवधि व्यतीत् गरी दिइएको त्यस्तो निवेदन दरपीठ गर्ने गरी भूमिसुधार कार्यालय काठमाडौंले गरेको निर्णय कानून विपरीतको भन्न सक्ने अवस्था नरहने ।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ१ र २६घ३ संशोधन गर्ने गरी जारी भएको भूमिसम्बन्धी छैठौं संशोधन अध्यादेश, २०६२ ले ऐनको रूप ग्रहण गर्न नसकी अध्यादेश निष्क्रिय हुँदा मोही लागेको जग्गा मोही र जग्गाधनीको बीचमा वाँडफाँडका लागि निवेदन दिने र जग्गा वाँडफाँड गरिदिनेबारेको संक्षिप्त हदम्यादको समाप्ति भैसकेको, त्यसले मोही लागेको जग्गामा रहेको द्वैध स्वामित्व अन्त्य गरी मोही लगत कट्टा गर्ने र भूमिको उत्पादकत्वमा अभिवृद्धि गर्ने ऐनको पुनित उद्देश्य हाँसिल हुनमा अवरोध आएको अवस्था नदेखिनुका साथै जग्गावाला र मोहीले आ-आफ्ना हकको जग्गा बाँडफाँड गरी लिनदिनको लागि निवेदन दिने र कारवाही गर्ने कार्यमा अवरोध आउँदा जग्गाधनी र मोहीबीचको समस्या यथावत् रहिरहने देखिएकाले मोही लागेको जग्गा मोही र जग्गाधनीको बीचमा वाँडफाँड गर्ने सम्वन्धमा दफा २६घ१ र २६घ३ मा भएको अवधि सम्बन्धमा नीतिगत निर्णय लिई उपयुक्त र व्यावहारिक व्यवस्था गर्नू भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : टीकाराम आचार्य

कम्प्युटर सेटिङ : विकेश गुरागाईं

इति संवत् २०६९ साल भदौ महिना १४ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको रिट नं. ०६७-WS-००५७, उत्प्रेषण परमादेश, *कृष्णमायाँ प्रजापति वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रि.नं. ०६९-WO-०६१२, परमादेश, *सेन्ट्रल मिडिया प्रा.लि. को तर्फबाट अधिकार प्राप्त गरी आफ्नो हकमा समेत नरेन्द्रकुमार कलवार वि. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत*

क्यासिनो सञ्चालन र इलेक्ट्रोनिक मेशिनमार्फत् मनोरञ्जन दिने गरी इजाजत लिनेहरूले तोकिएको शर्त कडाइका साथ पालना गरेको नदेखिएको यथार्थता दर्शाई कानून र कार्यविधि नबनाई क्यासिनो र इलेक्ट्रोनिक मेशिनका माध्यमबाट मनोरञ्जन गराउने खेलको इजाजत दिन नहुने भन्ने कुरा सार्वजनिक लेखा समितिको मिति २०६७।९।१३ को निर्णयमा औंल्याइएको र १५ दिनभित्र कार्यविधि बनाई लागू गर्न मिति २०६७।१०।१९ को निर्णयका आधारमा निर्देशनसमेत दिइएको पाइन्छ । सार्वजनिक लेखा समितिबाट भएका यी निर्णयहरूले निवेदक कम्पनी जस्ता इलेक्ट्रोनिक मेशिनका माध्यमबाट मनोरञ्जनात्मक व्यवसाय सञ्चालन गर्ने व्यवसायलाई नियमित गर्नका लागि निश्चित् कानूनी आधारको आवश्यकता रहेको भन्ने तथ्य उजागर गरेका छन् । तर पनि लामो समयसम्म त्यस्तो कार्यविधि बनाइएको पाईंदैन । फलतः व्यवसाय सञ्चालनका लागि तिर्नुपर्ने दैदस्तूरको विषयसमेत प्रशासनिक निर्णयमा आधारित हुन पुगेको पाइन्छ । कानूनबाट निश्चित् गरिनु पर्ने विषयलाई प्रशासनिक निर्णयका माध्यमद्वारा शर्तहरू बनाएर लागू गर्दा त्यस्तो निर्णयको वैधतामा जहिले पनि प्रश्न उठ्न सक्दछ । सम्बन्धित ऐनले तोकिएबमोजिम भनी उल्लेख गरेको अवस्थामा

नियमद्वारा नै तोकिनुपर्ने हुन्छ । प्रशासनिक निर्णयबाट निश्चित् गरिएका शर्तहरूले कहिल्यै पनि प्रत्यायोजित विधायनको सिद्धान्तअनुरूप बनेका नियमको हैसियत ग्रहण गर्न नसक्ने ।

समयको विकासक्रमसँगै पर्यटन व्यवसाय पनि विविधतापूर्ण बन्दै गएको छ । विश्वभरबाट आउने पर्यटकहरूको रूची र उनीहरूको आवश्यकता, आन्तरिक पर्यटनमा देखिएको जागरूकताले पनि पर्यटन व्यवसायलाई समय सुहाउँदो बनाउँदै जानुपर्ने । पर्यटन व्यवसायको प्रबर्द्धन गर्दा नेपालको कला, सँस्कृतिका साथै प्राकृतिक, ऐतिहासिक सम्पदाको जगेर्ना गर्नुपर्ने पक्ष एकातिर छ भने पर्यटनका माध्यमबाट समाजलाई विकृत र विश्रृङ्खलित हुनबाट जोगाउनु पर्ने चुनौती पनि उत्तिकै छ । के कस्ता सुविधाहरू बाह्य पर्यटकका लागि उपलब्ध गराउनु पर्ने र आन्तरिक पर्यटकको सुविधा र रूचीलाई के कुन किसिमबाट सम्बोधन गर्ने भन्ने कुरा राज्यको सम्बन्धित निकायले निर्क्योल गर्ने कुरा हुन् । ती विषयहरू न्यायिक निरूपणका विषय बन्न नसक्ने ।

ऐनले निश्चित कानून बनाएर नियमित गर्नु पर्ने भनी तोकिएका कुराहरूलाई नियमद्वारा नै अभिनिश्चित गरिनु पर्दछ, जसलाई प्रशासकीय निर्णयका माध्यमबाट तोकिने शर्तले प्रतिस्थापन गर्न सक्दैन । यदि प्रशासकीय निर्णयलाई नै नियमको विकल्पका रूपमा लामो समयसम्म अभ्यास गर्न खोजिन्छ भने त्यहाँ स्वेच्छाचारिताले प्रश्रय पाउने सम्भावना बढ्दै जाने ।

कुनै पनि पेशा व्यवसायलाई सम्बन्धित निकायको नियमन भन्दा बाहिर राखिएको हुँदैन । पेशा व्यवसायको मर्यादा र त्यसको सुव्यवस्थापनका लागि पनि कानूनले निश्चित् शर्तहरू तोकी त्यसबमोजिम भए नभएको सम्बन्धमा नियमन तथा अनुगमन गरिन्छ । यदि त्यस्तो विषयलाई प्रशासनिक निर्णयमा आधारित बनाउने हो भने त्यो जहिले पनि अनिश्चित् र स्वविवेकीय खटनको विषय बन्न जान्छ, जुन अपारदर्शी हुनुका साथै सुशासनको मान्यताप्रतिकूल हुने हुँदा त्यस्ता विषयमा कानूनद्वारा नै निश्चितता कायम गरिनु अपरिहार्य हुन्छ । कानूनद्वारा निश्चित् गरिनु पर्ने विषयलाई स्वविवेकीय र स्वेच्छाचारी ढंगले प्रशासनिक निर्णयको अधिन बनाउन खोजिएको अवस्थामा न्यायपालिकाले हस्तक्षेप गर्नुपर्ने र कानूनी राज्यको सार्थक प्रयोगका लागि कानूनअनुरूप क्रियाशील हुन राज्य संयन्त्रहरूलाई निर्देशित गर्नुपर्ने ।

निवेदक कम्पनीलाई विभिन्न १६ वटा शर्त राखी व्यवसाय सञ्चालनको अनुमति प्रदान गरिएको भए पनि त्यस्ता शर्तहरूको स्रोतको रूपमा कानून नभएर प्रशासनिक निर्णय रहेको छ । त्यसरी प्रशासनिक निर्णयका आधारमा मात्र व्यवसाय सञ्चालन गरिँदा त्यसको नियमन र अनुगमनको पक्ष अत्यन्त फितलो र स्वेच्छाचारी हुन जान्छ । कानून नै त्यस्तो माध्यम हो, जसले सेवा लिने, दिनेलाई मात्र होइन त्यसको नियमन अनुगमन गर्नेलाई पनि मार्गदर्शन गर्दछ । कानून उल्लङ्घन गर्नेलाई कानूनले तोकेबमोजिम नै कारबाही पनि गर्न सकिन्छ । तर प्रशासनिक निर्णयमा मात्र सीमित हुँदा त्यसले यति बृहत् दायरा ग्रहण गर्न सक्दैन । प्रशासनिक निर्णय आफैंमा कानून होइन, यस्तो निर्णयको आधार पनि कानून नै हुनुपर्ने हुँदा विवेचना गर्दा उठाइएका सम्पूर्ण पक्षहरू समेतलाई विचार गरी यो आदेश प्राप्त भएको मितिले ६ महिनाभित्र पर्यटन ऐन, २०३५ को दफा ४५क अनुसारको नियम तर्जुमा गरी लागू गर्नु र उक्त नियम नबन्दासम्म निवेदकले पाएको इजाजतपत्रको नवीकरण सम्बन्धमा सोही इजाजतपत्रमा तोकिएका शर्तहरूका आधारमा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्नु र नियम बनेपछि सोही नियममा उल्लेख भएबमोजिम गर्नु गराउनू भनी पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः- उमेश कोइराला

इति संबत् २०६९ साल फागुन ९ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रि.नं. ०६७-WO-०३४४, उत्प्रेषणसमेत, *मनकामना दर्शन प्रा.लि. को अख्तियारप्राप्त प्रवन्ध*

*सञ्चालक राजेशबाबु श्रेष्ठ वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयसमेत*

मनकामना दर्शन प्रा.लि. को विद्युत महसूल दर तालिकामा उल्लेख भएबमोजिम व्यापारिक वर्गीकरणतर्फ विलिङ्ग गरिनु पर्नेमा हालसम्म यातायाततर्फ बिलिङ्ग भएको भन्ने आधारसहित २०६७ साउन महिनाको रिडिङ्गदेखि लागू हुने गरी व्यापारिक वर्गतर्फ राखी बिलिङ्ग गराइने भन्नेसमेतको व्यहोरा उल्लेख गरिएको र गोरखा वितरण केन्द्रबाटसमेत २०६७।३।३ मा त्यस्तै व्यहोराको पत्राचार भएको देखिन्छ । तर ती दुबै पत्रमा नेपाल विद्युत प्राधिकरण ऐन, तथा सम्बद्ध नियम, विनियमको आधार लिइएको नदेखिने ।

ग्राहक वर्ग परिवर्तन र परिवर्तित वर्गअनुसार बिलिङ्ग गर्ने जानकारी गराइए पछि निवेदक कम्पनीबाट २०६७।३।३० मा आफ्नो कम्पनीको उद्देश्य स्मरण गराउँदै स्थापनकालदेखि जुन वर्गमा राखी विद्युत महसूल असूलउपर गरिएको हो, सोही वर्गमा राखी महसूल उठाउन अनुरोध गरिएकोमा सो पत्रको जवाफ प्राप्त नभएको भनी पुनः पटकपटक पत्राचार गरिएको भए पनि नेपाल विद्युत प्राधिकरणका तर्फबाट त्यसको जवाफ दिइएको भने मिसिलबाट नदेखिने ।

ग्राहकको वर्ग परिवर्तनसम्बन्धी कानूनी व्यवस्थालाई हेर्दा विद्युत वितरण विनियमावली, २०५५ को विनियम २० मा कुनै ग्राहकले निजलाई हाल कायम रहेको वर्गीकरणमा नभई अर्को वर्गीकरणअन्तर्गत कायम गर्नु भनी कारण खुलाई त्यसलाई पुष्टि गर्ने कागजपत्रसहित प्राधिकरणको सम्बन्धित कार्यालयमा निवेदन दिएमा आवश्यक जाँचबुझ गरी मुनासिब देखिएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो ग्राहकलाई नेपाल विद्युत प्राधिकरण विद्युत महसूल संकलन विनियमावली, २०५० बमोजिमको ग्राहक वर्गीकरण परिवर्तन भएपछि ग्राहकले नयाँ कायम गरिएको वर्गीकरणबमोजिमको महसूल तिर्नुपर्ने भनी स्पष्ट रूपमा प्रक्रिया निश्चित् गरिएको पाइन्छ । सोही कानूनी व्यवस्थाअन्तर्गत रही विद्युत प्राधिकरण स्वयंले पनि त्यस्तो आधार कारणसहित सम्बन्धित ग्राहकलाई पूर्व जानकारी गराई उसको कुरासमेत सुनी ग्राहकले वर्ग परिवर्तनको कारवाही अघि बढाउन सक्ने देखिन्छ । तर कम्पनी स्थापनाको उद्देश्यसमेतलाई मध्यनजर राखी निरन्तर रूपमा एउटा वर्गअन्तर्गत समावेश गरी सोही वर्गअनुरूपको विद्युत महसूल असूलउपर गर्दै आएको अवस्थामा एकतर्फी पत्रका माध्यमबाट नेपाल विद्युत प्राधिकरणको भरतपुर वितरण केन्द्र र गोरखा वितरण केन्द्रले अकस्मात् निवेदक कम्पनीको विद्युत ग्राहक वर्गीकरण परिवर्तन गरिएको देखिएबाट सो कार्यलाई कानूनअनुरूप र प्राकृतिक न्याय सिद्धान्तअनुरूपको मान्न सकिने अवस्था नदेखिने ।

नेपाल विद्युत प्राधिकरणले साविकको विद्युत महसूल संकलन विनियमावली, २०५० लाई खारेज गरी २०६९ साल साउन १ देखि प्रारम्भ हुने गरी तर्जुमा गरेको विद्युत महसूल संकलन विनियमावली, २०६९ को विनियम ३ मा विद्युत महसूल दर निर्धारण गर्ने प्रयोजनका लागि ग्राहकको वर्गीकरण गर्दा केबुलकार सञ्चालनका लागि विद्युत शक्ति प्रयोग गर्ने ग्राहकलाई यातायात वर्गमा नै राखिएको हुँदा ग्राहकको वर्ग निर्धारणसम्बन्धी प्राधिकरणको पछिल्लो दृष्टिकोण त्यसबाट उजागर भएको छ । साविकको विद्युत महसूल संकलन विनियमावली, २०५० ले गरेको ग्राहक वर्गीकरणअन्तर्गत यातायात वर्गमा यातायातसम्बन्धी साधन, बाहन, उपकरणलाई समावेश गरिएकोमा हाल आएर त्यसलाई अझ स्पष्ट रूपमा वर्गीकरण गरिएको पाइन्छ । जसअनुसार निवेदक कम्पनी जस्ता केबुलकार सञ्चालन गर्ने कम्पनीले केबुलकार सञ्चालन गर्ने कम्पनीले केबुलकार सञ्चालन गर्दा उपभोग गर्ने विद्युतको महसूल दर निर्धारण गर्ने प्रयोजनका लागि त्यसलाई यातायात वर्गमा राखिने गरी गरिएको व्यवस्थाले पनि निवेदन दावीलाई नै समर्थन गरेको हुँदा निवेदक कम्पनीको हकमा विद्युत महसूल असूल गर्ने प्रयोजनका लागि ग्राहक वर्ग परिवर्तन गर्दा विद्यमान कानूनी व्यवस्थाको अनुशरण गरिएको देखिन नआउने ।

निवेदक कम्पनी मनकामना दर्शन प्रा.लि.सँग विद्युत महसूल असूलउपर गर्दा साविकदेखि यातायात वर्गमा राखी सोहीअनुसारको महसूल असूलउपर गरिँदै आएकोमा नेपाल विद्युत प्राधिकरणको गोरखा वितरण केन्द्र र भरतपुर वितरण केन्द्रबाट २०६७।३।३ र २०६७।३।२० मा एकतर्फी रूपमा पत्र लेखी सोही पत्रका माध्यमबाट ग्राहक वर्गीकरण परिवर्तन गर्नुका साथै २०६७ साउन महिनाको रिडिङ्गदेखि परिवर्तित वर्गअनुसारको बिलिङ्ग गरिने जानकारी गराइएको कार्य कानूनअनुरूप नरहेको र सो प्रक्रियामा निवेदक कम्पनीलाई सुनुवाइको मौकासमेत प्रदान नगरिएको अवस्था देखिन आएको छ । तसर्थ निवेदक कम्पनीको ग्राहकको वर्ग परिवर्तन गर्ने गरी लेखिएको नेपाल विद्युत प्राधिकरण, गोरखा वितरण केन्द्रको मिति २०६७।३।३ र भरतपुर वितरण केन्द्रको मिति २०६७।३।२० को पत्र तथा सोसँग सम्बन्धित निर्णय एवं कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

नेपाल विद्युत प्राधिकरणको स्थानीय इकाइहरूबाट निवेदक कम्पनीको हकमा ग्राहक वर्ग परिवर्तन गर्ने कार्य नै बदर हुने ठहरेको परिप्रेक्ष्यमा विद्यमान कानूनको परिधिभित्र रहेर मात्र विद्युत महसूल असूलउपर गर्नू गराउनू भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६९ साल माघ २२ गते रोज २ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रि.नं. ०६७-WO-०८३३, उत्प्रेषण परमादेश, *उपेन्द्र शाह वि. राजकुमार ताम्राकारसमेत*

निवेदक उपेन्द्र शाहले विपक्षी इन्दिरा ताम्राकारलाई नभई राजकुमार ताम्राकारलाई साक्षी राखेको भन्ने देखिएको छैन । ऋणी राजकुमार र इन्दिरा दाजुबहिनी नाताका हुन् भन्ने कुरामा विवाद रहेको छैन । दाजु राजकुमारले गरिदिएको लिखतको बिगोबापतमा बहिनी इन्दिरा ताम्राकारका नामको कि.नं. ३५९ को क्षे.फ. ०-०-६ जग्गा र सोमा बनेको घरलाई पक्री वादीले बिगो भराई पाउन दावी लिएकोमा निज इन्दिरा ताम्राकारले अन्य व्यक्तिहरूको कारोवारमा आफ्नो पेवा र दोकान गरी कमाएको रकमबाट राजीनामा गरी लिएको घरजग्गा रोक्का गरी लिलाम गर्न कानूनतः मिल्ने होइन भनी जिकीर लिएको पाइन्छ । लेनदेन मुद्दाको बेसरोकारवाला म अवला नारीले परिश्रम गरी कमाएको आफूखुश गर्न पाउने सम्पत्ति रहेको भन्नेसमेत निज विपक्षीले जिकीर रहेको देखिन्छ । मिसिल संलग्न कागजातबाट विवादित घरजग्गा इन्दिरा ताम्रारकारले रू. १,३५,०००।- मा राजीनामा गरी लिएको देखिन आएको छ ।

मुलुकी ऐन, स्त्री अंशधनको महलको १, २ र ५ नं. समेतले महिलाले आफ्नो मेहनत, श्रम, सीपबाट आर्जन गरेको तथा निजको दाइजो पेवाको सम्पत्ति समेतमा आफूखुश गर्न पाउने हक अधिकार प्रत्याभूत गरेको छ । महिलाले आफूखुश गर्न पाउने त्यस किसिमको सम्पत्ति दाजुले खाएको ऋणबापतमा रोक्का गरी लिलाम गर्नु उक्त कानूनी व्यवस्थाअनुरूप हुने नदेखिने ।

लेनदेन मुद्दाका वादी यी रिट निवेदकले लेनदेन मुद्दा चल्दाचल्दैका बखतमा विवादित कि.नं. ३५९ को जग्गा रोक्का राख्न निवेदन दिएकोमा रोक्का नराख्ने गरी सुनसरी जिल्ला अदालतबाट भएको आदेश पुनरावेदन अदालत, बिराटनगरबाट समेत सदर भै बसेको पाइन्छ । पछि पुनः सोही जेथा रोक्का राखी बिगो भरी पाउनका लागि निवेदन परेकोमा पुनरावेदन अदालत, विराटनगरले पहिलेको आदेशसमेतलाई दृष्टिगत गरी रोक्का राख्न नमिल्ने भनी गरेको आदेशमा कुनै पनि कानूनी त्रुटि विद्यमान नदेखिने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल फागुन १८ गते रोज ६ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रि.नं. ०६५-WO-०९४४, उत्प्रेषणसमेत, *इलाम टी प्रोड्युसर्स प्रा.लि.को अधिकारप्राप्त सञ्चालक अशोककुमार मुरारका वि. आन्तरिक राजश्व कार्यालय, विराटनगरसमेत*

कर निर्धारण गरिएको विषयमा उपचारको व्यवस्थासमेत आयकर ऐनमा गरिएको पाइन्छ। ऐनको दफा ११४ ले के कस्तो अवस्थामा प्रशासकीय पुनरालोकन हुन सक्छ भन्ने सम्बन्धमा स्पष्टतः उल्लेख गरेको छ। उक्त दफाको उपदफा (१) को खण्ड (ङ) मा "दफा १०० वा १०१ बमोजिम कुनै व्यक्तिले कुनै आय वर्षको लागि बुझाउने पर्ने करको निर्धारण" गरेको निर्णय प्रशासकीय पुनरालोकनको विषय बन्ने स्पष्ट गरेको पाइन्छ। त्यस्तो प्रशासकीय पुनरालोकनका लागि निवेदन सुन्ने अधिकारक्षेत्र ऐनको दफा ११५ ले निश्चित् गरेको छ। जसअनुसार ऐनको दफा ११४ बमोजिमका प्रशासकीय पुनरालोकन गर्न सकिने निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले तीस दिनभित्र सो निर्णय विरूद्ध आन्तरिक राजश्व विभागसमक्ष निवेदन दिनसक्ने देखिन्छ। सो निवेदनउपर भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले राजश्व न्यायाधीकरण ऐन, २०३१ बमोजिम राजश्व न्यायाधीकरणमा पुनरावेदन दिनसक्ने समेतको व्यवस्था आयकर ऐनको दफा ११६(१) मा गरिएको छ।

प्रशासकीय पुनरालोकनको लागि निवेदन दिन सकिने र त्यस्तो पुनरालोकनबाट भएको निर्णयउपर समेत पुनरावेदन गर्न सकिने गरी कानूनले स्पष्ट व्यवस्था गरेको अवस्थामा त्यस्ता उपचारको मार्ग अनुशरण गर्नुपर्ने हुन्छ। सम्बन्धित कानूनले उपचारको मार्ग सुनिश्चित् गरेको हुँदाहुँदै पनि निवेदकले सो मार्गको अनुशरण गरेको पाइदैन। अझ शुरू निकायले दिएको सूचनाबमोजिम लिखित प्रतिक्रिया बुझाई सो सम्बन्धमा सम्बन्धित निकायबाट अन्तिम निर्णयकोसमेत प्रतिक्षा नगरी सिधै रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा सिद्धान्ततः वैकल्पिक उपचारको व्यवस्था भएको अवस्थामा त्यस्तो उपचारको मार्ग अनुशरण नगरी रिटक्षेत्रमा प्रवेश गर्न मिल्दैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) ले पनि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त र प्रभावहीन देखिएको अवस्थामा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने गरी रिट क्षेत्राधिकारअन्तर्गतको उपचारको मार्ग स्पष्ट गरेको पाइन्छ। तर प्रस्तुत विवादमा एकातिर स्पष्ट वैकल्पिक उपचारको व्यवस्था भएको देखिन्छ भने अर्कोतर्फ कानूनले प्रदान गरेको उपचारको व्यवस्था अपर्याप्त र प्रभावहीन रहेको भनी निवेदकले आधारसहितको दावी प्रस्तुत गर्न सकेको पनि पाइदैन। प्रस्तुत रिट निवेदनमा संविधानको धारा १०७ को उपधारा (२) का आधारमा रिट निवेदन दायर गरिएको भनी जिकीर लिएको छ। तर सम्बन्धित कानूनले वैकल्पिक उपचारको व्यवस्था गरेको देखिएको स्थितिमा निवेदन दावीबमोजिमको उपचार प्रदान गर्न मिल्ने अवस्था देखिन नआउने।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६९ साल माघ २२ गते रोज २ शुभम्

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रि.नं. ०६७-WO-०८९३, उत्प्रेषणसमेत, *सेन्ट्रल मिडिया प्रा.लि. का तर्फबाट अधिकारप्राप्त गरी आफ्नो हकमासमेत नरेन्द्र साह कलवार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत,*

अनुमति प्राप्त गरी व्यवसाय सञ्चालन गरेको अवस्थामा अनुमतिपत्रमा उल्लेख गरिएका शर्तअनुसार भएन वा कानूनप्रतिकूलका कार्यहरू भए भने साधिकार निकायले त्यसमा प्रश्न उठाउन नसक्ने भन्ने हुँदैन। तर प्रस्तुत विवादमा त्यस्तो अवस्था नदेखाई केवल सार्वजनिक लेखा समितिको निर्देशनलाई मात्र आधार बनाएर मेशिन सञ्चालनमा रोक लगाइएको पाइँदा सर्वजनिक लेखा समितिको क्षेत्राधिकारको प्रश्न उठेको हो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५७ मा व्यवस्थापिका संसदका समितिहरूको गठन, कामकारवाही र अन्य कुरा नियमित गर्नका लागि नियमावली, बनाउने व्यवस्था गरिएअनुसार संविधानसभा (व्यवस्थापिका संसदको कार्यसञ्चालन) नियमावली, २०५५ तर्जुमा गरिएको पाइन्छ। सो नियमावलीको नियम ११० ले सरकारलाई व्यवस्थापिका संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेको

कामकारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन विभिन्न समितिहरू रहने भनी व्यवस्था गरेको र त्यसमध्ये सि.नं. ७ मा सार्वजनिक लेखा समितिको कार्यक्षेत्र तोकिएको पाइन्छ । जसअन्तर्गत सार्वजनिक लेखा र महालेखा परीक्षकको प्रतिवेदनलाई समावेश गरिएको देखिन्छ । यस आधारमा सार्वजनिक लेखा समितिले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा नेपाल सरकारलाई आवश्यक निर्देशन र राय सल्लाह दिन पाउने कुरामा विवाद हुन सक्दैन । त्यसो गरिनु जनउत्तरदायी शासन प्रणालीको महत्त्वपूर्ण चरित्र नै हो । तर आफूलाई प्रदान गरिएको अधिकारक्षेत्रको उल्लङ्घन गरी जुनसुकै विषयमा पनि हस्तक्षेप गर्ने अधिकार व्यवस्थापिका संसद् वा त्यसअन्तर्गतको समितिलाई रहँदैन । राज्य संयन्त्रभित्रका अवयवहरूको अधिकारक्षेत्र संविधान, ऐन, नियमले निश्चित् गरिदिएका हुन्छन् । कानूनले तोकेको अधिकारक्षेत्रको प्रयोग गरी आफ्नो जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गर्नु नै सम्बन्धित निकायको कर्तव्य बन्दछ । कानूनी शासनले जहिले पनि कानून पालनामा जोड दिन्छ । अर्काको अधिकारक्षेत्रमा हस्तक्षेप नहुने गरी आफ्नो अधिकारको प्रयोग गर्नु पनि कानूनी शासनको महत्त्वपूर्ण पक्ष हो ।

कुनै पनि व्यवसाय सञ्चालनका लागि कानूनले निश्चित् प्रक्रिया र कार्यविधिको अपेक्षा गरेको अवस्थामा त्यस्तो व्यवस्था गर्नु अपरिहार्य हुन्छ । तर त्यस्तो प्रक्रिया र कार्यविधि निश्चित् गर्नका लागि पनि कानूनअनुरूपको प्रक्रिया र विधिको अवलम्बन अपरिहार्य मानिन्छ । राज्य संयन्त्रभित्रका प्रत्येक अङ्गले आफ्नो कार्यक्षेत्र के हो र आफ्नो कर्तव्य के हो भन्ने नबुझी जथाभावी रूपमा आफूलाई क्रियाशील गराउँदा त्यसले कानूनको शासनको मर्यादा भत्कन्छ । स्लट मेशिन सञ्चालनको विषयमा यदि महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा बेरूजु औंल्याइएको अवस्था थियो वा सो विषय सार्वजनिक लेखासँग सम्बन्धित थियो भने त्यसमा सार्वजनिक लेखा समितिले आफ्नो अधिकारक्षेत्र स्पष्ट गरी छलफलद्वारा निर्णय गर्न पाउने कुरामा विवाद हुन सक्दैन । तर, समितिको निर्णय व्यहोरामा कहीँ पनि त्यस्तो आधार खुलाइएको पाइँदैन भने लिखित जवाफका माध्यमबाट आफ्नो अधिकारक्षेत्र स्थापित गर्न सकेको अवस्था पनि मिसिलबाट खुल्दैन । तसर्थ सार्वजनिक लेखा समितिको मिति २०६७।१०।१९ को निर्णय भनी पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवसमेतलाई सम्बोधन गरी लेखिएको पत्रको प्रकरण ३ मा उल्लिखित "स्लट मेशिन (मिनी क्यासिनो) सञ्चालनसम्बन्धी कानून र कार्यविधि नबन्दासम्म सो मेशिन सञ्चालनसम्बन्धी कार्य रोक्ने र रोक्न लगाउने" भन्नेसम्मको व्यहोरा कानूनअनुरूपको देखिन नआउने ।

शर्तहरूअनुसार व्यवसाय सञ्चालन भयो भएन भन्नेतर्फ मूल्याङ्कन नै नगरी केवल सार्वजनिक लेखा समितिको निर्देशनलाई आधार बनाइएको देखिएबाट त्यस्तो निर्देशित निर्णयलाई साधिकार निकायले आफ्नो कानूनप्रदत्त अधिकारको प्रयोग गरी भएको निर्णयको संज्ञा दिन नमिल्ने ।

आफूले बनाउनु पर्ने नियम भने नबनाउने तर आफैंले शर्तहरू तोकी व्यवसाय सञ्चालनाको अनुमति दिएको अवस्थामा त्यसरी तोकिएका शर्तहरूअनुसार गरे नगरेको भन्नेतर्फ मूल्याङ्कन नै नगरी हठात् कारोवार नै बन्द गर्ने हदसम्मको निर्णय गर्नुको कानूनसंगत् आधार र कारण नदेखिँदा सार्वजनिक लेखा समितिले आफ्नो क्षेत्राधिकार बाहिरको विषयमा प्रवेश गरी निर्देशन दिएको र सो निर्देशनलाई मात्र आधार बनाएर पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट निर्णय भएको भन्ने देखिएको छ । तसर्थ "स्टल मेशिन (मिनी क्यासिनो) सञ्चालनसम्बन्धी कानून र कार्यविधि नबन्दासम्म सो मेशिन सञ्चालनसम्बन्धी कार्य रोक्न लगाउने" भन्ने हदसम्मको निर्णय र सो निर्णयका आधारमा नेपाल सरकार (माननीय मन्त्रिस्तर) बाट मिति २०६७।११।२७ मा भएको निर्णय एवं सोबमोजिम भए गरेका अन्य कार्यहरूसमेत कानूनअनुरूपको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६९ साल फागुन ९ गते रोज ४ शुभम् ।

यसै प्रकृति/लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- रि.नं. ०६७-WO-१०३८, उत्प्रेषणसमेत, *रक इन्टरनेशनल प्रा.लि. का तर्फबाट अधिकारप्राप्त ईश्वर अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- रि.नं. ०६८-WO-०१७५, परमादेश, *सेन्ट्रल मिडिया प्रा.लि. का तर्फबाट अख्तियारप्राप्त गरी आफ्नो हकमासमेत नरेन्द्र साह कलवार वि.संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत*
- रि.नं. ०६८-WO-११६६, परमादेश, *रक इन्टरनेशनल प्रा.लि. का तर्फबाट अख्तियारप्राप्त ईश्वर अधिकारी वि. संस्कृति, पर्यटन तथा तथा नागरिक उड्डयन मन्त्रालयसमेत*
- रि.नं. ०६९-WO-०३७९, परमादेश, *रक इन्टरनेशनल प्रा.लि.का तर्फबाट अख्तियारप्राप्त ईश्वर अधिकारी वि. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत*

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६६-CI-०५१२, नामसारी दा.खा. निर्णय बदर, *मालपोत कार्यालय, भक्तपुर वि. बासुदेव पुरी*

मिति २०५१।३।९ गते भएको मिलापत्र हेर्दा, "म कृष्णबहादुर पुरीले शेष कसर आयस्ता खान पाउने शेष कसर आयस्ताबापत स्व. दुर्गाप्रसादको नाममा रहेको भ.पु.जि. दधिकोट गा.वि.स. वडा नं. ७ को कि.नं. ३४८ को क्षेत्रफल ४-८-२, ऐ.कि.नं. ३४७ क्षेत्रफल ०-५-१-०, ऐ.कि.नं. ३५४ क्षेत्रफल १-०-१ को जग्गामा वादी कृष्णबहादुर पुरीका नाममा दा.खा. नामसारी गरी उक्त जग्गाको शेष कसर आयस्ता म कृष्णबहादुर पुरीले खान पाउने। धर्मलोप तथा महन्त्याइँतर्फ दावी छोड्ने छुट्ट्याउने तथा अन्य विवादित जग्गाहरू प्रतिउत्तर जिकीरबमोजिम रैकर कायम राखी सोबाट गरिएको बिक्री वितरण तथा हक छोडिएको लिखतसमेत यथावत् कायम रही बदरसमेत नहुने र सो जग्गाबापत वादी प्रतिवादी दुबै तर्फबाट कृषि विकास बैंक बत्तीसपुतलीमा राखिएको अक्षयकोषबापतको नगद रू. १०,०००।- को ब्याज र अन्य आयस्तासमेतबाट महन्त शिवप्रसाद भन्ने उत्तम पुरीले गुठी सञ्चालन गर्ने गरी अन्य सम्पूर्ण वादी दावी छाडी मिलापत्र गर्नमा वादीको मञ्जूरी भएको र माथि लेखिएबमोजिम वादीले नामसारी दर्ता गर्न पाउने गरी अन्य वादी दावी छाडी छोडाई अदालतबाट मिति २०५१।३।९ मा भएको मिलापत्रलाई नै निर्णयको मूल आधारको रूपमा लिनुपर्ने देखिन्छ। तत्काल प्रचलित कानूनी व्यवस्थाअनुसार निजी गुठीबापत अक्षयकोष स्थापना गरी गुठी सञ्चालनको प्रवन्ध मिलाई विवादका जग्गा वादी बासुदेव पुरीका बाबु कृष्णबहादुर पुरीका नाममा दाखेल खारेज हुने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल माघ ४ गते रोज ५ शुभम्।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६६-CR-०८४२, बहुविवाह, *गणेश भण्डारी वि. नेपाल सरकार*

प्रस्तुत बहुविवाह मुद्दामा जाहेरी दरखास्त मिति २०६४।६।११ मा परेको देखिन्छ। त्यस्तै सम्बन्ध विच्छेद्तर्फ वादी निज गीताकुमारी कार्कीले मिति २०६४।६।२१ मा फिराद गरेको देखिन्छ। यसबाट पुनरावेदक प्रतिवादीले सरला खड्कासँग विवाह गरेको मिति २०६४।४।२३ मा पुनरावेदक प्रतिवादी र निज गीताकुमारी कार्कीबीच कानूनबमोजिम सम्बन्ध विच्छेद् भएको अवस्था नभई वैवाहिक सम्बन्ध कायमै रहेको अवस्था देखिन्छ। बहुविवाह नेपाल सरकार वादी हुने फौजदारी मुद्दा हो र यस्तो मुद्दामा प्रतिवादीले आरोपित कसूर गरेका बखतको कानूनी स्थितिलाई हेरिनु पर्ने हुन्छ। सोअनुसार पुनरावेदक

प्रतिवादीले मिति २०६४।४।२३ मा सरला खड्कासँग दोस्रो विवाह गरेको कार्यलाई प्रचलित कानूनले बहुविवाहको कसूर भनी परिभाषा गरिरहेको अवस्थामा पछि दायर भएको सम्बन्ध विच्छेद् मुद्दामा मिति २०६४।६।२४ मा निजहरू बीच सम्बन्ध विच्छेद् हुने गरी भएको मिलापत्रले प्रतिवादीले अघि गरेको कसूरलाई पश्चात्‌दर्शी प्रभाव दिएर वैध तुल्याउन नसक्ने हुँदा जाहेरवाला जेठी श्रीमतीसँग कानूनबमोजिम सम्बन्ध विच्छेद नगरी निजसँग वैवाहिक सम्बन्ध कायम रहेकै अवस्थामा पुनरावेदक प्रतिवादीले सरला खड्कासँग दोस्रो विवाह गरेको तथ्य स्थापित हुन आएको सन्दर्भमा पुनरावेदक प्रतिवादीलाई अभियोग माग दावीबमोजिम बिहावारीको १० नं. अनुसार एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरीवाना हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटर सेटिङः विकेश गुरागाईं

इति सवत् २०६९ साल माघ ४ गते रोज ५ शुभम् ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६७-CR-११५२, लिखित बेइज्जती, *खड्गबहादुर खत्री वि. पूर्णसिँह थापा मगर*

प्रतिवादीले वादीका नाममा लेखेको विवादित मिति २०६६।७।१७ प.सं. ०६६।६७ च.नं. २० को पत्रमा "नैतिक पतन हुने र संघको गौरवमय इतिहास प्रतिष्ठामा आँच आउने कार्यहरू सञ्चालन गर्दै आउनु भएको", जङ्गल पसी ने.रा.भू.पू. से. संघ जि.का.स. को कार्यालय सञ्चालना गर्नु भएको", तपाईले अफिसबाट चोरी लगेका सम्पूर्ण कागजातहरू आर्थिक भौतिक सामानहरू कार्यालयमा ल्याई बुझाइदिनु हुन" जस्ता शब्दावलीहरू प्रयोग भएको देखिँदा कुनै आधार प्रमाणबिना र अनधिकृत तवरबाट वादीका विरूद्ध लेखिएको यस्तो व्यहोरालाई शिष्ट र मर्यादित भन्न नमिली वादी दावीबमोजिम प्रतिवादीले गाली र बेइज्जती ऐन, २०१६ को दफा ३ प्रतिकूलको कार्य गरेकै देखिन आउने

सजायका सम्बन्धमा विचार गर्दा उक्त ऐनको दफा ५ मा कसैको बेइज्जती गर्ने व्यक्तिलाई "पाँच हजार रुपैयाँसम्म जरीवाना हुनेछ र एक वर्षसम्म कैदको सजाय पनि हुन सक्नेछ" भन्ने व्यवस्था रहेको देखिँदा प्रतिवादीले गरेको कसूरको गम्भीरता र पीडितले भोग्नु परेको पीडा वा निजको इज्जतमा पुगेको क्षतिको विचार गरी अदालतले उपयुक्त सजाय निर्धारण गर्नसक्ने नै देखिन्छ । गाली बेइज्जतीसम्बन्धी मुद्दामा पीडित पक्षको इज्जत प्रतिष्ठामा प्रतिवादी पक्षबाट पुग्न गएको क्षति वा हानि नोक्सानीवापत पीडित पक्षलाई प्राप्त हुने उपचार मनोवैज्ञानिक प्रकृतिको हुन्छ । यस क्रममा प्रतिवादी पक्षलाई साङ्केतिक प्रकृतिको सजाय गरी पीडित पक्षको इज्जत र प्रतिष्ठामा पुगेको क्षतिलाई अदालतले पुनर्स्थापित गरिदिनु नै पीडित पक्षका लागि न्याय र प्रतिवादी पक्षका लागि दण्ड - दुवै प्रयोजनका लागि पर्याप्त हुन्छ । प्रतिवादीलाई हुने सजायको मात्रा यस सन्दर्भमा विचारणीय नै हुँदैन भन्ने होइन तर सजायको मात्रात्मक बढोत्तरीमा नै पीडित पक्षले पाउने उपचार खम्बीर हुन्छ भन्ने निरपेक्ष धारणा राख्नु उपयुक्त नहुने ।

कुनै खास तथ्य, घटना वा सन्दर्भको उल्लेख गरी प्रयोग गरिएका बेइज्जतीपूर्ण अभिव्यक्तिहरू, जो वास्तवमा सत्य पनि हुँदैनन्; तिनीहरूको तुलनामा कुनै खास सन्दर्भको उल्लेख नगरी सामान्य रूपमा अभिव्यक्त गरिएका यस्ता शब्दहरूलाई पीडित पक्षको इज्जतमा पुग्ने क्षतिको दृष्टिबाट कम गम्भीर नै मान्नुपर्ने हुँदा प्रतिवादीले वादीउपर गोश्वारा बोलीमा व्यक्त गरेका उपरोक्त अभिव्यक्तिहरूलाई हेर्दा प्रतिवादीलाई साङ्केतिक सजाय मात्र गरे पनि पर्याप्त हुने र वादीले आफ्नो इज्जतमा पुगेको क्षति पुनर्स्थापित भएको महसूस गर्नसक्ने नै हुँदा प्रतिवादीलाई रू. २००।- जरीवाना मात्र हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६९ साल माघ ४ गते रोज ५ शुभम् ।

९

**मा. न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६८-WO-०४५५, उत्प्रेषण प्रतिषेध समेत, *दलबहादुर श्रेष्ठ वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत*

Eminent Domain को सिद्धान्तअनुसार सार्वजनिक प्रयोजनको निम्ति राज्यले आवश्यक कानूनी प्रक्रिया पूरा गरी व्यक्तिको जुनसुकै सम्पत्ति प्राप्त गर्न सक्ने नै हुन्छ । सोही प्रयोजनको निम्ति बनेको सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक सडकको वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवैतिर एकतीस मीटरमा नबढाई सडक सीमा तोक्न सक्ने कानूनी व्यवस्था रहेको देखिने ।

सडक सीमा तोकिएको क्षेत्रमा कसैले कुनै किसिमको स्थायी बनौट वा भवन निर्माण गरेमा त्यस्तो बनौट वा भवन सडक विभागको आदेशले भत्काउन सकिने कानूनी व्यवस्था समेत सोही ऐनमा उल्लेख भएको देखिन्छ । साथै काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरूमा गरिने निर्माणसम्बन्धी मापदण्ड, २०६४ अनुरूप उपत्यकास्थित राजमार्गका सबै सडकहरूको केन्द्र रेखादेखि दुवैतर्फ २५/२५ मिटरसम्म स्थायी खालका निर्माण कार्य गर्न नपाउने गरी मापदण्ड निर्धारण गरिएको भन्ने काठमाडौं उपत्यका नगर विकास समितिको लिखित जवाफबाट देखिँदा काठमाडौं उपत्यकास्थित अरनिको राजमार्गको केन्द्र विन्दुदेखि २५/२५ मीटर दायाँ बायाँ कसैले पनि कुनै किसिमको स्थायी संरचना निर्माण गर्न नपाउने ।

अरनिको राजमार्गको केन्द्र विन्दुदेखि २५ मीटरभित्र पर्ने निवेदकलगायतका व्यक्तिले निर्माण गरेका संरचनाहरू सार्वजनिक सडक ऐन, २०३१ मा उल्लिखित कानूनी व्यवस्था र काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मूख गा.वि.स. हरूमा गरिने निर्माणसम्बन्धी मापदण्ड, २०६४ अनुरूप हाल भत्काई सकिएको भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखिँदा यसरी प्रचलित कानूनी व्यवस्थाविपरीत निर्मित संरचना हाल भत्काई सकिएको अवस्थामा सो भत्काउने सम्बन्धमा जारी भएको सूचना उत्प्रेषणद्वारा बदर गरी भत्काउने कार्य प्रतिषेधद्वारा रोकी पाऊँ भन्ने निवेदन जिकीर सम्बन्धमा थप विचार गरी रहनु नपर्ने देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ पुस २७ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६८-WO-०४६५, उत्प्रेषण परमादेशसमेत, *हृदयश्वरलाल प्रधानाङ्ग वि. मालपोत कार्यालय, भक्तपुर*

कुनै पनि सरकारी निकायमा रहने जनताको हक अधिकार सिर्जना गर्ने निर्णय फायल तथा सोसम्बन्धी अभिलेखहरूको यथोचित् सुरक्षा गरी खोजिएको वखत अविलम्ब भेटाउन सकिने गरी प्रवन्ध गर्नु सम्बन्धित कार्यालयको प्राथमिक कर्तव्य र दायित्व हो भन्ने कुरालाई हरेक सार्वजनिक निकायमा कार्यरत् पदाधिकारीले सामान्य रूपमा हेक्का राख्नु पर्ने विषय हुने ।

जनताको हक अधिकारको सुरक्षा गर्ने उद्देश्य लिई कानूनअनुरूप स्थापना भई जनताले तिरेको राजस्वबाट सञ्चालित राज्यका निकायबाटै जनताको हक अधिकारको स्रोतको रूपमा रहेका आफ्नै कार्यालयमा रहने अभिलेख फायलको सुरक्षा हुन नसक्नु लोकतान्त्रिक शासन व्यवस्था र जनताप्रति उत्तरदायी राज्य व्यवस्थाको निम्ति शोभनीय मान्न मिल्दैन । तसर्थ आफ्नै कार्यालयबाट खडा गरिएको मिसिल फायल खोजतलास गर्दा फेला नपरेको भन्ने आधारमा निवेदकको निवेदन तामेलीमा राख्ने गरेको विपक्षी मालपोत कार्यालय भक्तपुरको निर्णय विवेकसम्मत् र न्यायोचित् मान्न नमिल्ने ।

निवेदक हृदयश्वरलाल प्रधानाङ्गले आफ्नो बजै रत्नकेशरी प्रधानाङ्गको मृत्यु भएकोले निजका नामको कि.नं. ४१७ समेतका जग्गा आफ्नो नाममा

नामसारी गरिपाऊँ भनी दिएको निवेदन तामेलीमा राखिदिने गरी विपक्षी मालपोत कार्यालय भक्तपुरबाट भएको मिति २०६८।६।३० को निर्णय मालपोत ऐन, २०३४ को दफा ६(२) (३) र ८ समेतमा उल्लिखित कानूनी व्यवस्थाको पालना नगरी भएको भन्ने देखिएकोले उक्त तामेली निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब निवेदकको बजै रत्नकेशरी प्रधानाङ्गको नाममा कि.नं. ४१७ समेतका जग्गा दर्ता गर्ने सम्बन्धमा आ.व. २०४८/४९ मा खडा भएको मि.नं. ३७९ को मिसिल फायल जहाँ छ सो खोजतलास गरी मालपोत ऐन, २०३४ को दफा ६(२) (३) र दफा ८ मा उल्लिखित कानूनी प्रक्रियाहरू समेतको अवलम्बन गरी निवेदकको मिति २०६७।१०।३ द.नं. ८३९५ को निवेदनमा माग भएबमोजिम जग्गा नामसारी हुने नहुने सम्बन्धमा यकीन निष्कर्षमा पुगी पुनः निर्णय गर्नू भनी विपक्षी मालपोत कार्यालय भक्तपुरको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ पुस २७ गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६७-WO-१२२७, उत्प्रेषण परमादेश समेत, *ज्ञानसिं महर्जन वि. मालपोत कार्यालय, कलंकी काठमाडौं*

निवेदकले रै.प. गरिपाऊँ भनी दावी लिएको विवादित कि.नं. ६६२ र ६६३ का जग्गाको जग्गाधनी सम्बन्धमा नै विवाद उत्पन्न भई प्रस्तुत विवादमा हक बेहकको प्रश्न उपस्थित भएको विवादमा सम्वद्ध प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्न सक्ने अधिकार मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई प्रदान गरेको पाईंदैन । यस्तो अवस्थामा विवादमा संलग्न रहेका पक्षहरूलाई आफूसँग भएको हक पुग्ने प्रमाण लिई सम्बन्धित जिल्ला अदालतमा गई हक कायम गराई ल्याउनु भनी भएको विपक्षी मालपोत कार्यालय कलंकीको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको देखिन आउँदैन । साथै विवादका अन्य पक्षहरू विवादित जग्गाको सम्बन्धमा हक कायम तर्फ काठमाडौं जिल्ला अदालतमा फिराद लिई गइसकेको भन्ने देखिएको अवस्थामा आफूसँग भएको सबूद प्रमाणसहित हक कायमतर्फ फिराद लिई सो काठमाडौं जिल्ला अदालतमा जान पाउने वैकल्पिक उपचारको मार्ग यी निवेदकलाई पनि रहे भएकै देखिएको अवस्थामा रिट क्षेत्राधिकारबाट नै उपचार पाउनुपर्ने भन्ने निवेदन जिकीर मनासिव देखिन नआउने ।

उल्लिखित रूपमा निवेदकले रैकर परिणत गरिपाऊँ भनी दावी लिएका विवादित कि.नं. ६६२ र ६६३ का जग्गाको जग्गाधनी सम्बन्धमा नै विवाद उत्पन्न भई हक बेहकमा निर्णय गर्ने क्षेत्राधिकारको अभावमा सम्बन्धित पक्षलाई हक कायम गरी ल्याउन काठमाडौं जिल्ला अदालतमा पठाउने गरी विपक्षी मालपोत कार्यालय, कलंकीबाट भएको मिति २०६७।१२।३० को निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको भन्ने नदेखिएको र उक्त मिति २०६७।१२।३० को निर्णयअनुरूप विवादका अन्य पक्षहरू सम्बन्धित काठमाडौं जिल्ला अदालतमा हक कायमतर्फ फिराद लिई गइसकेको भन्ने देखिएको अवस्थामा आफूसँग भएको सबूद प्रमाणसहित हक कायमतर्फ जान पाउने वैकल्पिक उपचारको मार्ग यी निवेदकलाई पनि रहे भएकै अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ पुस २७ गते रोज ६ शुभम् ।

१२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ८४९६, रैकर लगत कट्टा, *काजिमानन्द बज्राचार्यसमेत वि. कृष्णबहादुर महर्जन*

विवादित जग्गामा स्वामित्वको दावी गर्नेले हालै प्राप्त गरेको जग्गाधनी प्रमाण पूर्जा पेश गर्नु मात्र पर्याप्त हुँदैन । सो प्रमाणपूर्जा वैधानिक रूपमा प्राप्त गरेको हो भन्नलाई सोको हकको स्रोतहरूबाट

विवादित जग्गामाथिको स्वामित्वको अधिकार स्थापित भएको हुनुपर्ने ।

जग्गाको स्वामित्वको प्रमाणस्वरूप जग्गाको लगत, भोग र तिरोसमेतका प्रमाणहरूको अभावमा फिल्डबुकमा किसानले लेखाएको व्यहोराको मात्र जग्गाको स्वामित्वको सिर्जना हुन नसक्ने हुँदा विवादित जग्गाहरू प्रतिवादीहरूको स्वामित्वको निजी गुठी जग्गा रहेछ भन्न नमिल्ने ।

मालपोत कार्यालयबाट जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरिसकेको भए पनि सो प्रमाणपूर्जालाई कानूनतः मान्यता दिन मिल्न सक्ने नदेखिने ।

जग्गाको भोगसमेतका प्रमाणहरूको आधारमा विवादित् जग्गा निजी गुठीको शिव शक्तेश्वर गुठीको नभई पपुइता खेत हो भन्ने प्रतिवादीहरूको जिकीर प्रमाणहरूबाट पुष्टि भएको देखिन नआउने ।

गुठीको जग्गा कारणवस हैसियत परिवर्तन भई रैकरमा दर्ता भएको रहेछ भने गुठी संस्थानको प्रशासकले जग्गाको हैसियत परिवर्तन भई दर्ता हुन गएको प्रमाणित हुन आएमा साविकअनुसार नै जग्गा दर्ता गर्नसक्ने र गलत रूपमा दर्ता भएको लगत कट्टा गर्ने अधिकार प्रदान गरेको पाइने ।

विवादित कि.नं. १७८ र १७९ को जग्गा शिवशक्तेश्वर राजगुठीको जग्गा देखिएको र सोसम्बन्धमा गुठी संस्थानका प्रशासकबाट भएको निर्णय तथ्य, प्रमाण, कानून र प्रतिपादित सिद्धान्तअनुसार भई मिलेकै देखिँदा उक्त निर्णय सदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल फागुन २८ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-CR-०३००, मूल्य अभिवृद्धि कर (आ.व.२०५४/०५५) *लक्ष्मणबहादुर बस्नेत वि. मारुती प्लाष्टिक उद्योग, विराटनगर*

प्रत्यर्थी करदाता उद्योगले प्लाष्टिक दाना (ग्रेनुयल) खरीद गरी सोवापत कर सुविधा लिएको देखिएको अबस्थामा उक्त दाना कहाँ कसरी प्रयोग गरियो भन्ने तथ्य खुलाउन सकेको देखिँदैन भने अर्कोतर्फ झुत्रा प्लाष्टिक खरीद गरेको वा त्यस्ता झुत्रा प्लाष्टिकबाट पाइप उत्पादन गरेको तथ्य करदाताले स्थापित गर्न सकेको देखिँदैन । साथै माथि उल्लिखित आर्थिक अध्यादेश, २०५४ को अनुसूची ४ को दफा २(६) को कानूनी व्यवस्था हेर्दा स्वदेशभित्र प्रयोग भई सकेको झुत्रा प्लाष्टिक वा कागज सतप्रतिशत प्रयोग गरी स्वदेशभित्र मालवस्तु उत्पादन गरेको अवस्थामा मात्र कर छूट दिने स्पष्ट व्यवस्था गरेको देखिन्छ । यस्तो अवस्थामा उक्त छूट सुविधा पाउनको लागि उल्लिखित झुत्रा सामान प्रयोग गरी मालवस्तु उत्पादन गरेको तथ्य सोवापत सुविधाको दावी गर्ने करदाता उद्योगले नै स्थापित गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा प्रत्यर्थी करदाता उद्योगले उक्त कुरा तथ्यगत रूपमा स्थापित गर्न सकेको देखिन आएन । यस्तो अवस्थामा कुनै तथ्यगत आधार र कारण बिना केवल करदाताको भनाई र अनुमानका आधारमा मात्र प्रचलित कानूनले गरेको स्पष्ट व्यवस्थाको प्रतिकूल हुने गरी कर छूट दिन नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटर टाइप गर्ने : मन्जिता ढुंगाना
इति संवत् २०६९ साल माघ २ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६७-CR-०२३४, मूल्य अभिवृद्धि कर, *आन्तरिक राजश्व कार्यालय, भरतपुर चितवनको तर्फबाट प्रमुख कर अधिकृत श्री बुद्धिराम धिताल वि. साइबाबा ग्यास उद्योग प्रा.लि.* भएको मुद्दामा पनि यसअनुसार फैसला भएको छ ।

१४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा. न्या.श्री सुशीला कार्की,** २०६६-WO-१०११, परमादेश समेत, *स्प्रिङ्गस नेपाल ह्युमन रिसोर्स प्रा.लि. का तर्फबाट ऐ. को अधिकारप्राप्त केदारप्रसाद अर्याल वि.वैदेशिक रोजगार विभाग काठमाडौंसमेत*

कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानूनबमोजिम तोकिएको आफ्नो काम कर्तव्य पूरा नगरेमा वा गर्न इन्कार गरेमा र त्यसबाट कसैको संविधान वा कानूनप्रदत्त हक अधिकारमा आघात पर्न गएको देखिन आएमा त्यस्तो कानूनले तोकेको काम कर्तव्य पूरा गर्न लगाई आघातीत हक अधिकारको प्रचलन गराउन परमादेशको आदेश जारी हुने हो । विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पेश भएको लिखित जवाफ अध्ययन गर्दा वैदेशिक रोजगार विभागबाट भएको मिति २०६६।११।२७ को निर्णयउपर परेको पुनरावेदनमा प्रचलित नेपाल कानूनको कार्यविधि अवलम्बन गरी उपयुक्त समयमा निर्णय गरिने भन्ने उल्लेख भएको देखिँदा विपक्षी नेपाल सरकारबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६(१) बमोजिम सो निकायलाई तोकिएको काम, कर्तव्य पूरा गर्नमा इन्कार गरेको भन्ने नदेखिएको र निवेदनमा उल्लिखित वैदेशिक रोजगार ठगी मुद्दामा निवेदकउपर पछि हुने थप कारवाहीको सिलसिलामा निवेदकको कुनै संवैधानिक तथा कानूनी हक अधिकार हनन् भएको अवस्थामा संविधान र कानूनबमोजिम निवेदकले उपचार पाउन सक्ने नै हुँदा हाल निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन नआउने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ मंसिर २५ गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा. न्या.श्री सुशीला कार्की,** २०६७-WO-१०४२, प्रतिषेध समेत, *संगीताकुमारी कर्णदास वि. वैदेशिक रोजगार प्रवर्द्धन विभागसमेत*

कुनै न्यायिक वा अर्ध न्यायिक निकाय वा पदाधिकारीले कानूनले प्रदान गरेको अख्तियारी वा अधिकारक्षेत्र बाहिर गई गर्न लागेको कुनै कामकारवाहीको परिणामस्वरूप कसैको संविधान र कानूनप्रदत्त अधिकारमा आघात पर्न जाने अवस्थाको विद्यमानता देखिन्छ भने प्रतिषेधको आदेशद्वारा त्यस्तो अधिकारक्षेत्रविहीन कार्यलाई रोकी त्यस्तो व्यक्तिलाई अनावश्यक दुःख हैरानी र लामो कारवाहीको झन्झटबाट छुटकारा दिलाउनु प्रतिषेधको मुख्य उद्देश्य हो । निवेदकले आफूउपर वैदेशिक रोजगार ठगी मुद्दाको जाहेरी परेको कुरालाई निवेदनमा स्वीकारै गरेको देखिएको र सो जाहेरीको आधारमा विपक्षी वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४(१) मा उल्लिखित कानूनी व्यवस्थाबमोजिम गरिएको मुद्दा अनुसन्धानको सिलसिलामा उक्त ऐनको दफा ६१(२) बमोजिम सो विभागमा उपस्थित गराउन गरिएको पत्राचारलाई कानूनी क्षेत्राधिकारविहीन मान्न नमिल्ने भएकोले कानूनबमोजिम भैरहेको अनुसन्धान प्रक्रियालाई नै अवरुद्ध हुने गरी निवेदन मागबमोजिम प्रतिषेधको आदेश जारी हुन सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ मंसिर २५ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा. न्या.श्री सुशीला कार्की,** २०६५-WO-०८०३, उत्प्रेषणयुक्त परमादेश, *पूर्णचन्द्र अधिकारी वि. प्रहरी प्रधान कार्यालयसमेत*

निवेदकलाई मिति २०५६।६।२२ मा UNICTR मा पठाउँदा निज तोकिएको अवधिमा कार्यालयमा हाजीर नभएको कारण सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णय बदर गरिपाऊँ भनी यिनै रिट निवेदकले दायर गरेको संवत् २०६२ सालको रिट नं. ३०७५ को उत्प्रेषणमिश्रित परमादेश मुद्दामा प्रहरी कल्याण कोषमा रकम कट्टा गरेको विषयलाई चुनौती दिन नसकी प्रहरी कल्याण कोषमा रकम जम्मा गर्ने गरी जनाएको शुरूको सहमतिलाई स्वीकार नै गरेको अवस्था विद्यमान हुँदा प्रस्तुत निवेदनमा निवेदक सफा हात र हृदय लिई अदालत प्रवेश गरेको भन्न र मान्न मिल्ने अवस्था देखिन आएन । एकैपटक चुनौती दिन

सकिने विषयलाई मतलव र परिणाम हेरी पटकपटक अदालत प्रवेश गरी अदालतलाई समेत गुमराहमा राख्ने निवेदकलाई असाधारण अधिकारक्षेत्रको माध्यमबाट यस अदालतले सहयोग गर्ने नसक्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल पुस ३ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६५-MS-००१९, अदालतको अपहेलना, *पूर्णचन्द्र अधिकारी वि. प्रहरी महानिरीक्षक रमेशचन्द्र ठकुरी* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६६-WO-०५०१, उत्प्रेषण समेत, *पूर्णचन्द्र अधिकारी वि. प्रहरी प्रधान कार्यालयसमेत*

बढुवा समितिको सिफारिशमा नाम नै समावेश नभएका निवेदकलाई, बढुवा समितिबाट सिफारिश भएकाहरू मध्येबाट बढुवा गर्ने गरेको तत्कालीन श्री ५ सरकारको मिति २०५८।१।६ को निर्णयलाई चुनौती दिने हक नरहने भनी यस अदालतबाट निवेदक रामकृष्ण तिवारी विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको उत्प्रेषण समेतको रिटमा *नेकाप* २०५९ अङ्क ५/६ भाग ४४ पृष्ठ ३३८ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उक्त सिद्धान्तको आधारमा बढुवा सिफारिश समितिको सिफारिशमा नाम नै समावेश नभएका यी रिट निवेदकलाई निवेदन दिने हकदैया नै नरहने ।

यस अदालतको आदेशअनुरूप सेवामा बहाल गरेपश्चात् निवेदक मिति २०६६।१।२२देखि मिति २०६६।१।३१ सम्म हाजीर भई तत्पश्चात् निवेदक बिनासूचना कार्यालयमा अनुपस्थित रहेको भन्ने विपक्षीको लिखित जवाफ, यी निवेदकलाई हाजीर हुन आउने बारेको र हाजीर हुन नआए कानूनबमोजिम कारवाही भै जाने व्यहोरा उल्लेख गरी निजका नाममा विभिन्न मितिमा गरेको पत्राचारबाट समेत पुष्टि हुन आउँछ । उक्त तथ्यलाई यी निवेदकले मौकैमा तथ्ययुक्त तरिकाले खण्डन गर्न सकेको देखिँदैन । यसरी पदीय मर्यादाविपरीत अनुशासनहीन काम गर्ने यी निवेदकलाई विपक्षी संस्थाले सहयोग गर्न सक्ने अवस्था देखिँदैन । यसका अतिरिक्त निवेदकले आफूलाई कार्यसम्पादन मूल्याङ्कनबापत यति नै अङ्क दिनुपर्छ भनी दावी गर्न र अदालतले पनि यति नै अङ्क दिनुपर्छ भनी भन्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटर टाइप गर्ने : मन्जिता ढुंगाना

इति संवत् २०६९ साल पुस ३ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६५-WO-०३६१, उत्प्रेषणयुक्त परमादेश, प्रतिषेधसमेत, *योगनाथ पौडेल वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालयसमेत*

प्रस्तुत विवादमा प्राप्त हुन आएको लोकसेवा आयोगको मिति २०६६।५।३१ को च.नं.६६० को सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रबाट यी रिट निवेदकले निवेदनमा जिकीर लिएको रा.प.प्रथम श्रेणी (आ.प्र.) सहसचिव पदको नतिजा प्रकाशन गरी सोअनुरूप नियुक्ति दिन सिफारिश गरेको देखिन्छ । यस्तो अवस्थामा विवादित विज्ञापन अनुसारको कामकारवाही नै सम्पन्न भैसकेको देखिँदा निवेदन मागबमोजिम विज्ञापनबमोजिमको कामकारवाही अगाडि नबढाई यथास्थितिमा राख्नु भनी प्रतिषेधको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल पुस ३ गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-११४८, कर्तव्य ज्यान, *सलेन घिसिङ्ग वि. नेपाल सरकार*

अदालतमा बयान गर्दा प्रतिवादीले कसूर गरेकोमा इन्कारी बयान गरे तापनि अनुसन्धान

अधिकारीसमक्ष भएको बयान मैले भनेबमोजिमको हो भनी पूर्वबयानलाई समर्थन गरेको पाइँदा आरोपित कसूरमा सावित भै घटनाको क्रमबद्ध रूपमा उल्लेख गरेको देखिँदा अनुसन्धान अधिकारीसमक्ष भएको यी प्रतिवादीको साविती बयान प्रमाणग्राह्य देखिन आउँछ । मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Due to asphyxia भन्ने उल्लेख भएको देखिँदा प्रतिवादीको बयानअनुसार वारदात भएको थप प्रमाणित हुन्छ । उपर्युक्त मिसिल संलग्न आधार प्रमाणबाट पुनरावेदक प्रतिवादीको कर्तव्यबाट मृतक तुलसी घिसिङको मृत्यु हुन गएको पुष्टि हुन आउने ।

मुख्य रूपमा आफूले गरेको कार्यले पीडित मानिसको मृत्युको परिणाम निम्त्याउँदैन भन्नेतर्फ कर्ता सचेत रहेको अवस्थामा दुर्भाग्यवस मानिसको मृत्यु भएमा त्यो भवितव्य हुने कानूनी मनसाय देखिन्छ । त्यसैले भवितव्य हत्यालाई सांयोगिक घटनाको रूपमा ग्रहण गरिन्छ । यसमा फौजदारी अपराधमा हुने आपराधिक तत्वमध्येको महत्त्वपूर्ण तत्व 'मनसाय'को अभाव रहेको हुन्छ । संयोगवस मानिसको मृत्यु हुने हुनाले यस्तो हत्यालाई मनसायप्रेरित हत्याको रूपमा हेरिंदैन । आफूले गरेको कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान पनि यसका कर्तामा हेरिंदैन । आफूले गरेका कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान पनि यसका कर्तामा हुनुहुँदैन । ज्यान लिनेसम्मको रिसइवी पनि हुन नहुने हुँदा प्रतिवादी सलेन घिसिङको मृतकसँग पूर्व रिसइवी रहेको नदेखिएको र निजहरू बाबु र छोराको नाता सम्बन्धको देखिन्छ । गाउँतिर घुम्न गई रक्सी खाई आएकोमा मृतकको बाबुसँग झगडा परेको विषयमा मुक्का प्रहार गर्दा लडी चलमल केही नगरेकोले रस्सीले झुण्ड्याएको कारण मृतकको मृत्यु हुन गएको देखिन्छ । यस्तो घटना वारदातलाई केवल सांयोगिक रूपमा घटेको मान्न मिल्दैन । यहाँ भवितव्यको कारणबाट मृतकको मृत्यु भएको भनी मान्न नमिल्ने हुनाले प्रतिवादी सलेन घिसिङले मुक्का प्रहार गरी तुलसी घिसिङलाई कर्तव्य गरी मारेको पुष्टि हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम सजाय हुने ।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष उपस्थित भई बयान गर्दा वारदात र घटनास्थलको सम्बन्धमा साँचो कुरा व्यक्त गरी अपराध अनुसन्धान तथा न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको अवस्थासमेतलाई मध्यनजर राख्दा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा सजाय चर्को पर्न जाने देखिँदा पुनरावेदक प्रतिवादी सलेन घिसिङलाई कैद वर्ष दश (१०) मात्र सजाय हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल माघ ३ गते रोज ४ शुभम् ।

२०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-११०३, लागू औषध (खैरो हेरोइन), *विजयकुमार लोनिया वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा आई आरोपित कसूरमा इन्कार रही बयान गरे पनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूसँगबाट प्रतिवन्धित लागू औषध खैरो हिरोइन ४२ ग्राम बरामद भएकोमा सावित भएका र सो कुरा बरामदी मुचुल्का, मुचुल्का तयार गर्ने प्र.ना.नि. सुरेन्द्रबहादुर चन्द समेतका व्यक्तिहरूले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट पुष्टि हुन आएको पाइँदा आफ्नो साबिती बयान पुष्टि हुन नसकेको भन्ने प्रतिवादी जिकीर विश्वासयोग्य र ग्रहणयोग्य देखिन आएन । मौकामा बयान गर्दा आफूले बरामद लागू औषध खैरो हिरोइन ओमप्रकाश यादव, सुनील थापा समेतले बराबर लगानी गरी खरीद गरेको र विक्री गर्न नपाउँदैका अवस्थामा पक्राउ परेको भनी बयान गरेको पाइदा प्रतिवादीले प्रतिवन्धित लागू औषध खैरो हिरोइन खरीद गरी विक्री गर्ने प्रयोजन लिएको भन्ने प्रमाणित हुने ।

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) मा लागू औषधको बिक्री वितरण गर्न निषेध गरिएको, त्यसरी नै दफा ४(ङ) मा लागू औषधको निकासी वा पैठारी गर्न निषेध गरिएको पाइन्छ। यसरी नै दफा ४(च) मा लागू औषध खरीद गर्ने, सञ्चय गर्ने राख्ने वा ओसारपसार गर्ने कार्यलाई निषेध गरिएको पाइन्छ। प्रतिवादीको साथबाट बरामद लागू औषध खैरो हिरोइन नै भएको भन्ने कुरा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मिति २०६३।७।२१को परीक्षण प्रतिवेदनबाट प्रमाणित हुन आएको र प्रतिवादीहरूको उक्त कार्य अभियोग दावीबमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) (ङ) (च) विपरीतको देखिँदा निजलाई सोही ऐनको दफा १४(१)(छ) (२) बमोजिम १० वर्ष कैद र ७५,०००।- जरीवाना हुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल माघ ३ गते रोज ४ शुभम्।

२१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको WO-०६३९, उत्प्रेषण परमादेश समेत, *वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्चका तर्फबाट अख्तियारप्राप्त रामकुमार आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

वातावरण संरक्षण गरिनु र हुनु आज समस्त विश्वकै साझा सरोकारको विषय भएकाले वातावरण संरक्षणका लागि अदालतको अभिभावकीय भूमिका हुन्छ भने यसको संरक्षणका लागि जुटेका संघ संस्था तथा व्यक्तिहरूको पनि यत्तिकै सक्रिय भूमिका अपेक्षित हुने।

वातावरण संरक्षणको प्रश्न कुनै राष्ट्रको सीमा र राष्ट्रियताको परिधि भन्दा पनि परका आवश्यकतासँग सम्बन्धित छ। यस्तो बहुआयामिक समस्त विश्वकै साझा सरोकारको विषय भएको हुँदा हकदैया र सरोकारको सीमामा संकुचित गर्नु न्यायसंगत नहुने।

आजका पुस्ताको आवश्यकता पूर्ति गर्दा भावी पुस्ताको आवश्यकता पूरा गर्ने प्रकृतिको क्षमतामा कुनै किसिमले पनि ह्रास आउनु हुँदैन र आजका पुस्ताले भोलिका पुस्ताको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारमा अतिक्रमण गर्न नपाउने।

विकास निर्माणका कार्यले वातावरणमा कुनै नकारात्मक असर पुऱ्याउँदैन भनी पुष्टि गर्ने दायित्व प्रस्तावकमा रहने। वातावरणमा क्षति भैसकेपछि नियन्त्रण गर्नुभन्दा क्षति हुनुपूर्व नै नियन्त्रणको लागि पूर्व सावधानी अपनाउने दृष्टिकोणलाई अवलम्बन गर्नुपर्ने।

वातावरण संरक्षण विकासको बाधक अवधारणा होइन। तर विकास र वातावरण विनास दुवैमा सन्तुलन कायम हुन नसक्दाको अकल्पनीय क्षतिबाट समस्त जगतलाई जोगाउन नै कानूनहरूको तर्जुमा हुने।

प्रस्तावित आयोजनाको सट्टा अन्य कुनै विकल्प छ र यस विकल्पको अनुशरण गर्दा वातावरणीय नोक्सानीलाई बचाउन सकिने स्थिति छ भने विकल्पले नै सर्वाधिक प्राथमिकता पाउनु पर्ने।

वातावरण संरक्षण भन्दैमा कुनै पनि रुख काट्नै नहुने, पहाड खनेर बाटो बनाउनै नहुने, नदीमा बाँध बाँध्नै नहुने, पुल पुलेसा बनाउनै नहुने र ढुङ्गा बालुवा झिक्नै नहुने रूपमा बुझ्न भने हुँदैन। प्राकृतिक स्रोत र साधन मानव हितकै लागि हुन्। तर, के कुरा निश्चित हो भने प्राकृतिक स्रोत र साधनको दोहन व्यवस्थित र सन्तुलित भने हुनै पर्ने।

वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा हरसम्भव विकल्पको अध्ययन गरिने प्रावधान रहेकाले विकल्पको छनौट गर्दा वातावरण संरक्षणलाई मूल उद्देश्य मानिनु पर्दछ र यसका लागि आर्थिक व्ययभारको प्रश्नले महत्व पाउनु हुँदैन। नेपाल कानून वातावरण संरक्षणका पक्षमा उभिएका तथा वातावरण संरक्षणसम्बन्धी सन्धि र महासन्धिको नेपाल हस्ताक्षरकर्ता समेत रहेबाट विकासको नाममा कुनै पनि रूपमा वातावरण संरक्षणको प्रश्नलाई गौण मान्न नसकिने।

विकासका योजना बनाउँदा वातावरणलाई सम्भव भएसम्म प्रतिकूल असर नपुऱ्याउनु, यो सम्भवै नभए वातावणलाई कम भन्दा कम असर पुऱ्याउनु र

वन जंगल समेतका प्राकृतिक सम्पदालाई छुनैपर्ने बाहेक अन्य कुनै विकल्प नै नभए यसको प्रभाव अति कम समय मात्र रही पुनः पूर्वावस्थामा ल्याउने उपायहरू इमानदारीपूर्वक अवलम्बन गर्नु नै विकास र वातावरण संरक्षणका बीच सन्तुलन हुनुपर्ने ।

वातावरणीय प्रभाव मूल्याङ्कन कानूनद्वारा निर्धारित प्रक्रियाबाट सम्पन्न हुनु पर्दछ । कानूनद्वारा व्यवस्थित कुरा मनोगत हुन सक्दैन । विविध विकल्पमध्ये छनौट गरिएको विकल्प, वातावरण संरक्षणका दृष्टिकोणबाट अति उपयुक्त छ भन्ने कुराका वस्तुगत आधार प्रतिवेदनमा हुनुपर्दछ । ती वस्तुगत आधार कानूनसम्मत छन् वा छैनन् अदालतका परीक्षणका विषय हुन्छन् । वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का अन्तरवस्तुभित्र अदालतले प्रवेश गर्नु हुँदैन भन्न नमिल्ने ।

कानूनको परिपालन गर्ने गराउने र कानूनको समुचित प्रयोग भएको छ, छैन हेर्ने यस अदालतको कर्तव्य नै हो । सडकको आवश्यकता छ, छैन यसको निर्क्यौल अदालतले गर्दैन । तर, वातावरण संरक्षणका दृष्टिकोणबाट सडक निर्माणका विविध विकल्पमा कानूनबमोजिम समुचित ध्यान दिइएको छ, छैन अदालतले प्रवेश गर्नै पर्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

इति संवत् २०६९ भदौ २६ गते रोज ३ शुभम् ।

२२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-१२४९, कर्तव्य ज्यान, *जीतुराम चमार वि. नेपाल सरकार*

जाहेरवालाले आफ्नो जाहेरी व्यहोरालाई समर्थन गर्दै अदालतसमक्ष उपस्थित भई बकपत्र समेत गरेको पाइन्छ । प्रतिवादीले अधिकार प्राप्त अधिकारी र अदालतमा समेत बयान गर्दा मृतक रमेश कापरले आफूसँगै भएकी सालीलाई जिस्काउने जीउमा छुने समेत व्यवहार गरेकोमा सोही रिसका कारण विल्टु यादवको साइकल पसलको फलामे रडले टाउकोमा हानेको र सोही चोटबाट मृत्यु हुन गएको भनी अपराधमा साबित भई बयान गरेको देखिन्छ । ५ फीट लामो २ ईञ्च गोलाई भएको फलामको रड बरामद भएको, मृतकको टाउको र निधारमा समेत चोट लागेको भन्ने लास जाँच मुचुल्काका साथै टाउकोको चोटको कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन समेतबाट प्रतिवादीको साविती बयान समर्थित हुन गएको देखियो । प्रतिवादी जितुराम चमारले हानेको चोटबाट रमेश कापरको मृत्यु भएको हो भन्ने बुझिएका मानिसहरूले अदालतमा उपस्थित भई वकपत्र गरेको देखिन्छ । उपर्युक्त मिसिल संलग्न आधार प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीको कर्तव्यबाट मृतक रमेश कापरको मृत्यु हुन गएको पुष्टि हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्वन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ।

आफूसँगै हिडेकी सालीलाई मृतकले जिस्काउने र शरीरका संवेदनशील अङ्गमा छुने समेत गरेका कारण सोबाट उत्तेजित भई महिलाको इज्जत र अस्मिताको रक्षार्थ मृतकलाई फलामे छडले प्रहार गरेको देखिन आउँछ । प्रतिवादीले अनुसन्धान अधिकृत तथा अदालत समक्ष उपस्थित भई बयान गर्दा वारदात र घटनास्थलको सम्वन्धमा साँचो कुरा व्यक्त गरी अपराध अनुसन्धान तथा न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको अवस्था समेतलाई मध्यनजर राख्दा ज्यानसम्वन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा सजाय चर्को पर्न जाने देखिँदा पुनरावेदक प्रतिवादी जितुराम कापरलाई कैद वर्ष आठ (८) मात्र कैद सजाय हुनुपर्ने भन्ने जिल्ला अदालतले व्यक्त गरेको रायलाई सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको राय समेत मुनासिब देखिँदा सो समेत सदर हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल माघ ३ गते रोज ४ शुभम् ।

२३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-०४५१, परमादेश समेत, *अधिवक्ता तुलसी सिंखडा वि.संविधान सभा (व्यवस्थापिका संसद्) सचिवालयसमेत*

राज्यका अङ्गहरू जस्तै व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकालगायत अन्य संवैधानिक अङ्गका काम, कर्तव्य र अधिकारहरू संवैधानिक व्यवस्थाद्वारा निर्धारित गरिएका छन् । त्यसको दायरामा रही ती संस्थाहरूले कार्य गर्नुपर्ने हुन्छ । संविधानले विधायिकालाई प्रदान गरेको संवैधानिक अख्तियारीभित्र रही विधायिकाले एउटा निश्चित् विद्यायिकी नीति वा सिद्धान्त बनाई त्यसलाई कार्यान्वयन गर्न कानून निर्माण गर्ने कार्य विधायिकाको क्षेत्राधिकारभित्रको विषय हो । कुन उद्देश्य प्राप्तिका लागि के कस्तो कानून बनाउने वा नबनाउने भन्ने विषय विधायिकाको एकलौटी क्षेत्राधिकार (Exclusive Jurisdiction) अन्तर्गत पर्ने कुरा हो । शक्तिपृथकीकरणको सिद्धान्तले विधायिकी दायरा (Legislative domain) को कानून निर्माणको विषयमा सामान्यतया न्यायपालिकाले हस्तक्षेप गर्न मिल्ने हुँदैन । यसर्थ निवेदकले दावी गरेबमोजिम हातहतियार खरखजाना ऐन र विष्फोटक पदार्थ ऐनसमेतको प्रभावकारी कार्यान्वयनको लागि नयाँ कानून निर्माण गरिपाऊँ भन्ने अधिकारक्षेत्रको विषय संवैधानिक व्यवस्थाबमोजिम अन्य निकायको हुँदा अदालतले हस्तक्षेप गर्न मनासिब देखिन नआएकोले निवेदन मागबमोजिम परमादेश जारी गर्न मिल्ने अवस्था नदेखिने ।

निवेदकले द्वन्द्वोत्तर राज्यमा सार्वजनिक चासोको रूपमा उठाएको शान्ति तथा सुरक्षा र अवैध हातहतियार नियन्त्रण गर्न गरिने कानूनी कारवाहीमा कानूनको कार्यान्वयनको अपेक्षित सुदृढता नभएको र देशका विभिन्न ठाउँहरूमा विभिन्न हातहतियारधारी व्यक्ति र समूहहरूबाट आपराधिक गतिविधिहरू सञ्चालित भई वारदात घटाइएको सार्वजनिकरूपमा घटनाक्रमहरूबाट देखा पर्नुबाट उल्लिखित ऐनहरूको अझ सशक्त र प्रभावकारी कार्यान्वयनको आवश्यकता रहेको देखिन आउँदा एक लोककल्याणकारी राज्यले आम नागरिकलाई शान्ति सुरक्षाको स्थितिबाट आश्वस्त पार्नु पर्दछ । निवेदकले निवेदनमा उल्लेख गरेअनुसार हातहतियारको सम्बन्धमा कानूनको पालना हुन नसकेको क्षेत्रमा पालना गर्नेतर्फ उचित व्यवस्थापन गर्नमा देखिएका कमी कमजोरीहरूको निराकरण गर्नेतर्फ आवश्यक कार्य गर्नका साथै सोको लागि चाहिने थप स्रोत साधन सम्वन्धित कानून कार्यान्वयन निकायहरूलाई उपलव्ध गराई परिणाममुखी हुने गरी सशक्त परिचालन समेत गर्दै जानु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत :- गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः- मन्जिता ढुंगाना
इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम् ।

२४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CR-०५४७, रहजनी चोरी, नेपाल सरकार वि. अविनाश राजभण्डारी

प्रतिवादी अविनाशराज भण्डारीलाई फेला पारी तत्काल शरीर खानतलासी गर्दा निजको पाइन्टको खल्तीबाट १ तोला ४७ लाल बराबरको सुनको सिक्रीसम्म फेला परेको भन्ने मौकाको खानतलासी एवं बरामदी मुचुल्का रहेको देखिन्छ । निज प्रत्यर्थी प्रतिवादी अनिवाश राजभण्डारीले अधिकार प्राप्त अधिकारी तथा अदालतमा जाहेरीवालीको सुनको सिक्री चोरी गरेकोमा सावित भई बयान गरेको देखिए तापनि लकेट कतै खसेको हुनुपर्दछ भन्ने उल्लेख गरी सो लकेट सम्बन्धमा यकीन भन्न नसकेको र लकेट चोरी गरेको भन्ने अन्य वस्तुनिष्ठ प्रमाणको अभावमा बरामदी मुचुल्का बमोजिम १ तोला ४७ लालको सुनको सिक्री बाहेक अन्य मालसामान प्रत्यर्थी प्रतिवादीले चोरी गरेको भन्ने नदेखिने ।

चोरीको महलले चोरीलाई पाँच प्रकारमा वर्गीकरण गरी सजायको व्यवस्था गरेको छ । यी बेग्लाबेग्लै किसिमको चोरी हुँदा कानूनले सजाय पनि बेग्लाबेग्लै तवरले निर्धारण गरेको छ । चोरीको पटक कायम गर्ने सम्बन्धमा १२ नं. ले साधारण चोरीमा पटकेमा सजाय हुने व्यवस्था गरी डाँका,

रहजनी, जवर्जस्ती चोरी र नकवजनीलाई बाहेक गरेको देखिन्छ । साधारण चोरीमा जरीवानाको हकमा विगोबमोजिम र कैदको हकमा पटकै पिच्छे फरक हुने गरी स्पष्ट रूपमा सजाय निर्धारण गरेको पाइन्छ । त्यस्तै चोरीको १४(४) नं. ले डाँका चोरी मुद्दामा पटक कायम गरी सजायको व्यवस्था गरेको देखियो । रहजनी चोरीका सम्बन्धमा चोरीको १४(३) नं. ले सजाय सम्बन्धमा १२ नं. बमोजिम हुने सजायको दोब्बर बढाई सजाय गरी जरीवानाबापत समेत कैद गर्नुपर्छ भन्ने व्यवस्था गरेकोमा पटकेमा सजाय हुने सम्बन्धमा केही उल्लेख भएको देखिन आउँदैन । चोरी मुद्दामा पटक कायम गर्दा एक किसिमको चोरीलाई अर्को किसिमको चोरीसँग गाभी पटक कायम गर्दा अपराध नगरेकै विषयमा सजाय दिनुपर्ने स्थितिको सिर्जना हुने हुँदा सो गर्न नमिल्ने भनी यस अदालतबाट निवेदक लोकबहादुर भन्ने राजाराम बस्नेत विरूद्ध सप्तरी जिल्ला अदालत समेत भएको बन्दीप्रत्यक्षीकरण (*नेकाप* २०४७, नि.नं. ४७०५, पृष्ठ १५३) मा सिद्धान्त समेत प्रतिपादन भएको पाइने ।

फौजदारी कानूनको व्याख्या गर्दा वा लागू गर्दा अक्षरशः एवं कठोर रूपमा गर्नुपर्दछ । फौजदारी न्याय गर्दा अभियुक्तले अपराध गरेको भएपनि उसको अपराधको गम्भीरतालाई बढाएर वा तन्काएर फौजदारी कानूनको गम्भीर प्रावधानतिर पुर्‍याउनु हुँदैन, जति कुरा उल्लंघन भएको छ त्यतिमा आधारित भएर गर्नु पर्दछ । कानून निर्माण गर्दाका बखत भएका त्रुटि एवं कमी कमजोरीका सम्बन्धमा थप गर्ने, हटाउने संशोधन गर्ने अधिकार केवल विधायिकासँग मात्र निहीत रहेको हुन्छ । यसमा अदालतले देवानी कानूनमा जस्तो Analogy of Law को हिसावले व्याख्या र विवेचना गर्न मिल्ने हुँदैन । रहजनी चोरी मुद्दामा पटकेमा सजाय हुने सम्बन्धमा सजायको व्यवस्था कानून निर्माण गर्दाका वखत विधायिकाले गरेको नदेखिँदा पटके कायम हुने गरी सजाय निर्धारण गर्न मनासिव हुँदैन । प्रतिवादीलाई अभियोग माग दावीमुताविक रहजनी मुद्दामा अपराध गरेको स्थापित भई कैद सजाय समेत भैसकेको अवस्थामा पटकेमा सजाय .गर्नु न्यायिक दृष्टिकोणले समेत उपयुक्त देखिन नआउन हुँदा अविनास राजभण्डारीले बाटोमा ढुकी खुकुरी समेत देखाई जाहेरवाली विमलादेवी शाहको विगो रु. २४,५१९।- बराबरको सुनको सिक्री चोरी गरेकोले मुलुकी ऐन चोरीको महलको १ र ५ नं. को कसूरमा ऐ. १४(३) नं. बमोजिम विगोको दोब्बर जरीवाना र कैद महिना २ सजाय हुने र जरीवानाबापत समेत कैद हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल असोज १४ गते रोज १ शुभम् ।

२५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CR-०८५९, रहजनी चोरी, *नेपाल सरकार वि. अविनाश राजभण्डारीसमेत*

प्रत्यर्थी प्रतिवादीहरूले ललितपुर सानेपा स्थित बाटोमा रु. १०,०००।- पर्ने मोवाइल, रू. ५,५५०।- पर्ने सुनको औठी र नगद रु. ८००।- समेत जम्मा विगो रु. १६३५०।- बराबरको धनमाल जाहेरवालाबाट चोरी गरेको भन्ने जाहेरी दरखास्त भई सोहीअनुरूप रु. १६,३५०।- विगो चोरी गरेको भन्ने दावी लिई प्रत्यर्थी प्रतिवादीहरू उपर अभियोग पत्र दायर भएको देखिन्छ । प्रत्यर्थी प्रतिवादीहरू मध्येका अविनाश राजभण्डारीले जाहेरीबमोजिमको विगो रु. १६,३५०।- बराबरको धनमाल जाहेरवालाबाट चोरी गरेको भनी अधिकार प्राप्त अधिकारी समक्ष बयान गरेको भएतापनि अदालतमा आई बयान गर्दा चोरी गरेको कुरालाई स्वीकार गरी चोरीको रकममध्ये आफूले रु. ४००।- मात्र खाएको भनी अन्य धनमालका सम्बन्धमा अनभिज्ञता प्रकट गरेको देखिन्छ । मुद्दा अनुसन्धानको क्रममा फरार रही अदालतमा उपस्थित भई बयान गर्ने अर्को प्रत्यर्थी प्रतिवादी सुदिप श्रेष्ठले चोरी दुवै जना भई गरेको हो । मैले चोरीवापत रू. १००।- मात्र खाएको हुँ, अरु अविनाशले के के लग्यो थाहा छैन भनी उल्लेख गरेको देखियो । प्रत्यर्थी प्रतिवादीहरूको उल्लिखित बयान हेर्दा जाहेरवालाको नगद चोरी गरेकोमा प्रत्यर्थी प्रतिवादीहरू एक अर्कामा पोलापोल गरी

सावित भएका छन् । तापनि जाहेरी र अभियोग अनुरूपको धनमाल निजहरूबाट बरामद भएको देखिँदैन । यस्तो अवस्थामा प्रत्यर्थी प्रतिवादी अविनाश राजभण्डारीले खाएँ भनी स्वीकार गरेको विगो नगद रु. ४००।- तथा प्रत्यर्थी प्रतिवादी सुदिप श्रेष्ठले खाएँ भनेको नगद रु १०० समेत जम्मा रु. ५००।- (पाँचसय) जाहेरवाला प्रत्यर्थी प्रतिवादीहरूले चोरी गरेको देखिएकोले अन्य वस्तुनिष्ठ प्रमाणको अभावमा रु. १६३५०।- बराबर चोरीको विगो कायम हुन नसक्ने ।

प्रत्यर्थी प्रतिवादीहरू अविनाश राजभण्डारी र सुदिप श्रेष्ठले बाटो ढुकी जाहेरवालाबाट जम्मा विगो रु. ५००।- बराबरको धनमाल चोरी गरेको हुँदा निजहरूलाई मुलुकी ऐन चोरीको महलको १ र ५ नं. को कसूर गरेको कायम गरी ऐ. १४(३) नम्बरबमोजिम जनही विगोको दोब्बर रु. १०००।- जरीवाना र कैद महिना २ हुने र जरीवानाबापत समेत कैद हुने तथा चोरीको विगो रु. ५००।- प्रत्यर्थी प्रतिवादीहरूबाट जाहेरवालालाई भराई दिनुपर्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ राल असोज १४ गते रोज १ शुभम् ।

२६

**मा. न्या.श्री दामोदरप्रसाद शर्मा र मा. न्या.श्री कमलनारायण दास,** ०६७-CI–११७६, निर्णय बदर, *बुधलाल यादव वि. लक्ष्मी यादवको मु.स. गर्ने सोभादेवी यादव*

सगोलका एकै घर परिवारको नाममा रहेको जग्गामा सगोलकै अर्को कुनै एक सदस्य मोहीको हैसियतमा रहन नसक्ने भन्ने ऐनको मनसाय रहेको देखिन्छ । तर घर परिवार बाहिरको अन्य कुनै जग्गाधनीको नाममा रहेको जग्गामा एकै घर परिवारको कुनै एक सदस्य साविकदेखि मोही कायम रही आएकोमा पछिबाट सो जग्गा मोहीको घर परिवारको अर्को कुनै सदस्यले खरीद गरी लिई जग्गाधनी बन्न गएको अवस्थामा मोहीसँग हालवाला जग्गाधनीको नाता परेको कारण देखाई साविकदेखिको मोहीलाई आघात पर्ने गरी मोही निष्काशनको दावी लिन पाउने उल्लिखित ऐनको मनसाय रहेको नदेखिने ।

विवादित कि.नं. ३३ को जग्गा यी पुनरावेदक प्रतिवादी घरको दाजुले केवल पछिबाट खरीद गरी लिएकै आधारमा साविकदेखि मोही कायम रहेका प्रत्यर्थी वादीको मोही हक समाप्त हुन्छ भन्नु विवेकसम्मत् र न्यायसम्मत् नहुने ।

पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी दाजुभाइ भन्ने देखिए तापनि विवादित कि.नं. ३३ को जग्गा यी पुनरावेदक प्रतिवादीले मिति २०४५।११।१० मा खरीद गरी लिनुपूर्व नै यी प्रत्यर्थी वादी लक्ष्मी यादव भूमिसम्बन्धी ऐन, २०२१ को कानूनी व्यवस्थाबमोजिम मोही कायम भई रहेको भन्ने देखिएको र प्रत्यर्थी वादीले विवादित जग्गामा मोहीको हैसियतले पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको भन्ने जिकीर पुनरावेदक प्रतिवादीले लिन नसकेको अवस्थामा केवल घरको दाजुले पछिबाट जग्गा खरीद गरी लिएकै आधारमा अगावैदेखि विवादित जग्गामा कानूनअनुरूप कायम रहेका मोही प्रत्यर्थी वादीको मोही हक समाप्त हुन नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

२७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा. न्या.श्री कमलनारायण दास,** ०६५-CR-०४२४, नकबजनी चोरी, *नेपाल सरकार वि. वाङ्गे भन्ने विजय गुरुङसमेत*

नकबजनी चोरी मुद्दामा पटकेमा सजाय हुने सम्बन्धमा सजायको अवस्था कानून निर्माण गर्दाका बखत विधायिकाले गरेको नदेखिँदा पटके कायम हुने गरी सजाय निर्धारण गर्न मनासिब हुँदैन । तथापि प्रतिवादीहरू विजय गुरुङ र विकास थापाले आफूहरूलाई नकबजनी चोरी मुद्दामा भएको सजाय स्वीकार गरी बसेको अवस्थामा अदालतले त्यस विषयमा हाल बोलिरहनु पर्ने देखिएन । अभियुक्त र अपराधबाट पीडित व्यक्ति दुबैलाई सन्तुलित रूपमा न्याय प्रदान गर्नु नै न्याय प्रणालीको आधारभूत

लक्ष्य हुनुपर्दछ । प्रतिवादीहरूलाई अभियोग माग दावीमुताविक नकबजनी मुद्दामा अपराध गरेको स्थापित भई कैद सजायसमेत भैसकेको अवस्थामा पुनः उक्त कैद सजायमा डेढी बढाई सजाय गर्नु न्यायिक दृष्टिकोणले समेत उपयुक्त नदेखिने ।

प्रतिवादी प्रताप क्षेत्री अधिकार प्राप्त अधिकारीसमक्ष कसूरमा सावित रहेको भए पनि अदालतमा बयान गर्दा कसूरमा पूर्णतः इन्कार रही बयान गरेको देखिन्छ । निज प्रतिवादीबाट चोरीको सामान पनि बरामद हुन नसकेको र सामान कसैलाई बिक्री गरेको भन्ने तथ्ययुक्त प्रमाण वादी पक्षबाट पेश हुन सकेको पाईंदैन । प्रतिवादीहरू विजय गुरुङ, विकास थापासमेतले अदालतमा बयान गर्दा प्रतिवादी प्रताप क्षेत्रीले चोरीको मालसामान बाँडी खाएका होइनन्, आफूहरूले मात्र लिएको हो भनी उल्लेख गरेको देखिँदा प्रतिवादीहरू विजय गुरुङ र विकास थापाले जाहेरवालीको घरको ताला फोडी रू. १,१४,४०५।- बराबरको धनमाल चोरी गरेको हुँदा निजहरूलाई चोरीको महलको १४(१) नं. बमोजिम जनही बिगोको डेढी जरीवाना र तीन महिना कैद गर्ने र प्रत्यर्थी प्रतिवादी प्रताप क्षेत्रीलाई अभियोग दावीबाट सफाइ हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल असोज १४ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६५-CR-०४२५, नकबजनी चोरी, *नेपाल सरकार वि. बाङ्गे भन्ने वा विजय गुरुङ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CR-०४२६, नकबजनी चोरी, *नेपाल सरकार वि. राजकुमार वि.क.समेत*

किटानी जाहेरी, जाहेरी व्यहोरा समर्थित हुने घटनास्थल प्रकृति मुचुल्का र निज प्रतिवादीहरू वियज गुरुङ र प्रताप क्षेत्रीको अधिकारप्राप्त अधिकारी तथा अदालतमा भएको बयानसमेतबाट निजहरूले जाहेरवालीको घरबाट रू. ९८,५६४।- बराबरको धनमाल चोरी गरेको पुष्टि हुँदा नकबजनी चोरीको अपराध कायम हुने ।

फौजदारी कानूनको मुख्य उद्देश्य दुरासय र अपचार (Mischief) लाई रोक्ने हो भन्नेमा विवाद हुन सक्दैन । कानून व्याख्याको सन्दर्भमा हेर्दा देवानी वा अन्य कानूनभन्दा फौजदारी कानूनको व्याख्या गर्दा वा लागू गर्दा अक्षरशः एवं कठोर रूपमा गर्नुपर्दछ । फौजदारी न्याय गर्दा अभियुक्तले अपराध गरेको भए पनि उसको अपराधको गम्भीरतालाई बढाएर वा तन्काएर फौजदारी कानूनको गम्भीर प्रावधानतिर पुऱ्याउनु हुँदैन, जति कुरा उल्लंघन भएको छ त्यतिमा आधारित भएर गर्नुपर्ने ।

कानून निर्माण गर्दाका बखत भएका त्रुटि एवं कमी कमजोरीका सम्बन्धमा थप गर्ने, हटाउने, संशोधन गर्ने अधिकार केवल विधायिकासँग मात्र निहीत रहेको हुन्छ । यसमा अदालतले देवानी कानूनमा जस्तो Analogy of Law को हिसाबले व्याख्या र विवेचना गर्न मिल्ने हुँदैन । प्रस्तुत नकबजनी चोरी मुद्दामा पटकेमा सजाय हुने सम्बन्धमा सजायको व्यवस्था कानून निर्माण गर्दाका बखत विधायिकाले गरेको नदेखिँदा पटके कायम हुने गरी सजाय निर्धारण गर्न मनासिब हुँदैन । तथापि प्रतिवादीहरू विजय गुरुङ र प्रताप क्षेत्रीले आफूहरूलाई नकबजनी चोरी मुद्दामा भएको सजाय स्वीकार गरी बसेको अवस्थामा अदालतले त्यस विषयमा हाल बोलिरहनु पर्ने नदेखिने ।

अभियुक्त र अपराधबाट पीडित व्यक्ति दुबैलाई सन्तुलित रूपमा न्याय प्रदान गर्नु नै न्याय प्रणालीको आधारभूत लक्ष्य हुनुपर्दछ । प्रतिवादीहरूलाई अभियोग माग दावीमुताबिक नकबजनी मुद्दामा अपराध गरेको स्थापित भई कैद सजायसमेत भैसकेको अवस्थामा पुनः उक्त कैद सजायमा डेढी बढाई सजाय गर्नु न्यायिक दृष्किोणले समेत उपयुक्त देखिन नआएकोले वादीको पुनरावेदन जिकीर र यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्ने आदेशसँग सहमत हुन नसकिने ।

प्रतिवादी राजकुमार वि.क.लाई सफाइ दिएको इन्साफ सम्बन्धमा विचार गर्दा निजलाई चोरीको माल जानीजानी कम्ती मोलमा खरीद गरेको भन्ने अभियोग देखिन्छ । निज प्रतिवादीले अदालत र अधिकारप्राप्त अधिकारीसमक्ष चोरीको माल जानीजानी खरीद गरेकोमा इन्कार रही बयान गरेको पाइन्छ । यी प्रतिवादीले प्रतिवादीहरूमध्ये दीपककुमार क्षत्रीबाट सुनको हारसमेत रू. ३६,६९६।- मा खरीद गरेको र रू. ६,०००।- दिन बाँकी राखेको छु र प्रतिवादीमध्येका विजय गुरुङले हार बेच्न भनी आउँदा बिल नभएको फिर्ता पठाई दिएको थिएँ भनी अदालतसमक्ष भएको बयानमा उल्लेख गरेको देखिन्छ । यसर्थ चोरीको माल भन्ने जानीजानी लिएको भन्ने तथ्ययुक्त, ठोस र विश्वसनीय प्रमाण वादी पक्षबाट पेश हुन नसकेको अवस्थामा अभियोग दावी एवं पुनरावेदन जिकीरबमोजिम यी प्रतिवादीले कसूर गरेको भनी पुष्टि हुन नआउँदा जाहेरवाली सविता गुरुङको घरको ढोका फोडी यी प्रतिवादीहरू विजय गुरुङ र प्रताप क्षेत्रीले रू.९८,५६४।- बराबरको धनमाल चोरी गरेको देखिँदा निजहरूलाई चोरीको महलको १४(१) नं बमोजिम बिगोको डेढी जरीवाना गरी प्रत्यर्थी प्रतिवादी विजय गुरुङलाई कैद वर्ष १ र प्रतिवादी प्रताप क्षेत्रीलाई कैद महिना ३ हुने तथा प्रतिवादीमध्येका राजकुमार वि.क.ले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल असोज १४ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा. न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** *०६९-WO-०३३४, उत्प्रेषण, श्यामप्रसाद मैनाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

पत्रकार सम्मेलनमा निवेदकले व्यक्त गरेको आफ्नो अनुभव र असन्तुष्टिलाई सरकारले असहज र असामान्य मानी सो विषयलाई निवेदकको अभिलेखमा राख्ने भनी तत्काल बेसरोकार देखिएको संवैधानिक परिषद्लाई बोधार्थ तथा कार्यार्थ भनी पत्र पठाइएको देखिन्छ । यसबाट भविष्यमा निवेदकको हकमा राज्यले गर्ने व्यवहार र दृष्टिकोणलाई प्रभावित गर्ने उद्देश्य वा अन्य कुनै उद्देश्यले त्यस्तो अभिलेख राख्ने भनी निर्णय भएको देखिएकोले त्यस्तो अभिलेख राखिनु कानूनसंगत् मान्न मिल्ने देखिँदैन । यसका साथै निजामती सेवाबाट निवृत्त भएको कर्मचारीको सञ्चयकोष, पेन्सनपट्टा, नागरिक लगानीकोष आदिको व्यवस्थापनको लागि तत्तत् निकायमा लेखी पठाई कर्मचारीको अभिलेखीकरण गर्ने गरिन्छ । तर, प्रस्तुत रिटमा अभिलेखवद्ध गर्ने भनी संवैधानिक परिषद्मा पठाउनुको कुनै तर्कपूर्ण आधार र औचित्यसमेत प्रत्यर्थीहरूबाट आफ्नो लिखित जवाफमा खुलाउन सकेको नदेखिएबाट सो कार्यलाई मनासिब मान्न नमिल्ने ।

सेवा निवृत्त भैसकेको व्यक्तिलाई निजामती सेवा ऐन, २०४९ समेतमा उल्लिखित आचरणसम्बन्धी कानूनी व्यवस्थाले नियन्त्रण र नियमन गर्न मिल्ने नदेखिएको, निवेदकको नाम अभिलेखमा राख्ने भनी निर्णय गर्दा निवेदकलाई सफाइको मौका दिएको नदेखिएको तथा सेवा निवृत्त कर्मचारीको व्यवहार अभिलेखमा राख्ने वा राख्न सक्ने गरी निर्णय गर्नसक्ने अधिकार प्रचलित नेपाल कानूनले प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई दिएको नदेखिएकोले निवेदकलाई दिइएको च.नं. २७६ को पत्रमा उल्लिखित “पदीय मर्यादा र निजामती कर्मचारीको आचरणको प्रतिकूल हुने गरी पत्रकार सम्मेलनमार्फत् अतिरञ्जित ढङ्गले प्रचार प्रसारमा ल्याएको विषयलाई गम्भीरतापूर्वक लिई निजको नाम अभिलेखमा राखी” भन्ने शब्दांश र तत्सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।४।१७

को निर्णय सो हदसम्म मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल पुस २९ गते रोज १ शुभम् ।

२

**मा. न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६६-WO-०४९१, उत्प्रेषण, परमादेश, *गोपाल त्रिपाठी वि. बागेश्वरी उच्च माध्यमिक विद्यालयसमेत*

कुनै पदाधिकारीले कानूनविपरीत कुनै निर्णय वा कार्य गरेमा वा अधिकारको अतिक्रमण गरी कार्य गरेमा वा नभएको अधिकार प्रयोग गरी निर्णय गरेमा वा निर्णय गर्दा कार्यविधिगत त्रुटि गरी निर्णय गरेको देखिएमा र सो निर्णय वा कार्यबाट कसैको संविधान वा कानूनप्रदत्त हकमा आघात परेमा सो निर्णय र कामकारवाही उत्प्रेषणको आदेश जारी गरी बदर गर्न सकिने हुन्छ । तर यी निवेदकलाई शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ बमोजिम अधिकारप्राप्त अधिकारीले कानूनमा तोकिएको अवस्थाको विद्यमानतामा कानूनको उचित प्रक्रिया अवलम्बन गरी एक विद्यालयबाट अर्को विद्यालयमा सोही तह, श्रेणी र पदमा सरूवा गरेको देखिएकोले जिल्ला शिक्षा अधिकारीको सो निर्णयबाट निवेदकको पेशा रोजगारी गर्नेलगायत संविधान र कानूनप्रदत्त अन्य हकमा कुनै आघात परेको देखिएन । शिक्षकलगायत कुनै अन्य राष्ट्रसेवकको सरूवा एउटा नियमित प्रक्रिया हो । यी निवेदकको पनि जिल्लाभित्रकै एक विद्यालयबाट अर्को विद्यालयमा सरूवा गरिएको र त्यसरी सरूवा गर्दा कानूनको उचित प्रक्रिया पूरा गरी गरेको देखिएकोले कानूनबमोजिम गरिएको कार्यबाट निवेदकको संविधान एवं कानूनप्रदत्त हकमा आघात पुगेको मान्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल फागुन ३ गते रोज ५ शुभम् ।

३

**मा. न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-००१६, मोही नामसारी, मोही प्रमाणपत्र, *मालतीदेवी तमोलिन वि. लञ्जीना कवार्नी*

फिल्डबुकमा मोहीको नाम, थर, वतनको महलमा महमद कवारी भन्ने उल्लेख भएको देखिएको, उक्त जग्गा प्रतिवादीले अनुपा कुर्मीबाट खरीद गरी लिँदा मोही जनिएकै अवस्थामा खरीद गरी लिएको भन्ने प्रतिवादी मालतीदेवीको नाउँमा रहेको कि.नं. ४२ को जग्गाको जग्गाधनी प्रमाणपूर्जाबाट देखिएको, जग्गाधनी प्रमाणपूर्जामा जनिएको मोही वास्तविक मोही नरहेको भए निजलाई स्रेस्ताबाट हटाउनेतर्फ प्रतिवादीले कुनै कारवाही चलाएको भनी भन्न सकेको नदेखिएको, २०६१ सालमा प्रतिवादीले उक्त जग्गाको बाली बुझी वादीलाई भरपाई गरिदिएको देखिएको समेतका आधार प्रमाणबाट शुरू फैसलालाई उल्टी गरी दावीको जग्गामा फिरादीको पति महमद कवारीलाई मोही कायम गरी वादीका नाउँमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही नामसारी हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल मंसिर ८ गते रोज ६ शुभम् ।

४

**मा. न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०७२२, CR-०६०४, मानव बेचबिखन, *नेपाल सरकार वि. पार्वती सार्की, जानकी देवी जैसी वि. नेपाल सरकार*

घटनाबाट पीडित जाहेरवाला मनिषा जैसीले यी प्रतिवादीले आफूलाई भारत लगी बिक्री गरेको हो भनी जाहेरी दरखास्त, प्रहरीमा गरेको कागज तथा अदालतमा गरेको सनाखत बयानलाई समर्थन गरी अदालतमा बकपत्र गरिदिएको पाइन्छ । जाहेरवालाको उक्त कथनबाट आफ्नी नाबालिग छोरीलाई गुपचुप गरी विवाहको बहाना बनाई भारत लगी छाडी पुनः गाउँघरका मानिस एवं प्रहरी प्रशासनको दवावमा घर फर्काई ल्याएको देखिँदा यी

प्रतिवादीको कार्य अपराधजन्य रहेको स्वतः पुष्टि हुने ।

घटनाको तत्कालपछि सो घटना भएको देख्ने र थाहा पाउने व्यक्तिले वा घटनाबाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा अदालतले प्रमाणमा लिनुपर्ने ।

घटनाको प्रत्यक्ष रूपमा देख्ने व्यक्तिहरू र पीडित मनिषा जैसी स्वयंले यी प्रतिवादीहरूले आफूलाई बिक्री गरेको कुरा घटनाको तत्काल पछि व्यक्त गरी जाहेरी दिएको र सो कुरा साक्षीको रूपमा अदालतमा उपस्थित भई बकपत्र समेत गरेको हुँदा पीडितको उक्त कथनलाई प्रतिवादी जानकीदेवी जैसीका विरुद्ध प्रत्यक्ष प्रमाण मान्नुपर्ने ।

प्रतिवादी जानकीदेवी जैसीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम २० बीस बर्ष कैद र रू.दुई लाख जरीवाना तथा प्रतिवादी पार्वती सार्कीलाई सोही ऐनको दफा १५(१) (ज) बमोजिम दश बर्ष कैद र रू.एकलाख जरीवाना हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६९ साल असोज १७ गते रोज ४ शुभमु ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की, २०६६-wo- ०४९६,** उत्प्रेषणयुक्त परमादेश, *अमरनाथ गुप्ता वि. सीताकुमारी देवी साहसमेत*

अर्काको ऋण खाएपछि दिनु तिर्नु ऋण खानेको कर्तव्य नै हो । आफै ऋण नतिरेपछि अदालतमा मुद्दा परी फैसला भैसकेपछि फैसलाबमोजिमको विगो बुझाउन प्रतिवादी बाध्य हुन्छ । यो वा त्यो बहानामा उसले उन्मुक्ति प्राप्त गर्न नसक्ने ।

फैसलापश्चात् स्वयं अग्रसर भै विगो बुझाउनुपर्नेमा वादीले प्रतिवादीको नाउँमा जायजेथा खोजी दरखास्त हाल्नु पर्ने र जायजेथा फेला नपारेको अवस्थामा सिधाखर्च दाखिल गरी थुनामा राख्न पाउने गरी कानूनी व्यवस्था गरेको देखिन्छ । यसरी वादीको दरखास्त दायर भएपछि प्रतिवादीले सम्भव भए नगदै बुझाउनु पर्दछ, सम्भव छैन भने आफ्नो नाउँको जायजेथा देखाउनु पर्दछ । यी दुई अवस्था देखाउन नसकेको अवस्थामा वादीले थुनामा राख्न पाउने ।

इजलास अधिकृत :- बिष्णुप्रसाद उपाध्याय

कम्प्युटर सेटिङ :- निर्मला भट्ट

इति संवत् २०६९ साल फागुन १० गते रोज ५ मा शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०९५२, उत्प्रेषणयुक्त परमादेश, *अनन्त साह कानू वि. दलित कन्या सामुदायिक प्राथमिक विद्यालय, बसतपुरसमेत*

जुन नियुक्ति कानूनविपरीत छ भनी रिट दिएको हो त्यसै नियुक्तिको विषयमा साधारण अधिकारक्षेत्रअन्तर्गत सम्बन्धित जिल्ला अदालतमा कीर्ते मुद्दाबाट उपचार माग्न गएको अवस्था देखिन आयो । यसरी सो कीर्ते मुद्दाबाटै प्रस्तुत बिबादको सम्बन्धमा न्याय निरोपण हुने नै हुन्छ । त्यस्तो मातहत अदालतमा विचाराधीन मुद्दालाई असर पर्ने गरी माथिल्लो अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोगबाट हस्तक्षेप गरी निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः बाबुराम सुबेदी

इति संवत् २०६९ साल पुस १२ गते रोज ५ मा शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-CI-००२३, निषेधाज्ञा, *रामानन्द मुखिया बीन वि. धुप बीनसमेत*

निवेदकको जग्गा बल जवर्जस्ती कब्जा गर्ने कार्य नगरेको भन्ने देखिई रहेको र घर जग्गा खिचोला गरेको भनी यी पुनरावेदक निवेदकले विपक्षीहरूका उपर खिचोला मुद्दा पनि दायर गरेकोमा पर्सा जिल्ला अदालतले बादी दावी नपुग्ने गरी फैसला गरेको र सो फैसलाउपर निजको पुनः पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन परी मुद्दा

बिचाराधीन रहेको भन्ने कुरा मिसिल संलग्न प्रमाण कागजबाट देखिन्छ । यसरी प्रस्तुत रिट निवेदनमा उठाइएका प्रश्नहरू मातहत अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत विचाराधिन रहेको मुद्दामा पनि उठाइएको अवस्था देखिन आयो । उक्त प्रश्नहरूमा साधारण अधिकार क्षेत्रबाटै उपचार प्राप्त हुन सक्ने अवस्था हुँदा अहिले नै असाधारण अधिकार क्षेत्रबाट हस्तक्षेप गरी निर्णय दिन सिद्धान्ततः नमिल्ने ।

इजलास अधिकृत : बाबुराम सुबेदी

कम्प्युटर टाईप गर्ने: बिश्वराज पोखरेल

इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-CI-०९४९, ११६७, उत्प्रेषणयुक्त परमादेश, *डिल्लीसिंह बुढाक्षेत्री वि. ठम्बरबहादुर वि.सी, जगन्नाथ उच्च मा.वि.बिजौरा, सुर्खेतको विद्यालय व्यवस्थापन समितिका तर्फबाट अख्तियार प्राप्त गरी आफ्ना हकमा समेत ऐ.का अध्यक्ष झंकरबहादुर रावल वि. ठम्बरबहादुर वि.सी*

विषयगत रूपमा स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्ति माध्यामिक विद्यालयको दरबन्दीमा कार्यरत् नै रहेको र शिक्षासम्बन्धी भइरहेको विद्यमान कानूनी व्यवस्थाअनुसार प्रधानाध्यापकको लागि योग्यताप्राप्त गरिनसकेको व्यक्तिलाई प्रधानाध्यापकमा नियुक्ति दिई कामकाजमा लगाउने गरेको विपक्षी जगन्नाथ उच्च माध्यमिक विद्यालयको व्यवस्थापन समितिको निर्णय विद्यमान शिक्षासम्बन्धी कानूनी व्यवस्थाविपरीत रहेको भन्ने आधारमा निवेदकको माग दावीबमोजिम हुने गरी जारी गरेको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

विपक्षी डिल्लीसिंह बुढाक्षेत्रीलाई श्री जगन्नाथ उच्च माध्यमिक विद्यालय विजौरा-७, सुर्खेतको प्रधानाध्यापक पदमा नियुक्ति दिने गरी मिति २०६५।०९।२५ मा भएको जगन्नाथ उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिको निर्णय र सो निर्णयअनुसार मिति २०६५।०९।३० मा दिइएको प्राचार्य पदको नियुक्ती पत्र शिक्षा नियमावली, २०५९, उच्च माध्यमिक शिक्षा परिषद्, सम्बन्धनसम्वन्धी बिनियमहरू,२०५५ तथा सर्वोच्च अदालतवाट भएको फैसलाको सन्दर्भमा कानूनबमोजिम भए गरेको भन्ने नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी शिक्षा नियमावली, २०५९ को नियम ९३(२) को प्रक्रिया पूरा गरी प्राचार्यको नियुक्ति गर्नु भनी विपक्षीमध्येको जगन्नाथ उच्च माध्यमिक विद्यालय बिजौरा-७, सुर्खेतको व्यवस्थापन समितिको नाममा परमादेशको आदेश जारी हुने ।

इजलाश अधिकृतः बाबुराम सुबेदी

कम्प्युटरमा टाईप गर्ने: निर्मला भट्ट

इति संवत् २०६९ साल पुस १२ गते रोज ५मा शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१४०७, निषेधाज्ञायुक्त परमादेश, *श्री माँ जगतारण प्रा.वि.को विद्यालय व्यवस्थापन समितिको तर्फबाट ऐ.का अध्यक्ष चुनीलाल साह सोनार वि. जिल्ला शिक्षा कार्यालय, रौतहटसमेत*

विद्यालयको रकम झिकी हिनामिना गरी भ्रष्टाचार गरेकाले छानबीन गरी कारवाही गर्न निवेदन लिएर जाँदा निवेदन दर्ता गरी अनुसन्धान नगरेकोले जिल्ला प्रशासन कार्यालय, रौतहटको नाममा परमोदश जारी गरिपाऊँ साथै विपक्षीहरू सन्तलाल साह सोनार र नन्दलाल साह सोनारका नामबाट खाता सञ्चालन गरी विद्यालय व्यवस्थापन समितिको हैसियतले काम गर्न अवरोध सिर्जना गरेकाले बैंक खाता सञ्चालन गर्न र विद्यालय व्यवस्थापन समितिको अध्यक्षको हैसियतले काम गर्न अवरोध नगर्नु भनी निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी भएकोमा पुनरावेदन अदालतले निषेधाज्ञाको निवेदन खारेज गरी भ्रष्टाचारमा कारवाही गरिपाऊँ भन्ने निवेदनमा आवश्यक कारवाही गरिदिनु भनी परमादेश जारी गरेको देखिन्छ । निषेधाज्ञा खारेज गरेकोतर्फ चित्त नबुझाई निवेदकले पुनरावेदन गरेको अवस्था हुँदा परमादेश जारी गरेको पुनरावेदन अदालतको आदेशतर्फ प्रस्तुत पुनरावेदनपत्रको रोहमा केही बोलिरहन नपर्ने ।

निषेधाज्ञातर्फको निवेदन दावी खारेज गरेकोतर्फ हेर्दा यी पुनरावेदकले रौतहट जिल्लाअन्तर्गत बिर्तीप्रष्टोका गा.वि.स. वडा नं. ६ मा अवस्थित श्री माँ जगतारण प्रा.वि.को विद्यालय व्यवस्थापन समितिको आफू अध्यक्ष भनी दावी गरेको र सो पदमा विपक्षी सन्तलाल साह सोनारले पनि दावी गरेको देखिन्छ । जिल्ला शिक्षा कार्यालय, रौतहटको लिखित जवाफ हेर्दा चुनीलाल साहले उक्त विद्यालय व्यवस्थापन समितिको नक्कली माइन्युट तयार गरी निकासा भएको रकममध्ये अ. रू.३,७५,०००।- अनियमितता गरेको भन्ने सो विद्यालयको २०६८।०४।११ को पत्रबाट लेखिएको तथा २०६८।०४।२५ मा चुनीलाल साह सोनारले विद्यालय व्यवस्थापन समितिको आधिकारिकताको बारेमा दिएको निवेदनउपर छानबीन भैरहेको भन्ने उल्लेख भएको देखिन्छ । यसरी पुनरावेदकले आफू विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भनी दावी गरेको पदिय हैसियत निर्बिवाद भन्ने देखिएको छैन । निर्बिवाद हक नभएको अवस्थामा रिट क्षेत्र आकर्षित हुन नसक्ने रिटको सामान्य सिद्धान्त रहेको छ । अर्कोतर्फ २०६५।०९।०५ को निर्णयले ३ वर्षको पदावधिको लागि नियुक्त अध्यक्ष पदको अस्तित्व समेत हाल रहेको भन्ने नदेखिएको समेतका आधार प्रमाणबाट पुनरावदेन अदालतले निषेधाज्ञातर्फको निवेदन खारेज गर्ने गरेको इन्साफ अन्यथा नदेखिने ।
इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१२७१, परमादेश, *भीमलाल लामिछाने वि. कृषि विकास बैंक, क्षेत्रीय कार्यालय, पोखरासमेत*

बैंकले विपक्षीमध्येको योगराजलाई ऋण प्रवाह गर्दा यी पुनरावेदक निवेदकले आफ्ना नाउँका जग्गा सो प्रवाहित ऋणबापतमा धितो सुरक्षण राखेको हुदा सोही जग्गाबाट ऋण रकम असूल गर्न बैंक बाध्य हुने भन्ने विपक्षी कृषि विकास बैंकको लिखित जवाफबाट देखिन्छ । कर्जा प्रवाह गर्दा बैंकले यी पुनरावेदक निवेदकककको मञ्जूरीका साथ निजको जग्गा कर्जा सुरक्षणवापत लिएको र सो धितो कायमै रहेको स्थितिमा उक्त धितोबाट बैंकले आफ्नो ऋण रकम असूलउपर गर्न नपाउने भन्ने हुदैन । बैंकले ऋण दिदा सुरक्षणवापत धितो लिएको जग्गा हुदाहुदै अरुनै जग्गाबाट ऋण असूल गर्नु भन्न बैंक सम्बन्धी प्रचलित कानुन समेतबाट नमिल्ने ।

कृषि विकास बैंक, मुख्य कार्यालयको कर्जा असूलउपर गर्ने बारेको पत्रको आधारमा बैंकको बाँकी ऋण रकम असूलउपर गर्ने कार्य थालनी भई कर्जा प्रवाह गर्दा धितो रहेको जग्गाबाट ऋण असूलीको कारवाही भैरहेको भन्ने देखिंदा माग बमोजिम परमादेशको आदेश जारी नहुने ।
इजलास अधिकृत : बाबुराम सुबेदी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६९ साल पुस १२ गते रोज ५ मा शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१२११, निषेधाज्ञा परमादेश, *रामजी राय यादव वि. जिल्ला सर्लाही, लौकठ गा.वि.स.को कार्यालयसमेत*

निवेदक विपक्षी गा.वि.स.मा कार्यालय सहायकको पदमा नियुक्तिपछि नियुक्त भएको हो भन्ने तथ्यमा नै विवाद रहेको र निवेदकले नियुक्ति पाई पदीय हक प्राप्त गरेको भन्ने कुराको निर्विवाद एवं निश्चयात्मक प्रमाण पेश गर्न नसकेकोले मागबमोजिम निषेधाज्ञामिश्रित परमादेशको आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः बाबुराम सुबेदी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल पौष १२ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-CI-००१८, निषेधाज्ञा, *ठूलीमायाँ गोलेसमेत वि.सामुदायिक सेवा समिति तथा सामुदायिक प्रहरी सेवा केन्द्र, हेटौंडा समेत*

सामुदायिक सेवा समितिले प्रस्तुत गरेको लिखित जवाफमा निवेदकमध्येकी ठूलीमायाँसँग रूपैयाँको कारोवार रहेकोले पैसा माग गर्दा धाकधम्की देखाई जीउज्यानमा समेत धावा बोलेकोले छलफल गराइपाऊँ भनी शारदा पराजुलीले निवेदन दिनु भएकोले सो सम्बन्धमा ठूलीमायाँसमेतलाई बोलाई लेनदेनको कारोवारमा झैझगडा नगरी विवाद समाधान गराउन संस्थाको पहलमा दुबै पक्षलाई छलफल गर्ने वातावरणसम्म बनाई दिएको हो । निवेदकलाई धम्क्याउने, जवर्जस्ती कागज गराउने, पैसा लिने काम गरिएको होइन र त्यस्तो कार्य गर्ने यस संस्थाको उद्देश्य पनि होइन भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । जसबाट निवेदकहरूले दावी लिएअनुसार धरपकड गर्ने, रकम दिन दवाव दिने र जवर्जस्ती कागज गराउने जस्ता कार्य विपक्षीहरूबाट भए गरेको अवस्था देखिन आउँदैन । यसका साथै विपक्षीहरूबाट कुनै कागज गरे गराएकै भए पनि त्यसरी अनधिकृत निकायबाट भए गरेको कागजले वैधानिकता प्राप्त गर्न नसकी स्वतः बदरभागी हुने नै भएबाट पुनरावेदकको माग बमोजिम निषेधाज्ञा जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०३८४, निषेधाज्ञा, *लल्लन पासीसमेत वि.दुलारे खटिकसमेत*

जिल्ला एवं पुनरावेदन अदालतसमेतबाट निवेदकहरूको पक्षमा फैसला भई मुद्दा अन्तिम भैरहेको देखिएको अवस्थामा निवेदकको मागबमोजिम निवेदकहरूको जग्गामा विपक्षीहरूबाट अनाधिकार हस्तक्षेप हुने आशंकाको स्थिति देखिएको भन्ने आधारमा निवेदन दावीबमोजिमको कुनै किसिमको कामकारवाही नगर्नु, गर्न नलगाउनु र कानूनबमोजिम बाहेक निवेदकलाई पक्राउ नगर्नू भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१३९६, परमादेश, *नजबुल्लाह मियाँ वि. जिल्ला प्रशासन कार्यालय, बारा कलैयासमेत*

कसूर गर्ने व्यक्ति रहे बसेको वतनसमेत देखाई किटानी जाहेरी दिएको अवस्थामा यथाशीघ्र अभियुक्तलाई पक्राउ नगरी खोजतलास गर्दै मात्र रहेको भन्ने प्रहरीको भनाईबाट अपराध अनुसन्धानतर्फको उचित किसिमको सचेतना देखाउँदैन । खोजतलास गर्दा फेला पार्न नसकिएको हो भने पनि निवेदक पक्षलाईसमेत साथमा लिई यथाशीघ्र अभियुक्तको खोजबीन गर्नुपर्ने प्रहरीको कर्तव्य हुने ।

जाहेरी परेको वर्षौंसम्म पनि अभियुक्त फेला नपरेको र खोजतलास गर्ने कार्य जारी नै रहेको भन्ने जस्ता सतही कुराहरूले सामान्य औपचारिकतासम्म देखाउँदछन् । यस प्रकारका कुराहरूले अपराध अनुसन्धानमा प्रहरीको तदारूखता रहने कुरातर्फको आम सरोकारको विषयलाई उचित ढङ्गले सम्बोधन गर्न सकेको देखिन आउँदैन । यस किसिमको कार्यशैलीबाट प्रभावकारी फौजदारी न्याय प्रशासनको प्रत्याभूति जनतालाई दिन कठिन मात्र होइन असम्भव नै हुन्छ । यसतर्फ फौजदारी न्याय प्रशासन सञ्चालन गर्ने निकाय र अधिकारीहरूले सधै हेक्का राखेर कार्य गर्नुपर्ने हुन्छ । अपराध नियन्त्रण गर्ने कानूनबमोजिमको पदीय जिम्मेवारीलाई पारदर्शी ढङ्गले पूरा नगरिँदा फौजदारी न्यायसँग सम्बन्धित राज्यसंयन्त्रहरू नै फितलो हुँदै गएको भन्ने जनतामा आशंका उब्जन सक्छ । कानूनी राज्यको अवधारणाबमोजिम कानून कार्यान्वयन गर्ने निकायको कार्यशैली सैद्धान्तिक रूपमा मात्रै नभई व्यवहारिक रूपबाट नै कानूनमुखीसमेत देखिनु पर्छ । फौजदारी न्याय प्रणालीप्रति जनताको जनविश्वासलाई कायम राख्न नसकिँदा समाजमा कानून पालना गर्ने भन्दा उल्लंघन गर्ने प्रवृत्ति बढ्दै जानेतर्फ जिम्मेवार निकायले सधैं सचेत हुन जरूरी हुने ।

विपक्षीहरूले लिखित जवाफ प्रस्तुत गर्दा अभियुक्तलाई खोज्ने कार्य भैरहेको भनेको र कसूरको

सम्बन्धमा अनुसन्धानको कार्य अगाडि बढाउन इन्कार गरेको अवस्था देखिई नहालेको हालको अवस्थामा विपक्षीहरूलाई कानूनी कर्तव्यबाट विमुख भएको भनिहाल्ने अवस्था नरहेकोले निवेदकको मागबमोजिम तत्कालै परमादेशको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा. न्या.श्री भरतराज उप्रेती,** साधक नं. २०६८-WO-१०४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमेश थापा*

प्रेमको बहाना गरी शारीरिक सम्पर्क राख्ने र आफ्नो पारिवारिक वातावरण नै बिग्रने अवस्था आएपछि योजनाबद्ध ढंगले मृतकलाई मर्नु अघि सँगै लिई हिँडी सँगै मर्ने, सँगै बाँच्ने भन्ने जस्ता आडम्बरी शब्दजाल रची आफू पनि विष सेवन गरी मर्ने भनी आश्वस्त बनाई शारीरिक सम्पर्क समेत गरी मृतक कल्पना थापालाई विष सेवन गर्न धोखामा पारी उक्साई विष खुवाएको र आफूले नखाएको मिसिलसंलग्न परिस्थितिबाट स्पष्टै देखिन आउँछ । दिन रात सँगसाथमा रहेकी मृतकलाई निजको घर जान नदिई राति सँगै राखी सहवास गर्ने, सँगै मर्ने र सँगै बाँच्ने भनी आश्वस्त पार्ने, मरेपछि पनि नछुट्याई सँगै जलाउनु भन्ने जस्ता कुराहरू लेख्न लगाई मृतकलाई विष सेवन गराई आफूले विष सेवन नगर्ने जस्ता कुराहरूले यी प्रतिवादीको मृतकलाई मार्ने उद्देश्य र मनसायले योजना बनाएको देखिन्छ । आफ्नो योजनाअनुकूल मृतक कल्पना थापालाई विषादी खुवाई निज बाँच्न नसक्ने अवस्था रहेको अनुमान र अड्कल गरी कसूरबाट उम्कन प्रमाण सिर्जना गर्ने उद्देश्यले औषधोपचारको बहाना गरेको देखाउन अस्पतालतर्फ लैजान खोजेको जस्तो गरी अनुसन्धान पद्धतिलाई आफ्नोअनुकूल मोड्न खोजेको स्पष्टै देखिँदा प्रतिवादी रमेश थापा अभियोग दावीबमोजिम कसूरदार होइनन् भन्न मिल्ने नदेखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत :-दीपककुमार दाहाल
विष्णुप्रसाद गौतम

कम्प्युटरः- निर्मला भट्ट

इति संवत् २०६९ साल साउन २६ गते रोज ६ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०५१७, परमादेश समेत, *जीवराज अधिकारी वि. परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरसमेत*

विवादित विषयका सम्बन्धमा अधिकारप्राप्त निकायबाट एकपटक सो विवादित विषयका सम्बन्धमा निर्णय भैसकेको र निर्णय भैसकेको कुरामा समेत स्पष्ट कानूनी त्रुटिको विद्यमानता भएको अवस्था समेत देखिँदैन । अतः प्रचलित कानूनबमोजिमको निकायले गरेको निर्णयलाई यस अदालतबाट रिट क्षेत्रबाट समेत हस्तक्षेप गर्न नमिल्ने एवं सम्बन्धित अधिकारप्राप्त निकायले कानूनबमोजिम निर्णय गरिएको कुरामा कुनै कानूनी त्रुटिको विद्यमानता समेत नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-१०३०, भ्रष्टाचार, *नेपाल सरकार वि. शिव शमशेर राणासमेत*

प्रतिवादी गब्यनाथ पन्तले आपूर्तिकर्ता कम्पनीलाई ठेक्काबापतको रकम भुक्तानीका सम्बन्धमा चासो देखाई आफ्नो पदीय हैसियतका आधारमा कम्पनीलाई ८० प्रतिशत भुक्तानी दिइ सकिएको र बाँकी २० प्रतिशत भुक्तानी समेतका लागि माग भई आएकोमा यिनै प्रतिवादीले बाँकी

२० प्रतिशत रकम भुक्तानी हुनबाट रोक्नका लागि पुनरावेदन अदालत पाटनसमक्ष निषेधाज्ञाको आदेश जारी गरिपाउन निवेदन दायर गरेकोसमेत मिसिलबाट देखिन्छ । आफ्नो जानकारीमा दुग्ध विकास संस्थानलाई नोक्सान हुने कुरा थाहा पाएपछि संस्थान विरुद्ध हुने क्रियाकलापको विरुद्धमा कानूनी उपचारका लागि यी प्रत्यर्थी प्रतिवादीले कर्तव्य निर्वाह गरिरहेको मिसिलबाट देखियो । यसरी आफ्नो कर्तव्य पालना गरेका यी प्रत्यर्थी/प्रतिवादी गव्यनाथ पन्तलाई भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरमा संलग्न रहेको भनी मान्न नमिल्ने ।

प्रतिवादी देवेन्द्र झा का हकमा हेर्दा कानूनबमोजिमको प्रक्रिया पूरा गरी भएको सम्झौताअनुरूपको करारको परिपालना गर्दा करारको पक्षको रूपमा रहेका डेली फूड्स इण्डियाका प्रोपाइटर राकेशकुमार र ऐ.का नेपाल स्थित स्थानिय प्रतिनिधि सुनित माथुरको कार्यबाट दुग्ध विकास संस्थानलाई हुन गएको नोक्सानीमा सञ्चालक समितिका अध्यक्ष रहेका यी प्रतिवादी देवेन्द्र झाको मिलेमतो थियो भनी आशङ्काका भरमा निजलाई भ्रष्ट्राचारको कसूरमा सजाय गर्न नमिल्ने ।

दुग्ध विकास संस्थानका लागि आवश्यक ४१५ मेट्रिकटन दूधको पाउडर खरीद गर्दाको प्रक्रियादेखिको सबै प्रक्रियालगायतका कार्यमा आफूले Specification तथा Authorisation Letter मा र करार पत्रमा समेत हस्ताक्षर गरेको कुरालाई स्वीकार गरी बयान गरेका प्रतिवादी सुनीत माथुरको कार्यबाट सिर्जित दायित्वलाई पावर पार्टस इन्टरनेशनलकै प्रोपाइटर भएकै कारण सो दायित्व यी प्रतिवादी शिव शमशेर राणामा सर्न जाने तथा त्यस्तो कार्यमा मतियारका रूपमा कार्य गरेको भनी भन्न मिल्ने हुँदैन । अतः यी प्रतिवादी शिव शमशेर राणाले प्रतिवादी राकेशकुमार र सुनीत माथुरको मिलोमतोमा दुग्ध विकास संस्थानलाई नोक्सान हुने गरी गरेको कसूरजन्य कार्यमा मद्दत गरे भनी निजलाई उक्त कसूरमा मतियारका रूपमा सजाय गर्नु कानूनसम्मत् नदेखिँदा प्रतिवादीहरू गव्यनाथ पन्त, देवेन्द्र झा र शिव शमशेर राणाले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल साउन २३ गते रोज ३ मा शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WH-००१७, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता धनमाया राना वि. जिल्ला प्रशासन कार्यालय काठमाडौंसमेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५ बमोजिम अनुसन्धानको लागि थुनामा राख्ने अनुमती दिँदा थुनामा राख्नुपर्ने अभियोग, त्यसको आधार र थुनामा राखी तहकीकात गर्नुपर्ने कारण समेत पेश गर्नुपर्ने र त्यसको आधारमा सम्बन्धित कागजातहरू हेरी तहकीकात सन्तोषजनक रूपमा भए, नभएको हेरी सन्तोषजनक देखिए थुनामा राख्न अनुमति दिने हो । तर अभियोक्ता पक्षबाटै खास अभियोग र थुनामा राखी तहकीकात गर्नुपर्ने सन्तोषजनक कारण देखाउन नसकेकोमा पनि हिरासतमा राख्न अनुमति दिई बन्दीप्रत्यक्षीकरणको निवेदनपत्रलाई खण्डित गर्ने हिसावले मिसिल र लिखित जवाफ पठाएको देखिन्छ । उक्त कारवाहीबाट थुनामा राख्नुपर्ने स्पष्ट कारणवेगर नै थुनामा राख्न अनुमति दिई विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोकाले यी निवेदकलाई थुनामा राखेको कार्य गैरकानूनी र विवेकहिन देखिएकोले अन्य मुद्दाबाट निवेदकलाई थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट निवेदकलाई तत्काल थुनामुक्त गरिदिनु भनी विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका समेतका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः- निर्मला भट्ट

इति संवत् २०६९ साल भदौ २० गते रोज ४ मा शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा. न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-००५९, CR-०१०२,

०१०३, ०१०४, ०१०५, ०१७६, गैंडा मारी खाग बिक्री गरेको, *छविर पुन मगर वि. नेपाल सरकार थारु कान्छा भन्ने रामकृष्ण चौधरी वि. नेपाल सरकार, कृष्णबहादुर वोटे वि. नेपाल सरकार, लाहुरे मगर भन्ने गादर पूर्जा मगर वि. नेपाल सरकार, काजिमान तामाङ वि. नेपाल सरकार, कुमार भन्ने यमकुमार पुन वि. नेपाल सरकार*

प्रतिवादीहरूले आफ्नो पुनरावेदन पत्रमा सजाय समेत बढी भएको भन्ने जिकीर लिएको पाइन्छ । आफूलाई सबैले नपोलेको र आफूले गैडा मार्न नगएको भन्ने समेत छविर पुनले उल्लेख गरेको देखिन्छ । सजाय निर्धारण भनेको कानूनले निषेध गरेको क्रिया गर्दा त्यसवापत निर्वहन गर्नुपर्ने कानूनी दायित्वको निष्कर्ष हो । फौजदारी कसूरमा सजायमा निर्णयकर्तालाई तजविजी अबस्था दिएको तथा कैदको न्यूनतम् र अधिकतम् हद तोकिएको छ भने सो परिधिभित्र रहेर नै सजायको निर्धारण गर्नुपर्ने हुन्छ । यी प्रतिवादीहरूउपर माग गरिएको सजायलाई हेर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) को कानूनी व्यवस्थामा गैडा मारेको समेतका कसूरमा पचास हजार रूपैयादेखि एक लाखसम्म जरीवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने देखिन्छ । गैडा मार्ने कार्य, गैंडाको खाग खरीद विक्री गर्ने कार्य सामान्य प्रकृतिको कसूर होइन । यस कुरालाई उक्त ऐनको दफा २७ को प्रतिवन्धात्मक वाक्यांशले स्पष्ट गर्दछ । दफा २७ मा मतियारलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुने तर गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसंग सम्वन्धित कसूरमा मतियारलाई पनि कसूरदारलाई हुने सजाय सरह नै सजाय हुने देखिन्छ । यसरी कानूनले नै गम्भीर मानेको कसूरमा उल्लिखित वन्यजन्तु समेत दफा २६(१) मा उल्लिखित वन्यजन्तुसंग सम्वन्धित कसूर समेतको लागि गोश्वारा रूपमा उल्लिखित सजायमा न्यूनतम् सजाय हुनुपर्ने कानूनी तर्कसंगत् कुनै आधार प्रस्तुत गरेको पाईदैन । गम्भीर अपराधमा कानूनले स्पष्ट निर्देश नगरेसम्म न्यून सजाय नै हुनुपर्ने जिकीर मुनासिव देखिदैन साथै पुनरावेदक प्रतिवादी छविर पुनले आफू कसूर गर्न नगएको जिकीर लिए पनि प्रतिवादीमध्येका वीरमानलाई बारुद दिएको लाहुरे भन्ने गादर पूर्जा मगरलाई सिसाको गोली दिएको र गैडा मारेपछि रू. २०,०००। लिएको कुरामा सावित भएको देखिन्छ । कसूर गर्न प्रयोग हुने सामग्रीहरू उपलव्ध गराई कसूर गरिसकेपछि त्यसबाट प्राप्त रकम निज प्रतिवादीले बाँकी लिएको स्पष्ट देखिन आएकोले निज उक्त वारदातको कसूरमा संलग्न होइनन् भन्न नमिल्ने ।

बोलाउने नामबाट कुनै सह अभियुक्तले पोल गर्दछ भने त्यसलाई स्रेस्ताको भन्दा फरक नाम भएको भन्दैमा त्यस्तो पोललाई इन्कारी गर्न मिल्दैन । बोलाउने नाम अर्थात् कुमार पुन आफ्नो नभएको भनी यी प्रतिवादी यमकुमार पुनले मौकैदेखि इन्कार गरेको देखिदैन । आफ्नो वोलाउने नाम कुमार पुन नभएको भनी मौकैदेखि इन्कार नगरेको अवस्थामा कुमार पुन आफू होइन भनी भन्न सक्ने अवस्था समेत रहदैन । यस्तो अवस्थामा पोल गर्ने सह अभियुक्तहरूले वोलाउने नामबाट नै इंगित गरेकोलाई मान्यता दिन मिल्ने हुँदा प्रतिवादीहरू छवीर पुन मगर, थारु कान्छा भन्ने रामकृष्ण चौधरी, कृष्णबहादुर वोटे, लाहुरे भन्ने गादर पूर्जा मगर, काजिमान तामाङ्ग र कुमार भन्ने यमकुमार पुनलाई अभियोग दाबीबमोजिमको कसूरमा जनही १५ (पन्ध्र) वर्ष कैद र रू. १,००,०००।- (एकलाख) जरीवाना हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : विश्वराज पोखरेल.

इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको स.फौ.नं.०६६-CR-०६२८, ०६२९, वैंक *ठगी, नेपाल इण्डोस्वेज बैंकको पत्रले नेपाल सरकार वि.मधुसुदन पुरी समेत, मधुसुदन पुरी वि. मार्क डुमेजको जाहेरीले नेपाल सरकार*

कानूनमा निषेध गरेको कार्य आपराधिक कार्य हो । त्यस कार्यबाट परिणाम निस्केको हुनुपर्दछ र त्यसबाट निस्कने परिणाम कानूनले निषेध गरेको हुनुपर्दछ । आपराधिक मनसाय भन्नाले कुनै पनि आपराधिक कार्य गर्दा वा सो कार्य गर्ने सम्वन्धमा कर्ताले राखेको सोच अथवा विशेष मष्तिष्कीय अवस्थालाई बुझाउने ।

यो अपराधकर्ताको दोषपूर्ण मानसिक अवस्था (Guilty state of mind) हो । ठगी जस्तो फौजदारी कसूरमा मनसाय तत्वको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कर्ताले आफूले गर्न लागेको कार्यको परिणाम के हुन्छ भन्ने कुरा पहिले नै देखेको सोचेको वा पूर्वजानकारी राख्नु पर्ने ।

ठगी गरिएकै रकमबाट आर्जित भनी अभियोग लागेपछि ठगी गरिएको रकम बाहेक अन्य रकमबाट ती सम्पत्ति आर्जन भएको देखाउने प्रमाणको भार यस्तो जिकीर लिने प्रतिवादीमै रहने ।

दसी प्रमाण अमूर्त भइकन पनि धेरै कुरा बोलिरहेका हुन्छन् । दसी सामानले अपराधलाई पुष्टि गर्ने मात्र नभई अपराधीहरूको परिचय पनि खुलाउने ।

इजलास अधिकृतः हेमबहादुर सेन

इति संवत् २०६९ साल असोज २३ गते रोज ५ शुभम् ।

यसै प्रकृति/लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको स.फौ.पु.नं. ०६६-CR-०६२२, बैंक ठगी, *नेपाल सरकार वि. मधुसुदन पुरीसमेत, मधुसुदन पुरी वि.नेपाल सरकार*
- २०६७ सालको स.फौ.पु.नं. ०६६-CR-०६२४, ०६२५, बैंक ठगी, नेपाल सरकार वि. *मधुसुदन पुरीसमेत, मधुसुदन पुरी वि. नेपाल सरकार*
- २०६७ सालको स.फौ.पु.नं. ०६६-CR-०६२६, ६२७, बैंक ठगी, *नेपाल सरकार वि. मधुसुदन पुरीसमेत, मधुसुदन पुरी वि. नेपाल सरकार*

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको स.फौ.पु.नं. ०६६, CR-०६३०, सरकारी छाप दस्तखत कीर्ते, *मधुसुदन पुरी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अन्य प्रतिवादीहरू सँग मिलेमतो गरी सो कीर्ते नागरिकतामा अन्य प्रतिवादीहरूको फोटो टास्ने कार्य गरेको र सो नक्कली नागरिकतामा कीर्ते सही गरी नक्कली नागरिकता तयार पारेको देखिन्छ । त्यस्तै सोही नक्कली नागरिकताहरू प्रयोग गरी एभरेष्ट बैंक, नेपाल इण्डोस्वेज बैंक र नेपाल ग्रीनलेज बैंकमा खाता खोलेकोमा स्वीकार गरेको पाइन्छ । यसरी उक्त कार्य गर्नु नै अपराध हो भन्ने तथ्य जानीजानी निजले सो सरकारी छाप दस्तखत कीर्ते गरी नागरिकता बनाई कानूनबमोजिम गर्न नहुने कार्य गरी अपराध गरेको कुरामा विवाद देखिएन । यस्तो आपराधिक कार्य गर्नमा यी प्रतिवादीको प्रत्यक्ष तथा परोक्ष रूपमा सँलग्नता रहेको मान्न सकिने अवस्था देखिन आयो । यसरी आफ्नो सक्कली नागरिकतामा बाहेक नक्कली रूपमा तयार गरेको अन्यको नागरिकतामा अर्कै व्यक्तिको फोटो टास्नु, सरकारी कर्मचारीको हस्ताक्षरसमेत अनधिकृत व्यक्तिले गरिदिनु, सरकारी अड्डाको छाप नक्कली रूपमा बनाई उक्त नक्कली रूपमा बनाइएको नागरिकतामा सो छाप लगाउनु र यी प्रतिवादीसमेतको मिलेमतोमा सो नागरिकता बनाइएको र त्यस्तो कार्य गर्नु हुँदैन र त्यस्ता कागजात विना काममा घरमा राख्नु हुदैन भन्ने थाहा जानकारी थियो भनी स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको अवस्थामा यी प्रतिवादीसमेतको मिलेमतोमा सरकारी छाप दस्तखत कीर्ते गरी नक्कली नागरिकता बनाएका रहेछन् भनी यकीन रूपमा भन्न सकिने नै हुँदा प्रतिवादी पुनरावेदक मधुसुदन पुरीलाई १ वर्ष कैद र रू. ५०।- जरीवाना हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल असोज २३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** संवत् २०६७ सालको स.फौ.पु.नं. ०६६-CR-०६३१, कीर्ते जालसाजी, *मधुसुदन पुरी वि. नेपाल बंगलादेश बैंक लि. समेत*

विपक्षीहरूले मेरो नामबाट हस्ताक्षर दस्तखत कीर्ते गरेको हुनाले कीर्ते गरिएको रकम दिलाई भराई विपक्षीहरूलाई सजायसमेत गरी पाउँ भनी फिराद दावी लिएको देखिन्छ । दावी लिएको कुराको प्रमाणभार वादीमै रहने कुरामा विवाद छैन । वादीले आफ्नो दावीको प्रमाणद्वारा पुष्टि गर्न सकेको अवस्था मिसिलबाट नदेखिने ।

यी वादीले प्रत्यर्थी बै.क तथा ऐ. का महाप्रवन्धक र मेनजिङ डाइरेक्टरले कीर्ते जालसाजी गरेको भनी दावी लिएकोमा कुनै ठोस प्रमाण पेश गरी यो यस्तो कागजमा केरथप गरी वा नभएको व्यहोरालाई हो भन्ने पारी यो यसरी कीर्ते जालसाजी गरेको भनी पुष्टि गर्न सकको अवस्था मिसिलसंलग्न कागजातबाट देखिन आएन । प्रत्यर्थी बैंक बैंकिङ कारोवार गर्ने संगठित संस्था भएको र त्यस्तो संगठित संस्था स्वयं कृत्रिम व्यक्ति भएकोले कृत्रिम व्यक्तिले कीर्ते जालसाजी गर्न नसक्ने हुँदा बैंकले कीर्ते गर्‍यो भन्ने प्रतिवादीको कथन मनासिब नदेखिने हुँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटर सेटिङ : भवानी ढुंगाना

इति संवत् २०६९ साल असोज २३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको रिट नं. ०६३-WO-१०७९, प्रतिषेध, उत्प्रेषणयुक्त परमादेशसमेत, *निशा पुरीको संरक्षक भै आफ्नो हकमासमेत मनिष पुरीसमेत वि. मालपोत कार्यालय, डिल्लीबजार काठमाडौसमेत*

मधुसुदन पुरीले विभिन्न बैंकमा रहेको नगद विभिन्न व्यक्तिहरूको चेकको हस्ताक्षर कीर्ते गरी निकाली ठगी गरेकोसमेत ठहरेको अवस्थामा यी निवेदकहरूको भनाइअनुसार त्यो सम्पत्तिमा निवेदकहरूको अंश हक छ भनी अदालतले निर्णय गर्न मिल्दैन । दसीको रूपमा अदालतमा पेश भएको र दसी ठहरी अन्तिम भएर बसेको भई अदालतको तह-तहका फैसलाबाट जफत हुने ठहऱ्याएको सम्पत्तिबाट अंशहक छुट्याई पाऊँ भन्ने मागदावी स्वाभाविक र कानूनसम्मत देखिन आएन । अंशहक पैतृक सम्पत्तिमा मात्र अन्तरभूत रहने कुरा हो । अपराधको प्रतिफलस्वरूप प्राप्त भएको सम्पत्तिमा मूल अंशियारकै हक नहुने अवस्थामा निजका अंशियारको हक हुन्छ भनी भन्न मान्न नमिल्ने ।

अदालतमा दसीको रूपमा पेश भएका नगदी जिन्सी चलअचल सामानहरू ठगी गरेको रकमबाट नै खरीद गरेको भन्ने ठहर भैसकेको अवस्थामा त्यसलाई पैतृक सम्पत्ति मान्न सकिन्न । यस्तो सम्पत्तिमा दसीको रूपमा प्राप्त भएका चीजवस्तुहरूमा पनि रिट निवेदकहरूको अंशहक लाग्ने अवस्था देखिन आएन । यसरी ठगी गरेको रकमबाट खरीद गरेको घर जग्गामा पनि अंशहक माग गर्नु स्वयममा नै अवैधानिक हुन्छ । अवैध कुराबाट वैध हक सिर्जना हुन नसक्ने ।

सक्षम अदालतबाट कानूनबमोजिम अन्तिम फैसला भैसकेपछि सो फैसला अन्यथा नभई कायम रहेको अवस्थामा अर्को सक्षम फैसला कार्यान्वयन गर्ने निकायबाट फैसला कार्यान्वयनको सिलसिलामा गरिएको काठमाडौं जिल्ला अदालतको तहसील शाखाको मिति २०६३।१०।३ को निर्णय पर्चा र सोको आधारमा भएको मालपोत कार्यालय काठमाडौंको मिति २०६४।१।१७ को निर्णयपर्चाबमोजिम विपक्षी बैंकको नाममा दा.खा.दर्ता भएको र उक्त घर खाली गरिदिन भनी बैंकले गरेको पत्राचारबाट यी रिट निवेदकहरुको कानूनी तथा संवैधानिक अधिकारमा आघात पुगेको मान्न नमिल्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटर गर्नेः भवानी ढुंगाना

इति संवत् २०६९ साल असोज २३ गते रोज ३ शुभम् ।

**इजलास नं. ५**

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६८-RC-०११४, कर्तव्य ज्यान *नेपाल सकार वि. मानबहादुर सिँहसमेत*

जुन घरमा भैली खेल्ने क्रममा दुई पक्षबीच झगडा भएको हो उक्त घरका मुख्य रामबहादुर दर्लामीलाई बुझ्दा २०६२।७।१६ गते राति भैली खेल्ने क्रममा प्रतिवादीसमेतका व्यक्तिहरू आफ्नो घर आंगनमा भैली खेलिरहेको अवस्थामा शेरबहादुर मगरसमेतको अर्को टोली पनि आई भैली खेलिरहेको क्रममा झगडा भएको सुनी घर बाहिर आउँदा शेरबहादुर रगताम्मे अवस्थामा पल्टिरहेको थियो । निजलाई कुटपीट गरी हत्या गर्ने टोपबहादुर सिँह समेतका ६ जना व्यक्तिहरू हुन् भनी यी प्रतिवादीहरूउपर किटान गरी कागज गरेको देखिन्छ । मृतकका सहपाठीहरू खम्बबहादुर रोका र भक्तबहादुर पुनसमेत उक्त भैली कार्यक्रममा सरिक भई मृतकसाथ रामबहादुर दर्लामीको घर पुग्दा उक्त स्थानमा अर्को भैली टोली अर्थात् प्रतिवादी पक्षसमेतको पहिल्यैदेखि उपस्थिति भएको दुई पक्षबीच झगडा कुटपीट हुँदा यी शेरबहादुरको मृत्यु भएको भनी खम्बबहादुर रोका र भक्तबहादुर पुनको भनाई समेतबाट प्रतिवादी पक्षबीच र मृतक पक्षबीच कुटपीटको वारदात हुँदा शेरबहादुरको मृत्यु हुन पुगेको भन्ने तथ्य स्थापित हुने ।

तुलबहादुर मगर, रविलाल मगर, प्रेमबहादुर थापाले मौकामा गरेको कागज तथा रामबहादुर दर्लामी र खम्बबहादुर रोकाले अदालतमा गरेको बकपत्रमा समेत प्रतिवादीहरू मानबहादुर सिँह, प्रेमबहादुर सिँह, प्रतापसिँह र टोपबहादुर सिँहले मृतकलाई लाठी प्रहार गरी मारेका हुन भनी मौकामा आफूहरूले लेखाएको व्यहोरा समर्थन हुने गरी अदालतमा गरेको बकपत्र समेतबाट दुबै पक्षहरूबीच कुटपीट भएको र उक्त कुटपीटको कारण शेरबहादुरको घटनास्थलमा नै मृत्यु भएको भन्ने देखिन आएको हुँदा मृतकको मृत्यु यी प्रतिवादीहरू मानबहादुर सिँह, प्रेमबहादुर सिँह, प्रतापसिँह र टोपबहादुर सिँहको कुटपीटको कारणबाट भएको हो भन्ने देखिने ।

प्रतिवादीहरूले लाठी समेतले मृतकउपर प्रहार गर्दा टाउकोमा चोट लाग्न पुगी सोही चोटको कारणबाट शेरबहादुर मगरको मृत्यु भएको पाइयो । कुटपीट गर्ने क्रममा चारै जना प्रतिवादीले मृतकलाई लाठीसमेतले टाउकोमा प्रहार गरेको भन्ने खम्बबहादुर रोका समेतको कागज र बकपत्रबाट खुलेको छ । मृतकलाई मार्ने पूर्व अठोट नै नभएपनि आफ्नो टोली भैली खेलिरहेको स्थानमा मृतक पक्षको भैली टोलीको उपस्थितिले गर्दा घटनाले अर्को रूप लिन पुगेको पाइन्छ । यसैका कारणबाट घटनाले परिवर्तित स्वरूप लिई शेरबहादुर मगरको मृत्यु हुन पुगेको छ । वारदात संयोगवस घटेको भन्ने अवस्था प्रस्तुत वारदातको प्रकृतिले चित्रित गर्दैन । धेरैजना भई चोट माथि चोट छाडिएको कारण मृत्यु हुन पुगेको छ । भैलीको सामान्य विवादमा आपसी सहमतिबाट विवादको निपटारा गरी परिणाम टार्न सक्ने स्थितिमा सोको बेवास्ता गर्दै धेरैजना प्रतिवादी मिली कुटपीट गरेको परिणति शेरबहादुर मगरको ज्यान गएको देखिँदा प्रस्तुत वारदातलाई ज्यानसम्बन्धी महलको ५ नं. मा वर्णित अन्तर्वस्तुको अभावमा भवितव्यको वारदात भन्न मिलेन । प्रस्तुत वारदातको समग्र प्रकृतिको विश्लेषण गर्दा एक पक्षले अर्को पक्षको कुनै खास व्यक्तिलाई मार्ने गरी पूर्व रिसइवीका साथ योजना बनाएको र सोहीअनुरूप कार्य गरेको नदेखिंए पनि आफ्नो पक्ष भैली खेलिरहेको स्थानमा अर्को पक्षको उपस्थितिले आफ्नो कार्यक्रमलाई बाधा हुने देखी आफ्नो कार्यमा दखल पुऱ्याएको भनी तत्काल मार्ने मनयाय राखी मृतक पक्षसँग प्रतिवादी पक्षले विवाद गरी एकापसमा कुटपीट हुँदा शेरबहादुरको मृत्यु भएको देखिँदा प्रस्तुत

वारदातमा ज्यान सम्बन्धीको ५ नं. आकर्षित नभई १३(३) नं. आकर्षित हुने ।

प्रस्तुत वारदातमा संलग्न प्रतिवादीहरूले अपराध गर्दाको स्थिति समेतलाई विचार गरी हेर्दा मुलुकी ऐन अ.बं. १८८ नं. को अन्तर्वस्तुसँग मिलान हुन सक्ने अवस्था छ छैन भनी हेर्नुपर्ने भएकाले सोतर्फ विचार गर्दा यस वारदातमा एक पक्षले अर्को पक्षको कुनै खास व्यक्तिलाई मार्ने गरी पूर्व रिसइवीका साथ योजना बनाएको र सोहीअनुरूप कार्य गरेको देखिएको छैन । आफ्नो पक्ष भैली खेलिरहेको स्थानमा अर्को पक्षको उपस्थितिले आफ्नो कार्यक्रमलाई बाधा हुने देखी आफ्नो कार्यमा दखल पुऱ्याएको भनी मृतक पक्षसँग प्रतिवादी पक्षले विवाद गरी एकापसमा कुटपीट हुँदा सांयोगिक कारणबाट उत्पन्न कार्यको दुष्परिणाम स्वरूप शेरबहादुरको मृत्यु भएको वारदातको प्रकृति र स्वरूपसमेतलाई विचार गर्दा अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्न जाने हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम ५ वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल चैत्र ३० गते रोज ६ शुभम् ।

## एकल इजलास

१

**माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल,** २०६९-WO -०९२७, उत्प्रेषण, *अरुण महतोसमेत वि. हरिहर महतोसमेत*

शुरू जिल्ला अदालतमा दायर रहेको यी निवेदकहरू र विपक्षीहरूमध्येका हरिहर महतोसमेतका व्यक्तिहरू बीच चलेको अंश मुद्दाको कारवाहीको क्रममा मोरङ जिल्ला अदालतबाट यी विपक्षीहरू पहिले नै छुट्टिइ भिन्न भैसकेको भनी तायदाती फाँटवारी नमाग्ने गरी आदेश भएको र सो आदेशउपर यी निवेदकहरू पुनरावेदन अदालत विराटनगरमा अ.वं. १७ नं. को निवेदन लिई जाँदासमेत शुरू जिल्ला अदालतको आदेशलाई नै सदर गरेको अवस्था छ । अ.वं. १७ नं. को अवस्था भनेको मुद्दा मामिलाको कारवाहीको क्रममा भएका आदेशहरू रीत बेरीतको के छ हेर्नेसम्मको अवस्था हो । मुद्दाको औचित्यभित्र प्रवेश गरी निर्णय गर्ने अवस्था होइन । निर्णयमा पुग्न प्रमाण बुझ्ने क्रममा गरिने आदेशले फैसलाको स्थान ग्रहण गर्ने नभई फैसला हुन बाँकी नै रहेको अवस्था हो । मुद्दाको फैसला हुनु अगाडि कारवाहीको क्रममा गरिएको आदेशबाट निवेदकहरूको अंश हक गुम्ने अवस्था नहुने र अंश पाउने नपाउने निर्णय हुन बाँकी नै रहेको र त्यस्तो निर्णयउपर पनि पुनरावेदनलगायतका उपचार प्राप्त गर्न नियमित प्रक्रियाको बाटो अवलम्वन गर्न सक्ने अवस्था समाप्त भैसकेको देखिँदैन । वैकल्पिक मार्ग रहँदारहँदैको अवस्थामा कारवाहीको क्रममा नै रहेको मुद्दामा असर पार्ने गरी असाधारण अधिकारक्षेत्र आकर्षित हुनसक्ने हुँदैन । मुद्दाको फैसलाको क्रममा अदालतले आदेश जारी गर्न नसक्ने भन्ने पनि हुँदैन । आवश्यक ठानेको आदेश जारी गर्न सक्ने नै हुन्छ । यस्तो मुद्दाको फैसला नहुँदैका अवस्थामा तल्लो अदालतको विचाराधीन मुद्दामा माथिल्लो अदालतबाट निर्देशित गर्ने गरी आदेश दिन नमिल्ने ।

वर्तमान अवस्थामा मोरङ जिल्ला अदालतमा विचाराधीन रहेका मुद्दामा सो मुद्दाको कारवाहीको क्रममा तायदाती फाँटवारी नमाँगिएका प्रतिवादीहरूको हकमा पनि निर्णयकर्ताले तायदाती फाँटवारी माग गर्नुपर्ने भएमा सो अदालतबाट पुनः विचार हुनसक्ने अवस्था बाँकी नै रहेको छ अन्तिम भएको देखिन्न । यसरी मुद्दा चल्दाचल्दैका अवस्थामा के कस्तो आदेश जारी गर्नुपर्ने हो वा होइन त्यो मुद्दा हेर्ने अड्डाले नै तय गर्ने हो । सो मुद्दाको निर्णयमा प्रभाव पार्ने गरी हस्तक्षेप गर्ने अवस्था

हुँदैन वा निर्देशित गर्ने गरी मुद्दाको रोहमा आदेश गर्न मिल्ने हुँदैन । त्यसकारण सो आदेश वेरीतको भएको भनी प्रस्तुत रिट निवेदनको रोहमा भन्ने अवस्थासमेत नदेखिँदा चलिरहेको मुद्दाको कारवाहीलाई प्रभावित गर्ने गरी विपक्षीहरूलाई झिकाई निवेदकको मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल चैत्र ११ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-१०३४, उत्प्रेषण परमादेश, *सुदर्शन प्रधान वि. कोमलनाथ सुवेदीसमेत*

फैसलाले न्यायको उद्घोष गरे पनि व्यावहारिक रूपमा न्याय प्राप्तिको लागि फैसलाको समुचित र उचित समयमा कार्यान्वयन हुनु आवश्यक छ । फैसलाबाट न्याय भएको अनुभूति यसको कार्यान्वयनमा निर्भर रहन्छ र कार्यान्वयन अदालतको कानूनी दायित्व तथा कर्तव्य समेत हो । वादीको निवेदन लेखबाट नै आदेशपिच्छे र मुचुल्कैपिच्छे दण्ड सजायको ६१ नं. र अ.वं. १७ नं. बमोजिम निवेदन दिई कार्यान्वयनमा अवरोध सिर्जना गरेको देखियो । फैसलाबमोजिम वादीले भरिपाउने ठहर भएको विगो यी निवेदकले स्वीकार नै गरेका छन् । विगो भरिपाउने वादीको अधिकार हो भने सो भुक्तानी गर्नु यी निवेदकको कानूनी दायित्व हो । आफूले तिर्नु बुझाउनु पर्ने रकम भुक्तानी गर्ने आफ्नो दायित्व विरुद्ध अदालतको प्रत्येक कानूनी कारवाहीलाई अड्चन खडा गरी कार्यान्वयन पक्षलाई अनावश्यक रूपमा लम्ब्याउन खोजेको यी निवेदकको क्रियाकलापबाट नै प्रष्ट छ । फैसला कार्यान्वयनका प्रश्नमा फैसलाप्रतिकूल नै कार्यान्वयन हुन लागेको वा कानूनको ठाडो उल्लंघन नै भई वेरीतको हुन लागेको अवस्थामा बाहेक कार्यान्वयनका क्रममा व्यवधान खडा गर्न अदालत स्वयम् नै उद्यत हुन नमिल्ने ।

एउटै विषयमा दण्ड सजायको ६१ नं. र अ.वं. १७ नं.को प्रयोग पटक-पटक गरी माग्न निवेदक अदालत प्रवेश गरेको देखिन्छ । जसबाट फैसला कार्यान्वयन समयमा हुन नसकेको प्रष्ट छ । यहाँ प्रतिवादीको जेथा लिलाम भएको अवस्था नभई फैसला कार्यान्वयनकै चरणमा अवरोध पुऱ्याउने किसिमले यो रिट निवेदन दायर हुन आएको छ । लेनदेनको फैसलाबमोजिम विगो भराउने कार्य कारवाहीको अवस्थामा रहेको हुँदा फैसलाले ठहर भएको तथा कानूनद्वारा निर्धारित विगो भुक्तान गरेमा यी निवेदकले उन्मुक्ति पाउने अवस्था एकातिर छ भने मूलतः पुनरावेदन अदालत पोखराको मिति २०६९।९।५ को आदेशमा कुनै कानूनी त्रुटि रहे भएको नपाइँदा विपक्षीहरूका नाममा कारण देखाउ आदेशसमेत जारी गरिरहन परेन रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल बैशाख ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-१०९३, उत्प्रेषणयुक्त परमादेश, *रंजीव भासु वि.काठमाडौँ जिल्ला अदालतसमेत*

निवेदक प्रतिवादी विरुद्ध विष्णुमाया गुरुङ्ग समेतको जाहेरीले वादी नेपाल सरकार भएको फौं.नं.८०५/११११ र केदारमान श्रेष्ठ समेतको जाहेरीले वादी नेपाल सरकार भएको फौं.नं.१२२७ को ठगी मुद्दा चली प्रमाणको मूल्याङ्कनसमेत गरी निजले अपराध गरेको पुष्टिसमेत भई साधिकार निकायबाट निवेदकलाई कैद र जरीवाना हुने ठहरी फैसला भई फैसला कार्यान्वयनको क्रममा थुनामा परेपछि ती फैसलाहरूको वैधतामाथि प्रश्न उठाई यी निवेदकका नाउँमा जारी भएका विभिन्न मितिका तामेली म्याद र फैसला बदरको माग गरी प्रस्तुत रिट दायर गरेको देखिन्छ । अभियोगपत्रमा निवेदकको ठेगाना तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स वडा.नं. ४ घर भई हाल काठमाडौं महानगरपालिका वडा.नं.

१६ म्हेपी बस्ने भनी उल्लेख भएको देखिन्छ। सोहीबमोजिमको वतनमा मिति २०६१।२।१८ तथा मिति २०६१।९।१ मा म्याद जारी भई म्याद तामेल भएकोमा निज अदालतमा हाजीर हुन नआएबाट पुनः मिति २०६१।१०।२४ को गोरखापत्र दैनिकमा ३० दिने समाह्वान सूचना प्रकाशित गरिएको अवस्था छ। यसरी राष्ट्रिय दैनिक पत्रिकामासमेत सूचना प्रकाशित भई म्याद सूचना जारी गरी रीत पुऱ्याई गरेको अदालती कामकारवाहीलाई वेरीतको भनी बदर माग गर्नु औचित्यहीन देखिन्छ। जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क को उपनियम १(ख) बमोजिम कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जारी गरिएको म्याद रीतपूर्वक मानिने हुँदा उक्त दैनिक पत्रिकामा प्रकाशित गरिएको म्याद सूचना पाइन, प्रतिवादको मौका दिइएन, वेरीतपूर्वक सूचना तामेल भयो भनी भन्न मिल्ने अवस्था देखिँदैन। अभियोगपत्रमा नै गलत वतन लेखियो भन्ने निजको कथन र चुनौती छैन। अभियोगपत्रमा लेखिएकै वतनमा निजको नाममा भएको तामेली अ.बं. ११० नं. को परिप्रेक्ष्यमा वेरीतको देखिँदैन। त्यसमा पनि राष्ट्रिय दैनिकमा सोही वतन उल्लेख गरी सूचना प्रकाशित भएको छ। निजलाई प्रतिवाद गर्ने मौका नदिऊँ भन्ने अदालतको अभिप्राय कहिल्यै हुँदैन। अदालतले निवेदकका नाममा म्याद तामेलीका लागि गर्नुपर्ने र गर्नसक्ने हदसम्म कार्यविधिको परिपालना गरेको हुँदा काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत पाटनबाट प्रमाणको मूल्याङ्कनसमेत गरी अपराध गरेको पुष्टि भई निवेदकलाई कैद र जरीवाना हुने ठहरी भएको फैसलाको वैधतामा प्रश्न उठाई गोरखापत्रमा प्रकाशित भएको रीतपूर्वकको म्याद सूचनालाई पनि वेरीतपूर्वक तामेल भयो, प्रतिवादको मौका दिइएन सुनुवाई प्राकृतिक न्यायको सिद्धान्तविपरीत भयो भनी कैद र जरीवाना हुने ठहरी भएको फैसलालाई बदर गरिपाऊँ भन्ने निवेदन माग दावी औचित्यहीन देखिएबाट विपक्षीहरूका नाममा कारण देखाउ आदेशसमेत जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत दीपक ढकाल

इति संवत् २०७० साल बैशाख ४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-१०७७, उत्प्रेषण परमादेश, *शिवप्रसाद पाण्डे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरूले घर टहरा बनाई बसोबास गरिआएको जग्गा सार्वजनिक सडक सीमा भित्रको सरकारी जग्गा रहे भएको र त्यस्तो जग्गा अतिक्रमण हुने गरी कुनै किसिमको निमार्ण कार्य, आवाद वा बसोबास प्रयोजनको लागि प्रयोग गर्न नसकिने गरी सार्वजनिक सडक ऐन, २०३१ को दफा १९(१) ले निषेध गरेको अवस्थामा उक्त जग्गामा सडक विभागको स्वीकृति नलिई मापदण्डविपरीत बनाएका त्यस्ता घर, टहरा वा छाप्रो सार्वजनिक सडक ऐन, २०३१ को दफा १९(२) बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना दिई आधिकारिक निकायले भत्काउन सक्ने नै देखियो। निवेदकहरूको निर्विवाद हक कायम भएको सम्पत्तिका हकमा कानूनप्रतिकूल अपहरण भएको अवस्थामा आकर्षित हुने असाधारण अधिकारक्षेत्रभित्र पर्ने यो विषयवस्तु नै नदेखिँदा रिट निवेदनका माध्यमले हक कायम हुन नसक्ने।

निवेदकहरूले सार्वजनिक सडक सीमाको जग्गा अतिक्रमण गरी घर टहरा बनाएका र सडक विस्तार गर्न सडक विभागसमेतले उक्त घर टहरा हटाउनका लागि जारी गरिएको सूचनाबाट यी निवेदकहरूको हकमा आघात परेको देखिन आएन। सार्वजनिक जग्गामा रहेको घर टहरा हटाउन लागेको कार्यलाई कानूनविपरीतको कार्य मान्न नमिल्नुको साथै विपक्षीहरूबाट जारी गरिएको सूचनासमेत कानूनविपरीत नहुँदा विपक्षीहरूका नाममा कारण देखाउ आदेशसमेत गरिरहन नपर्ने।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल बैशाख ४ गते रोज ४ शुभम्।

## पूर्ण इजलासमा पेश हुने

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-०४७०, मोही नामसारी गरिपाऊँ, *राजकिसोर राय वि. मु.स.गर्ने पल्टीदेवीसमेत*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५५ (१) मा शुरू तहले गरेको निर्णयउपर ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्नसक्ने ब्यबस्था गरेको देखिन्छ । तर, उक्त ऐनमा म्याद तारिख थाम्ने सम्बन्धमा कुनै विशेष ब्यबस्था गरेको देखिंदैन । विशेष अदालत ऐन, २०५९ को दफा ११ ले विशेष अदालतमा परेको मुद्दा र सो अदालतले गरेको फैसलाउपर परेको पुनरावेदनमा एक पटकमा बढीमा पन्ध्र दिनसम्मको मात्र म्याद तारिख थाम्ने व्यवस्था गरेको देखिन्छ । उक्त ब्यबस्थाले पुनरावेदन परेपछिको अबस्थालाई मात्र इंङ्गित गरेको जस्तो देखिन्छ । त्यसैगरी भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५३ को बनौट हेर्दा उक्त ऐनअन्तर्गतको मुद्दा मामिलाको कार्यवाही गर्दा अधिकारप्राप्त गाउँ विकास समिति वा नगरपालिका, अदालत वा अधिकारीले विशेष अदालत ऐनको कार्यविधि अपनाउन पर्ने ब्यबस्था गरेको देखिन्छ । उक्त कानूनी ब्यबस्थाबाट शुरू तहमा मात्र विशेष अदालत ऐनको कार्यविधि अपनाउन पर्ने हो वा पुनरावेदन तहमा पनि विशेष अदालत ऐनको कार्यविधि अवलम्बन गर्नुपर्ने हो भन्ने कुरा स्पष्ट उल्लेख हुन सकेको देखिंदैन । यस अदालतबाट *नेकाप* २०६५ अङ्क २, नि.नं. ७९३८ मा *विशेष अदालत ऐन वा अन्य कुनै विशेष कानूनमा पुनरावेदनको म्याद थाम्ने थमाउने स्पष्ट व्यवस्था नभएको अवस्थामा सामान्य ऐनको रूपमा रहेको मुलुकी ऐन, अदालती वन्दोबस्तको ५९ नं. आकर्षित हुँदैन भन्नु न्यायसंगत नभएकोले पुनरावेदनको म्याद गुज्रेमा अ.वं. ५९ नं. अनुसार थाम्न पाउने सुविधा प्राप्त हुने* भनी सिद्धान्त प्रतिपादन भएको समेत देखिन्छ । यस्तो अवस्थामा प्रस्तुत मुद्दामा शुरू तहमा मात्र विशेष अदालत ऐनअन्तर्गतको कार्यविधि आकर्षित हुने हो वा मुद्दाको शुरू कार्यवाहीदेखि अन्तिम तहसम्मको कार्यवाहीमा पनि विशेष अदालत ऐनअन्तर्गतको कार्यविधि आकर्षित हुने हो भन्ने जटिल कानूनी प्रश्न उपस्थित भएको हुँदा प्रस्तुत मुद्दालगायत अदालतमा दायर भैरहेका अन्य यस्तै प्रकृतिका मुद्दाहरूमा पनि असर पर्न सक्ने त्यस्तो महत्वपूर्ण प्रश्नको निरूपण पूर्ण इजलासबाट हुनु उपयुक्त देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) बमोजिम प्रस्तुत मुद्दा निर्णयार्थ पूर्ण इजलासमा पेश गर्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल मंसिर ११ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६६-CI-०४७१, मोहीको स्थायी प्रमाणपत्र बदर, *राजकिशोर राय वि. मु.स. गर्ने पल्टीदेवीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## अन्तरिम आदेश

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा,** रिट नं. ०६९-WO-११३७, उत्प्रेषणसमेत, *निरोज पाण्डे वि. पूर्वाञ्चल विश्वविद्यालयसमेत*

विश्वविद्यालयका कुलपतिबाट निर्णय नै नभएको अवस्थामा यी निवेदक निरोज पाण्डेलाई रजिष्ट्रारको हैसियतबाट काम गर्न नदिने भनी दिइएको मिति २०७०।१।८ को पत्र यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल बैशाख १७ गते रोज ३ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा,** रिट नं. ०६९-WO-११३९, उत्प्रेषणसमेत, *अरुणकुमार झा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

यस अदालतबाट मिति २०६९।९।१७ मा जारी भएको अन्तरिम आदेश यथावत् रहिरहेको अवस्थामा निवेदकलाई पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा कामकाज गर्न खटाउने गरी स्वास्थ्य सेवा विभागबाट मिति २०७०।१।५ मा निर्णय भएको देखिँदा स्वास्थ्य सेवा विभागको उक्त निर्णय र सो आधारमा दिइएको पत्रसमेत यो रिट निवेदनको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनू भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल बैशाख १७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६९-WO-११३१, उत्प्रेषणसमेत, *गोर्खा ब्रुअरी प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त सुरेन्द्र सिलवाल वि. श्रम अदालतसमेत*

प्रत्यर्थी श्रम अदालत र श्रम कार्यालयको निर्णयमा प्रत्यर्थीहरू लामो समयदेखि काम गरेको भन्ने आधारमा स्थायी नियुक्ति दिनु भनी निर्णय गरेको तर सो लामो समय भन्नाले श्रम ऐन, २०४८ को दफा ४(२) मा भएको स्पष्टीकरणमा उल्लेख भएबमोजिम बाह्र महिनाको अवधिमा दुईसय चालीस दिन काम गरेको छ, छैन भन्ने आधारमा नियुक्ति गर्नुपर्नेछ भन्ने उल्लेख गरेकोमा उक्त कुरा श्रम अदालतको फैसलाबाट नदेखिएकोले उक्त ऐनको दफा ४(२) को अवस्था स्पष्ट रूपमा स्थापित भएको नदेखिएकोले सो फैसला कार्यान्वयन गर्दा निवेदकलाई सुविधा सन्तुलनको दृष्टिले मर्का पर्नसक्ने हुँदा प्रस्तुत रिटको अन्तिम टुङ्गो नलागेसम्म उक्त फैसला कार्यान्वयन नगर्नु, नगराउनू भनी प्रत्यर्थीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल बैशाख २७ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६९-WO-११६३, उत्प्रेषणसमेत, *पर्सा जिल्लास्थित कृष्ण खाद्य उद्योगकोतर्फबाट अख्तियारप्राप्त प्रोप्राइटर सरितादेवी कलवार वि. नेपाल विद्युत प्राधिकरण के.का.समेत*

निवेदकले नेपाल विद्युत प्राधिकरण, वीरगञ्ज वितरण केन्द्रबाट मिति २०६९।९।२४ र मिति २०६९।११।३० मा जारी भएको हानि नोक्सानी तथा क्षतिपूर्तिको रकम बुझाउन ल्याउनेबारेको सूचना पुनरालोकनको लागि मिति २०६९।१२।४ मा निवेदन दिएको छु भनी उल्लेख गरेको देखिएकोले सोमा निर्णय नभएसम्म नेपाल विद्युत प्राधिकरण, वीरगञ्ज वितरण केन्द्रको च.नं. १५२६ मिति २०६९।११।३० को पत्रसमेत कार्यान्वयन गरिएमा निवेदकलाई सुविधा सन्तुलनको दृष्टिले मर्का पर्नसक्ने देखिँदा प्रस्तुत रिटको अन्तिम टुङ्गो नलागेसम्म उक्त पत्र कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल बैशाख २७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६९-WO-११३४, उत्प्रेषण, *उपेन्द्रराज गौतमसमेत वि. ऊर्जा मन्त्रालयसमेत*

प्रारम्भिक रूपमा हेर्दा मिति २०६९।६।१५ को दस्तूरसम्बन्धी सूचनालाई भूतलक्षी स्वरूप दिइएको नपाइएबाट निवेदकले मिति २०६९।२।८ को निवेदनअनुसार मिति २०६९।२।१० मा दस्तूर दाखिल गरेको देखिएको भई सोही अवस्थामा कायम कानूनअनुरूप हुनेपर्नेमा मिति २०६९।६।१५ को सूचनाअनुसार बढी दस्तूर माग गरिएको विपक्षीहरूको कामकारवाही निर्णय सो हदसम्म कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल बैशाख १३ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६९-WO-११३५, उत्प्रेषणसमेत, *जेवरी कलवार वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

जिल्ला सर्लाही विष्णुपुर वडा नं. ४(क) विवादित कि.नं. ७५१ को ०-०-६-३ जग्गा रिट निवेदनसाथ संलग्न मिति २०६६।१।२२ को राजीनामा तथा जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रतिअनुसार निवेदिकाको नाममा दर्ता रहेको भन्ने देखिएकोले सुविधा सन्तुलन निवेदिकाको पक्षमा विद्यमान देखिँदा यो निवेदनको टुङ्गो नलागेसम्म निवेदिकाको नामको दर्तालाई बदर गर्ने गरी भएको विपक्षी नापी विभागको मिति २०६९।१२।२५ को निर्णय र सो निर्णयअनुसारको पत्र कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूको नाममा यो अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल बैशाख १६ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६९-WO-११७०, उत्प्रेषणयुक्त परमादेश, *अशेष रेग्मी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदक हाल स्वास्थ्य सेवाको सातौं तहको अधिकृत कर्मचारी भएको देखिन्छ । स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० बमोजिम अधिकृत स्तरको कर्मचारीलाई सम्बन्धित मन्त्रालयले काजमा खटाउन सक्नेमा निवेदकलाई स्वास्थ्य सेवा विभागले मिति २०६९।१२।२६ को निर्णय एवं पत्रबाट जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरमा कामकाज गर्न खटाएको र उक्त मिति २०६९।१२।२६ को पत्रमा निवेदकको दरबन्दी पदस्थापना र तलव भत्ता खाने कार्यालयसमेत उल्लेख भएको नदेखिँदा प्रस्तुत रिटको अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई काजमा खटाउने गरी स्वास्थ्य सेवा विभागबाट मिति २०६९।१२।२६ मा भएको उक्त निर्णय एवं कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल बैशाख २४ गते रोज ३ शुभम् ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RE-०३६४, लागू औषध गाँजा, *नेपाल सरकार वि. बालेश्वरप्रसाद यादव*

मिति २०६८।४।७ मा भएको बरामदी मुचुल्काबाट २६० के.जी. लागू औषध गाँजा प्रतिवादी बालेश्वरप्रसाद यादवको घरको कोठाबाट बरामद भएको भन्ने देखिएको र सो घर आफ्नो भएको भनी बरामदी मुचुल्कामा निज प्रतिवादीले सहीछापसमेत गरेको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दासमेत उक्त घर कोठा आफ्नो होइन भनी भन्न नसकेको अवस्थामा शुरू पर्सा जिल्ला अदालतले प्रतिवादी बालेश्वर यादवलाई पुर्पक्षका लागि थुनामा राख्ने गरी मिति २०६८।६।४ मा आदेश गरिसकेपछि दाताबाट मिति २०६७।२।४ मा प्रतिवादी बालेश्वरप्रसाद यादवले खरीद गरेको घरको लिखतको प्रमाणित प्रतिलिपि भनी मिति २०६८।८।१४ मा कारागारमार्फत् पठाइएको पाइन्छ । यस अदालतबाट सो लिखतको मालपोत कार्यालयमा रहेको मूलप्रति नै झिकाइएबाट सो लिखतसमेत अवलोकन गरियो । आफूले लिखत पारीत गरी खरीद गरिसकेको घरका हकमा बैना मात्र भएको भन्नु, लागू औषध बरामद भएको कोठा दाताकै भोगमा रहेको कुरा लिखतमा लेखिएको अदालतमासमेत नभन्नु र लिखत पेशसमेत नभएको सन्दर्भसमेतका कारणबाट पर्सा जिल्ला अदालतले मिति २०६८।६।४ मा गरेको आदेश मनासिब देखिएकोमा सो आदेश बदर गरी प्रतिवादीलाई तारिखमा राख्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।९।१४ मा भएको आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ । अब प्रतिवादी बालेश्वरप्रसाद यादवलाई अ.बं. ११८(२) नं.

बमोजिम पुर्पक्षको लागि थुनामा राखी मुद्दाको कारवाही प्रक्रिया अघि बढाउनू ।

इति संवत् २०७० साल बैशाख २० गते रोज ६ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा,** नि.नं. ०६९-AP-०२१७, गुठी निर्णय बदर, *भोला चापागाईं वि. गुठी संस्थान केन्द्रीय कार्यालयसमेत*

अड्डाबाट पुनरावेदन म्याद दिँदैमा पुनरावेदन गर्ने अधिकार नहुने र ऐनले पुनरावेदन गर्न पाउने अधिकार दिएकोमा पुनरावेदनको म्याद नदिए पनि निजको पुनरावेदन गर्न पाउने अधिकार यथावत् कायमै रहने हुँदा यी निवेदकले पुनरावेदनपत्र र दोहोऱ्याई पाउने निवेदन लिएर आएकोमा पुनरावेदनपत्र दर्ता गरी दोहोऱ्याई पाउने निवेदन दरपीठ गर्ने गरेको यस अदालतका सहरजिष्ट्रारबाट भएको मिति २०६९।८।५ को दरपीठ आदेश मिलेको नदेखिँदा बदर हुने ।

इति संवत् २०७० साल बैशाख १७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६९-RE-०२२२, ज्यान मार्ने उद्योग र डाँका, *सुरेशप्रसाद यादव वि. नेपाल सरकार*

यी निवेदक प्रतिवादीउपर ज्यानसम्बन्धी महलको १५ नं. र चोरीको ६ नं. को कसूरमा शुरू बारा जिल्ला अदालतमा मुद्दा दायर भई पुर्पक्ष हुँदा निवेदकले थुनामा रही मुद्दा पुर्पक्ष गरेकोमा उक्त मुद्दा शुरू जिल्ला अदालतबाट फैसला हुँदा निजले सफाइ पाउने ठहरी फैसला भएकोमा उक्त फैसला पुनरावेदन अदालत, हेटौंडाबाट उल्टी भई यी प्रतिवादी सुरेशप्रसाद यादवलाई कैद वर्ष ६ र जरीवाना रू. ५१,०००।- हुने ठहरी फैसला भएको देखिन्छ ।

मुलुकी ऐन, अ.बं. १९४ नं. को देहाय २ मा "पुनरावेदन सुन्ने अड्डाले भए पुनरावेदन गर्ने म्यादसम्मलाई र पुनरावेदन दर्ता भएकोमा किनारा नभएसम्मलाई बढीमा १० वर्षसम्म कैदको सजाय भएकोमा र पुर्पक्षलाई थुनामा राख्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा धरौट वा जमानीमा छाड्न सक्नेछ" भन्ने उल्लेख छ । उक्त कानूनी व्यवस्थाअनुसार यी निवेदक प्रतिवादी थुनामा रही मुद्दा पुर्पक्ष गरेको अवस्था हुँदा अ.बं. १९४ न. बमोजिम सुविधा प्रदान गर्न मिलेन भनी यस अदालतका सहरजिष्ट्रारबाट मिति २०६९।११।२१ मा भएको दरपीठ आदेश मिलेकै देखिँदा परिवर्तन गर्नु नपर्ने ।

इति संवत् २०७० साल बैशाख २७ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६९-AP-०४०५, उत्प्रेषणसमेत, *अधिवक्ता ओमप्रकाश अर्याल वि. राष्ट्रपतिको कार्यालय शितल निवाससमेत,*

निवेदक अधिवक्ता ओमप्रकाश अर्यालले प्रत्यर्थी राष्ट्रपतिको कार्यालय समेतलाई विपक्षी बनाई दर्ता गर्न ल्याएको उत्प्रेषणको रिट निवेदनलाई यस अदालतका रजिष्ट्रारले दर्ता नगरी ०६८-WS-०००९ को भीमसेन पोखरेल विरूद्ध व्यवस्थापिका संसद सचिवालय समेत भएको उत्प्रेषणसमेतको रिटमा यस अदालत विशेष इजलासबाट मिति २०६९।९।५ मा भएको आदेश समेतलाई आधार मानी सार्वजनिक हक वा सरोकारको विवादको विषयमा रिट दर्ता गर्दा रिट दिनुपूर्व सम्वन्धित निकाय वा पदाधिकारीलाई सार्वजनिक सरोकारको निवेदन दर्ता गराउन लागेको जानकारी गराउनुपर्नेमा सो प्रक्रिया अवलम्वन नगरेकोले उक्त फैसला वा आदेशमा भएको प्रक्रिया अवलम्वन गरेको प्रमाण सामेल गरी रिट दर्ता गर्न ल्याएमा सोही बखत निर्णय हुने गरी उक्त रिट निवेदन निवेदकलाई फिर्ता दिनु भनी दरपीठ भएको देखिन्छ ।

रजिष्ट्रारको आदेशमा उल्लेख भएको सो ०६८-WS-०००९ को रिट निवेदनमा भएको विशेष इजलासको सो निर्णय हेर्दा "संविधानको धारा १०७(१) अन्तर्गत दर्ता हुन आउने निवेदनहरू र सोही उपधारा २ बमोजिम दर्ता हुन आउने सार्वजनिक सरोकारको विवादसँग सम्वन्धित निवेदनहरू दर्ता गर्दा र तिनको सुनुवाई गर्दा

अपनाउनु पर्ने प्रक्रियाका बारेमा निम्नबमोजिमका व्यवस्थाहरू र अन्य प्रासांगिक व्यवस्थाहरू सर्वोच्च अदालत नियमावली, २०४९ मा समावेश गर्ने गराउने गरी सो नियमावलीमा आवश्यक संशोधन गर्नेतर्फ पहल गर्नु भनी यस अदालतको रजिष्ट्रारको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ" भनी सो आदेशको देहाय (क) र (ख) मा केही व्यवस्थाहरू प्रस्ताव गरिएको उक्त विशेष इजलासको निर्णयबाट देखिन्छ। सोमध्ये देहाय (ख) को खण्ड (२) मा "सार्वजनिक सरोकारको विवादको विषयमा यस अदालतमा निवेदन दिनुपूर्व सो विषयको कामकारवाही गर्नुपर्ने वा गर्नु नपर्ने कर्तव्य भएको निकाय वा पदाधिकारीसमक्ष आवश्यक उपचारको लागि निवेदन दिनुपर्ने र त्यसरी निवेदन दिएकोमा सो प्रक्रियामा अनुचित विलम्व भई वा सो प्रक्रिया निष्प्रभावी भई यस अदालतमा उपचार माग गर्नु परेको भए सो कुरा निवेदनमा खुलाउनु पर्नेछ" भन्ने तथा खण्ड (३) मा "यस अदालतमा निवेदन दिनुपूर्व निवेदकले सम्वन्धित पदाधिकारी वा निकायसमक्ष सो कामकारवाही गरे वा नगरेउपर यस अदालतमा सार्वजनिक सरोकारको विषयमा निवेदन दर्ता गराउन लागेको कुराको जानकारी गराई त्यसको प्रमाण समेत निवेदनसाथ पेश गर्नु पर्नेछ" भन्ने समेत उल्लेख भएको देखिन्छ।

यसरी उक्त विशेष इजलासबाट सार्वजनिक सरोकारको विवाद समावेश भएको रिट दर्ता गर्ने सम्वन्धमा केही खास कानूनी व्यवस्था गर्न आवश्यक सम्झी तदनुरूप सर्वोच्च अदालत नियमावली, २०४९ मा उक्त व्यवस्थाहरू संशोधन गर्न गराउनको लागि पहल गर्नु भनी मात्र रजिष्ट्रारको नाउँमा निर्देशनात्मक आदेश जारी भएको देखिन्छ। तर रजिष्ट्रारले सो निर्देशनबमोजिम नियमावलीमा आवश्यक संशोधनका लागि पहल नगरी र नियमावलीमा तदनुरूप संशोधन नहुँदै आफ्नो नाउँमा परमादेश जारी भए सरह तत्काल लागू नहुने सो निर्देशनलाई व्यवहारमा पालना गरी सो रिट निवेदन फिर्ता गरेको देखिन्छ। यस अदालतमा दर्ता हुन आएको रिट प्रचलित कानूनबमोजिम नै दर्ता हुने वा नहुने निर्णय गर्न रजिष्ट्रारलाई सर्वोच्च अदालत नियमावली, २०४९ ले अख्तियार दिएकोमा विशेष इजलासले सो नियमावलीमा संशोधन गर्नु भनी निर्देशन दिएको कुरालाई संशोधन भैसकेको सम्झी तुरून्त लागू गरी निवेदकले दर्ता गर्न ल्याएको उक्त रिट दर्ता नगरी फिर्ता दिएको कार्य कानूनअनुकूल नदेखिँदा रजिष्ट्रारको मिति २०७०।१।२३ को आदेश बदर गरिदिएको छ। अब निवेदकले दर्ता गर्न ल्याएको रिट कानूनको रीत पुगेको भए दर्ता गरी अरूमा कानूनबमोजिम गर्नू।

इति संबत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-AP-०३९४, उत्प्रेषणसमेत, *रामराजा शिवाकोटी वि. न्याय परिषद्समेत*

निवेदकले दर्ता गर्न ल्याएको रिट निवेदनमा उठाइएको विषयवस्तु अध्ययन गर्दा सर्वोच्च अदालतमा स्थायी न्यायाधीशको स्थान रिक्त हुँदाहुँदै अस्थायी न्यायाधीश नियुक्त हुनसक्ने नसक्ने कुरा उठाइएको र सो विषय नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०२(५) लाई मध्यनजरमा राखी न्यायिक निरुपण गर्नुपर्ने विषय रहेको देखिँदा यस अदालतका रजिष्ट्रारबाट मिति २०७०।१।४ मा भएको दरपीठ आदेश बदर हुने।

इति संवत् २०७० साल बैशाख २४ गते रोज ३ शुभम्।

## अदालत गतिविधि

### कानून दिवस, २०७० वैशाख २६ गतेको अवसरमा सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दामोदरप्रसाद शर्माले दिनुभएको शुभकामना सन्देश

कानून दिवस, २०७० को पुनित अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वि.सं. २००८ सालमा नेपाल प्रधान न्यायालय ऐन निर्माण भई लागू हुनुलाई समग्र न्याय जगतले उच्च महत्वका साथ स्मरण गर्दै आएको छ । सोही समयदेखि नै नेपालमा स्वतन्त्र एवं आधुनिक न्यायपालिकाको जग बसी हालको अवस्थामा आइपुगेको हो । स्वतन्त्र न्यायपालिकाको स्थापना भई यसको व्यावहारिक कार्यान्वयन पश्चात् नै नेपालमा प्रभावकारी रूपमा कानूनी शासनको स्थापना, मानव अधिकार एवं लोकतान्त्रिक मूल्य मान्यताहरूको संरक्षण एवं सम्वर्द्धन भई समग्र न्यायपालिकीय कार्य दण्डहीनताको अन्त्य गर्नेतर्फ उन्मुख हुन पुगेको अवस्था छ । यस्ता सकारात्मक कार्यमा समर्पित न्यायपालिकालाई भावी दिनमा थप उत्साह एवं प्रेरणा प्राप्त भई रहोस् भन्ने उद्देश्यका साथ हामीले हरेक वर्ष वैशाख २६ गतेलाई कानून दिवसको रूपमा मनाउँदै आएको जानकारी गराउन पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

न्यायपालिकालाई स्वतन्त्र एवं सक्षम तुल्याउन न्यायपालिकालगायत यसका सरोकारवालाहरूले पटक पटक संघर्ष गर्दै आउनु परेको इतिहास छ । विगतमा न्यायपालिकीय स्वतन्त्रतामाथि अंकूश लगाउने प्रयत्नहरू नभएका होइनन, तर लोकतान्त्रिक मूल्य मान्यताको जगेर्नाका लागि न्यायपालिकाको स्वतन्त्रतालाई विकल्परहित मान्यताको रूपमा स्थापना गर्ने अभियानमा लाग्नु भएका हाम्रा अग्रज न्यायकर्मी, कानून व्यवसायी, कर्मचारी, पत्रकारलगायत सबै नेपाली जनताको योगदानको कारण नै आज न्यायपालिका स्वतन्त्र एवं सक्षम रूपमा स्थापित हुन पुगेको अवस्था छ । यस पुनित अवसरमा म ती सबै अग्रजहरूको अमूल्य योगदानको पुनः स्मरण गर्न चाहन्छु । साथै भावी दिनमा आफ्नो स्वतन्त्रतालाई अक्षुण्ण राख्दै संविधान एवं कानूनद्वारा तोकिएको जिम्मेवारी पूरा गर्न नेपाली जनताको मौलिक एवं मानव अधिकारको रक्षा गरी मुलुकमा कानूनी शासनको प्रवर्द्धन गर्न न्यायपालिका सतत् प्रयत्नशील रहने विश्वास पनि दिलाउन चाहन्छु ।

संविधान सभा निर्वाचन सम्पन्न गर्न प्रधान न्यायाधीशको अध्यक्षतामा मन्त्रिपरिषद् गठन भएका कारण न्यायपालिकाको स्वतन्त्रताउपर आँच आउने हो कि भनी विभिन्न क्षेत्रबाट चासो एवं चिन्ताहरू व्यक्त गरिदै आएको आजको अवस्थाको सन्दर्भमा पनि केही कुरा राख्न चाहेको छु। विगत एवं वर्तमानको कार्यसम्पादनबाट स्वतन्त्र न्यायपालिकाका मूल्य मान्यताको जगेर्ना गरी न्यायपालिकालाई स्वतन्त्र तुल्याउन न्यायपालिका सक्षम भइरहेको अवस्था, सशक्त बार, प्रभावकारी सञ्चार जगत, चेतनशील नागरिक समाज एवं जनाधारयुक्त राजनीतिक दल जस्ता लोकतान्त्रिक संस्थाहरूको निरन्तर खवरदारीको कारण कहिँकतैबाट वा कसैद्वारा नेपालको न्यायपालिकाको

स्वतन्त्रतामा आंच पुग्नसक्ने अवस्था सोच्न पनि सकिदैन । नेपालको न्यायपालिकाले इतिहास र वर्तमानमा समेत कसैको प्रभाव वा दवाबमा काम गरेको छैन तथा भविष्यमा पनि दबाव वा प्रभावमा न्याय सम्पादनको कार्य नहुने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा (४) मा रहेको प्रधान न्यायाधीश सर्वोच्च अदालतमा उपस्थित नहुने अवस्था परेमा सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीशले कायम मुकायम प्रधान न्यायाधीश भई काम गर्ने संवैधानिक व्यवस्थाले पनि मन्त्रिपरिषद्को अध्यक्षता गरिरहनु भएका प्रधान न्यायाधीशले मन्त्रिपरिषद्को अध्यक्षको हैसियतले अन्तरिम संविधान, २०६३ अनुसार न्यायपालिकाको स्वतन्त्रता कायम राख्न न्यायपालिकालाई पुऱ्याउनु पर्ने सहयोग र निर्वाह गर्नुपर्ने दायित्व बाहेक अध्यक्षको पदभार ग्रहण गर्दाको अवस्थासम्म न्यायपालिकामा वहांको कुनै पदीय हैसियत कायम नरहेको र वहाँबाट त्यस्तो कुनै कार्य हुनसक्ने सम्भावना नरहेको व्यहोरा पनि सम्वद्ध सवैमा अनुरोध गर्दछु ।

संविधान एवं कानूनद्वारा न्यायपालिकालाई सुम्पिएको गहनतम् जिम्मेवारी पूरा गर्न न्यायपालिका सदैव संवेदनशील रहिआएको छ । यसक्रममा छिटो, छरितो, सहज एवं सुलभ ढंगबाट न्याय प्राप्त गर्ने अधिकारलाई प्रभावकारी तुल्याउन जनताले सशक्त न्यायपालिकीय भूमिकाको अपेक्षा गरेको हामीले महसूस गरेका छौं । यो जनअपेक्षालाई आफ्नो लक्ष्य एवं उद्देश्य मानी यसलाई साकार रूप दिन न्यायपालिका रणनीतिक योजनाका साथ दृढतापूर्वक कार्यक्षेत्रमा लागिरहेको यहाँहरूमा विदितै छ । तर व्यवहारिक अभ्यासका क्रममा केवल एक्लो न्यायपालिकीय प्रयास मात्र पर्याप्त नहुने अनुभवका आधारमा आफ्नो लक्ष्य एवं उद्देश्य पूरा गर्न न्यायपालिकाले सरोकारवाला व्यक्ति, संस्थालगायत समस्त नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूको थप एवं प्रभावकारी सहयोग अपरिहार्य ठानेको छ । सदा झै न्यायपालिकालाई यहाँहरूको भरपुर सहयोग प्राप्त हुने अपेक्षा पनि गरेको छु ।

**अन्त्यमा,** स्वतन्त्र न्यायपालिकाको मूल्य एवं मान्यताहरूलाई अक्षुण्ण कायम राखी जनताको अपेक्षाअनुरूप लोकतान्त्रिक मूल्य मान्यता र कानूनी शासन प्रवर्द्धन गर्न न्यायपालिका कार्यक्षेत्रमा लागिरहने विश्वास प्रकट गर्दै हामी सवैका भावी कदम यिनै विषयहरूतर्फ उन्मुख रहनु पर्दछ भन्ने मान्यताका साथ कानून दिवस, २०७० को उपलक्ष्यमा पुनः शुभकामना व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद !**

# सर्वोच्च अदालतबाट जारी गरिएको प्रेस विज्ञप्ति

कान्तिपुर दैनिक, नागरिक दैनिक, राजधानी दैनिक, नयाँ पत्रिकालगायतका पत्रिकाहरूमा क्रमश: पत्रकारलाई निषेध, खुला इजलासमा पत्रकार निषेध, अदालती समाचार संकलनमा रोक, इजलासमा पत्रकार निषेध शीर्षक दिई प्रकशित समाचारप्रति सर्वोच्च अदालतको गम्भीर ध्यानाकर्षण भएको छ । उल्लिखित पत्रिकाहरूमा समाचार प्रकाशित भएअनुसार सर्वोच्च अदालतबाट पत्रकारहरूलाई खुला इजलास प्रवेश र अदालती समाचार प्रकाशनमा रोक नलगाईएको व्यहोरा स्पष्ट गर्न चाहन्छु । इजलासको सुरक्षा र मर्यादालाई मनन गर्दै अदालतको काम कारवाही सुचारु रूपमा सञ्चालन गरी न्यायपालिकालाई सुम्पिएको जिम्मेवारी निष्पक्ष, छिटोछरितो र प्रभावकारी रूपमा निर्वाह गर्ने क्रममा इजलास तथा शाखाहरूमा पत्रकारहरूको प्रवेशलाई व्यवस्थित गर्न खोजिएको सम्म हो । पत्रकारहरूको अदालत प्रवेशलाई व्यवस्थित गर्ने क्रममा सर्वोच्च अदालतले सूचना संकलनको लागि खटिएका पत्रकारहरूलाई वितरण गरिएको पुरानो पासलाई खिची सम्बन्धित इजलासमा सहज प्रवेश गर्न पाउने गरी अलग्गै पास उपलब्ध गराउने भनी यस पूर्व नै सर्वोच्च अदालत प्रशासनबाट पत्रकारहरूलाई मौखिक जानकारी गराई सकिएको र सोअनुरूपको व्यवस्था मिलाइसकिएको छ । न्यायिक सूचना संकलनमा खटिने पत्रकारहरूको सुविधाको लागि अन्य न्यायिक सूचनाहरू सर्वोच्च अदालतका प्रवक्ता तथा सहायक प्रवक्तामार्फत् सहज रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइएको व्यहोरा समेत स्पष्ट गर्न चाहन्छु । सर्वोच्च अदालत प्रेस स्वतन्त्रताको पूर्ण सम्मान गर्न र न्यायिक सूचनाहरू सहज तवरले उपलब्ध गराउन सदा तत्पर रहेको व्यहोरा समेत जानकारी गराइन्छ । सही, यथार्थ र आधिकारिक सूचना प्रवाह गरी सूचनाको हकको प्रवर्द्धन गर्ने गहन जिम्मेवारी निर्वाह गर्नुपर्ने दायित्व बोकेका जिम्मेवार पत्रिकाहरूले हुँदै नभएको असत्य, कपोलकल्पित र भ्रामक समाचार प्रकाशन गरी सर्वसाधारणलाई भ्रमित गर्ने, सर्वसाधारणको आस्थाको धरोहर न्यायपालिकाप्रतिको जनआस्थालाई कमजोर पार्ने, स्वतन्त्र न्यायपालिकालाई कमजोर बनाउने, न्यायपालिकाप्रति अविश्वासको वातावरण सिर्जना गर्ने यस्ता समाचारहरूप्रति कुनै सत्यता नभएको व्यहोरा स्पष्ट गर्न चाहन्छु । अत: जबाफदेही र जिम्मेवार पत्रिकाहरूले न्यायालयको स्वतन्त्रता, सुरक्षा, इजलासको मर्यादा, न्यायालयको गौरव र गरिमा अभिबृद्धि गर्न, न्यायालयको प्रभाबकारिता सुनिश्चित गर्न र न्यायपालिकालाई आफ्नो जिम्मेवारी सहज रूपमा निर्वाह गर्ने वातावरण सिर्जना गर्न रचनात्मक भूमिका निर्वाह गर्दै सही र यथार्थ सूचना प्रवाह गरी स्वतन्त्र प्रेसले निर्वाह गर्नुपर्ने धर्म निर्वाह गर्न अनुरोध गर्दै जनमानसमा भ्रम सिर्जना गर्ने खालका यस्ता समाचारहरूप्रति कुनै सत्यता नभएको व्यहोरा प्रेस विज्ञप्तिमार्फत् स्पष्ट गरिएको छ ।

श्रीकान्त पौडेल
प्रवक्ता
सर्वोच्च अदालत

मिति २०७०।०१।२०६

# पत्रकारहरूको प्रवेश पास सम्बन्धी सर्वोच्च अदालतको सूचना

सर्वोच्च अदालतमा समाचार संकलनका लागि दिनहुँ आउने पत्रकारहरूको प्रवेशलाई व्यवस्थित गर्ने उद्देश्यले सर्वोच्च अदालतले देहायबमोजिमका राष्ट्रिय दैनिक पत्रिकाका संवाददाताहरूलाई सर्वोच्च अदालत प्रशासनबाट प्रवेश पास उपलब्ध गराइएको छ र अदालतमा रिपोर्टिङ्गका लागि कहिले काहीँ आउने अन्य छापा तथा विद्युतीय सञ्चार माध्यमका संवाददाताहरूका लागि सम्बन्धित संचार संस्थाले दिएको परिचयपत्रको आधारमा सर्वोच्च अदालतको मूल प्रवेशद्वारमा रहेको सुरक्षा युनिटबाट उपलब्ध गराइने प्रवेश पासको आधारमा इजलासमा प्रवेश दिने व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

अन्य असम्बन्धित व्यक्तिहरूको प्रवेश निषेध गरिएको सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूको निजी च्याम्बरमा केही दिन पहिले पत्रकार प्रवेश गरी विवाद गरेको विषयले अदालतको हालको सुरक्षा व्यवस्थामा पुनर्व्यवस्थापन गर्नुपर्ने आवश्यकता महसूस गरी सर्वोच्च अदालतले पत्रकारहरूको अदालत प्रवेशलाई व्यवस्थित गर्ने उद्देश्यले नयाँ प्रवेश पासको व्यवस्था गर्दा केही दिन पत्रकारहरूको प्रवेशमा केही असजिलो हुन गएको भए पनि कुनै पनि पत्रकारहरूलाई अदालत प्रवेशमा कहिल्यै रोक नलगाइएको र त्यसरी रोक लगाउने अदालतको कुनै नीति पनि नभएको व्यहोरा यसै सूचनाद्वारा सबैमा जानकारी गराइन्छ ।

अदालतको स्वतन्त्रता, मर्यादा, सुरक्षा संवेदनशिलता र व्यवस्थापकीय सुधारका लागि सर्वोच्च अदालतबाट जारी गरिएको यस किसिमको प्रवेश पाससम्बन्धी व्यवस्थालाई संवद्ध सबैले सकारात्मक रूपमा लिई पत्रकारहरूबाट सदाझैं यस कार्यमा पनि अदालतलाई सहयोग गर्न र अदालतका कामकारवाहीहरू प्रति बढी संवेदनशील भई जिम्मेवार र मर्यादित ढंगबाट सही, यथार्थ र सत्य तथ्य समाचारहरू सम्प्रेषण गर्न सम्बद्ध सबै पत्रकारहरूमा यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**हालसम्म प्रवेशपास जारी गरिएका पत्रकारहरूको नामावली**

१. श्री शोभा शर्मा - हिमालय टाईम्स दैनिक
२. श्री दुर्गा दुलाल - कारोबार दैनिक
३. श्री चेतबहादुर सिँह - कान्तिपुर दैनिक
४. श्री उत्तरा घिमिरे - अभियान दैनिक
५. श्री गनी अन्सारी - दि रिपब्लीका अंगेजी दैनिक
६. श्री मदन गौतम -राष्ट्रिय समाचार समिति (रा.स.स)
७. श्री नारायण काफ्ले - नयाँ पत्रिका दैनिक
८. श्री लीलाधर उपाध्याय - दि राईजिङ नेपाल अंग्रेजी दैनिक
९. श्री प्रणव खरेल - दि काठमाडौं पोष्ट अंग्रेजी दैनिक
१०. श्री विकास भट्टराई - नेपाल समाचार पत्र
११. श्री दिनेश गौतम - नागरिक दैनिक
१२. श्री डिल्ली आचार्य - राजधानी दैनिक
१३. श्री घनश्याम खड्का - कान्तिपुर दैनिक
१४. श्री कुमार विवेकानन्द मिश्र - गोरखापत्र राष्ट्रिय दैनिक
१५. श्री अनन्तराज लुईटेल - दि हिमालयन टाईम्स अंग्रेजी दैनिक
१६. श्री यम विरही - अन्नपूर्ण पोष्ट

**सर्वोच्च अदालत**
प्रशासन शाखा